# इन्द्र सुन्दासका ‘जुनेली रेखा’ र ‘सहारा’ उपन्यासमा सामाजिक चित्रण

**(लघुशोधप्रबन्ध)**

सिक्किम विश्वविद्यालय

(स्थापित-२००७)

सिक्किम विश्वविद्यालय भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली बिषयको एमफिल पाठ्यक्रमको आंशिक परिपूर्तिको प्रयोजनका निम्ति प्रस्तुत लघुशोधप्रबन्ध

शोधार्थी

सन्तोष दर्जी

नेपाली विभाग

भाषा अनि साहित्य सङ्काय

सिक्किम विश्वविद्यालय

फरवरी २०१९

# इन्द्र सुन्दासका 'जुनेली रेखा' र 'सहारा' उपन्यासमा सामाजिक चित्रण

## (लघुशोधप्रबन्ध)

सिक्किम विश्वविद्यालय

(स्थापित-२००७)

सिक्किम विश्वविद्यालय भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली बिषयको एमफिल पाठ्यक्रमको आंशिक परिपूर्तिको प्रयोजनका निम्ति प्रस्तुत


| शोधनिर्देशकः | शोधार्थीः |
| --- | --- |
| प्रतापचन्द्र प्रधान | सन्तोष दर्जी |
| प्राद्यापक | पञ्जीकरणः१७/M.Phil/NEP/०१ |
| नेपाली विभाग | नेपाली विभाग |
| सिक्किम विश्वविद्यालय | सिक्किम विश्वविद्यालय |


फरवरी २०१९

सिक्किम विश्वविद्यालय
(भारतके संसदके अधिनियमद्वारा स्थापित केन्द्रीय विश्वविद्यालय)
SIKKIM UNIVERSITY
[A central university established by an Act of Parliament of India in 2007]

o/c

No.LIB. Plagiarism /59/2017 Dated 09-02-2017

To

The Head
Department of Nepali
Sikkim University

Sub: Anti-Plagiarism Test

Dear Sir,

Kindly refer to your letter dated 09/02/2017 on the subject referred above.

I may inform you that the present ant-plagiarism software (URKUND) being used by Sikkim University distributed by INFLIBNET does not support Nepali and Hindi languages.

Therefore, the MPhil and PhD dissertations written in Hindi and Nepali cannot be tested for plagiarism.

Yours sincerely,

AChandel
( A S Chandel)
Librarian

Copy for information to:
1. The Controller of Examinations, Sikkim University
2. The Dean, School of Languages and Literature
3. In-charge, Department of Hindi

६ माइल, सामदुर, पीओ तादुङ-७३७१०२, गान्तोक, सिक्किम, भारत
फोन : ०३५९२-२५१०६७, २५१४६८, फ्याक्स-२५१८६५
6th Mile, Samdur, P.O. Tadong 737102, Gangtok, Sikkim, India
Phone : 03592-251067, 251468, Fax : 03592-251865
Website : www.cus.ac.in

## प्रतिबद्धता पत्र

सिक्किम विश्वविद्यालयको भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विभागमा एमफिल तहका निम्ति निर्धारित पाठ्यक्रमको आंशिक परिपूर्तिको निम्ति प्रस्तुत गरिएको **इन्द्र सुन्दासको जुनेली रेखा र सहारा उपन्यासमा सामाजिक चित्रण** शीर्षकको यस लघुशोधप्रबन्धलाई मैले मेरा शोधनिर्देशक आदरणीय गुरू सिक्किम विश्वविद्यालयको नेपाली विभागका प्रोफेसर प्रतापचन्द्र प्रधानको निर्देशनमा रहेर सम्पन्न गरेको हूँ। शोधप्रबन्ध लेखनको क्रममा मैले प्राथमिक एवम् द्वितीयक सामग्री स्रोतबाट शोधसम्बन्धी आवश्यक सामग्री सङ्कलन गरेर ती सामग्रीको यथास्थानमा यथोचित प्रयोग गरेको छु। मेरो शोधकार्यसँग सम्बन्धित सन्दर्भको विवरणसमेत यसै साथ प्रस्तुत गरेको छु। यस लघुशोधप्रबन्धलाई मैले यसअघि कुनै पनि उपाधि वा अन्य प्रयोजनका निम्ति उपयोग गरेको छुइनँ। प्रस्तुत प्रतिबद्धताविरुद्ध कुनै प्रमाण भेटिएमा त्यसप्रति म उत्तरदायी रहनेछु भनी यो प्रतिबद्धता जाहेर गर्दछु।

मितिः

| | |
|---|---|
| शोधनिर्देशक | शोधार्थीः |
| 22/12/2018 | |
| प्रो.प्रतापचन्द्र प्रधान | सन्तोष दर्जी |
| नेपाली विभाग | नेपाली विभाग |
| भाषा अनि साहित्य सङ्काय | भाषा अनि साहित्य सङ्काय |
| सिक्किम विश्वविद्यालय | सिक्किम विश्वविद्यालय |

विभाग प्रमुख

# SIKKIM UNIVERSITY
[A Central University established by an Act of Parliament of India, 2007]

## DEPARTMENT OF NEPALI
SCHOOL OF LANGUAGES & LITERATURE

*Dr. Pratap Chandra Pradhan*


### शोधनिर्देशकको अग्रसारण

सिक्किम विश्वविद्यालय, भाषा अनि साहित्य सङ्कायअन्तर्गगत नेपाली विभागको एम.फिल तहका निम्ति निर्धारित पाठ्यक्रमको आंशिक परिपूर्तिको निम्ति श्री सन्तोष दर्जी, पञ्जीकृत सङ्ख्या 17 M.Phil/01- ले **इन्द्र सुन्दासका जुनेली रेखा र सहारा उपन्यासमा सामाजिक चित्रण** शीर्षक लघुशोधप्रबन्ध मेरो निर्देशनमा तयार पार्नु भएको हो । भारतीय नेपाली उपन्यास साहित्यमा शोधनायक इन्द्र सुन्दासको विशिष्ट स्थान सुरक्षित छ । उनका उपन्यासहरूमा ब्रिटिसभारतको उपनिवेशकालीन परिवेशको सामाजिक चित्रण पाइन्छ । सोही विषयलाई केन्द्रित गरी शोधार्थी सन्तोष दर्जीद्वारा सुन्दासका **जुनेली रेखा** र **सहारा** उपन्यासका माध्यमबाट चियाबारी जनजीवनको सामाजिक अवस्थितिको विस्तृत अध्ययन र विश्लेषण गरिएको प्रस्तुत लघुशोधप्रबन्ध तत्विषयक अध्ययन क्षेत्रमा एउटा थप शृङ्खला बनेको साथै अझ सघन अध्ययनका लागि विद्यार्थी, शोधार्थी एवम् पाठकवर्गका निम्ति अवश्यै उपयोगीसमेत बन्न पुगेको छ । परिश्रमपूर्वक तयार पारिएको प्रस्तुत लघुशोधप्रबन्ध पूर्ण रूपले मौलिक हो र यसअघि यसको कुनै पनि अंश वा पाठ वा पुस्तकको अंशको रूपमा प्रकाशित नभएको र विशेष प्रयोजन अथवा उपाधिका लागि पनि प्रयोग नगरिएको प्रतिबद्धता जनाउन चाहन्छु । यसर्थ म यस लघुशोधप्रबन्धको अन्तिम मूल्याङ्कनका लागि नेपाली विभागसमक्ष विशेष अनुरोधका साथ अग्रसारण गर्दछु ।

मिति : २२/१२/२०१८

शोधनिर्देशक

(signature)

**प्रतापचन्द्र प्रधान**

प्रोफेसर

नेपाली विभाग

भाषा अनि साहित्य सङ्काय

सिक्किम विश्वविद्यालय ।


6th Mile, Samdur, PO Tadong 737102, Gangtok, Sikkim, India.
Phone: + 91- 3592-251078 (O), Mobile: +91- 94740-24738
Email : dr.pratappradhan@gmail.com, www.sikkimuniversity.ac.in

**कृतज्ञता ज्ञापन**

प्रस्तुत शोधकार्य मैले आदरणीय प्रोफेसर प्रतापचन्द्र प्रधानको निर्देशनमा तयार पारेको हुँ। यस शोधकार्य तयारी क्रममा सुझाव र सहयोगको लागि शोधनिर्देशक प्रो. प्रतापचन्द्र प्रधानप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। प्रस्तुत लघुशोधप्रबन्ध लेखनका लागि प्रेरणा, हौसला र सहयोग दिनु हुने विभागका सम्पूर्ण प्राध्यापक-प्राध्यापिकाहरूप्रति पनि आभार व्यक्त गर्दछु।

शोधकार्यको सन्दर्भमा आवश्यक सामग्री सङ्कलनको लागि विशेष सहयोग सिक्किम विश्वविद्यालयको केन्द्रीय पुस्तकालयबाट पाएको छु। यस शोधकार्यको आवश्यक सामग्रीहरू धेरै जसो यसै पुस्तकालयबाट प्राप्त भएको हुनाले यस शोधकार्य तयार पार्न धेरै मदत पुग्यो। यसैले सिक्किम विश्वविद्यालयको केन्द्रीय पुस्तकालयप्रति हार्दिक आभार प्रकट गर्दछु।

सन्तोष दर्जी

एमफिल शोधार्थी

क्रमसङ्ख्या १७MPNP०१

नेपाली विभाग

भाषा अनि साहित्य सङ्काय

सिक्किम विश्वविद्यालय

# लघुशोधप्रबन्धमा प्रयुक्त संक्षेपीकृत शब्दहरू

चौ.सं. .......................................... चौँथो संस्करण

दो.सं. .......................................... दोस्रो संस्करण

प्र.सम्पा. .......................................... प्रधान सम्पादक

प्रो. .......................................... प्रोफेसर

पृ. .......................................... पृष्ठ

वि.सं. .......................................... विक्रम संवत्

सम्पा. .......................................... सम्पादक

# विषयसूची

**पहिलो अध्याय**

**१. शोध परिचय** **पृष्ठ सङ्ख्या १-८**

१.१. शोधक्षेत्रको परिचय

१.२. शोधशीर्षक

१.२.१. शोध शीर्षकको परिचय

१.३. शोधको प्रयोजन

१.४. शोधको समस्या

१.५. शोधको उद्देश्य

१.६. पूर्वकार्यको समीक्षा

१.७. शोधको सीमाङ्कन

१.८. शोधविधि

१.८.१. शोधको आधार र ढाँचा

१.८.२. शोधको सामग्री सङ्कलनविधि

१.९. शोधको सङ्गठन

१.१०. भावी शोधार्थीका लागि सम्भावित शोध शीर्षकहरू

सन्दर्भग्रन्थ सूची

**दोस्रो अध्याय** **पृष्ठ सङ्ख्या ९-३२**

**२. उपन्यासमा सामाजिक अध्ययनका आधार र इन्द्र सुन्दासका सामाजिक उपन्यासहरू**

२.१ उपन्यासमा सामाजिक अध्ययनका आधार

२.१.१. उपन्यास र समाजबिचको अन्तःसम्बन्ध

२.१.२. उपन्यासमा मानव जीवन

२.१.३. उपन्यासमा सामाजिक चित्रण र यसका विभिन्न पक्षहरू

२.१.४. सुन्दासका उपन्यासमा चित्रित समाज

**तेस्रो अध्याय** **पृष्ठ सङ्ख्या ३३-७५**

३. **इन्द्र सुन्दासका 'जुनेली रेखा' र 'सहारा' उपन्यासमा समाज चित्रणको विश्लेषण**

३.१. **जुनेली रेखा** उपन्यासमा चित्रित समाज

३.१.१. उपन्यासको सार

३.१.२. उपन्यासको समाज र त्यसको परिवेश

३.१.२.१. चियाबारी समाज

३.१.२.२. शहरीया समाज

३.१.२.३. सांस्कृतिक पक्ष

३.१.२.४. आर्थिक पक्ष

३.१.२.५. राजनीतिक पक्ष

३.१.२.६. मानवीय पक्ष

**३.२. सहारा** उपन्यासमा चित्रित समाज

३.२.१. **सहारा** उपन्यासको सार

३.२.२. **सहारा** उपन्यासको समाज र त्यसको परिवेश

३.२.२.१. चियाबारी समाज

३.२.२.२. शहरीया समाज

३.२.२.३. सांस्कृतिक पक्ष

३.२.२.४. आर्थिक पक्ष

३.२.२.५. राजनीतिक पक्ष

३.२.२.६. मानवीय पक्ष

**चौथो अध्याय** **पृष्ठ सङ्ख्या ७६-८३**

**४. उपसंहार एवम् निष्कर्ष**

४.१. अध्यायगत उपसंहार

४.२. निष्कर्ष

**सन्दर्भग्रन्थ सूची** **पृष्ठ सङ्ख्या ८४-८५**

# पहिलो अध्याय

# शोध परिचय

## १.१. शोधक्षेत्रको परिचय

भारतीय नेपाली साहित्यमा इन्द्र सुन्दास एकजना प्रतिष्ठित साहित्यिक व्यक्तित्वको नाम हो। उनले नेपाली साहित्यका विविध विधाहरू — कथा, उपन्यास, जीवनी, कवितालगायत अनुवाद आदिमा कलम चलाएका छन्। तर पनि उनको सिर्जनाको उर्वर क्षेत्र भने आख्यानअन्तर्गत उपन्यास विधा नै हो। उनले **मङ्गली** (सन् १९५८), **जुनेली रेखा** (सन् १९७५), **नियति** (सन् १९८२) र **सहारा** (सन् १९९५) गरी जम्मा चारवटा उपन्यासहरू लेखी नेपाली साहित्यमा आफ्नो उपन्यासकार व्यक्तित्वलाई स्थापित गराएका छन्। प्रस्तुत लघुशोधप्रबन्ध उनको उपन्यासकारितामा आधारित छ। यस शोधको सामग्री विश्लेषणको मुख्य आधार उपन्यासका विधागत तत्त्वका साथै उनका उपन्यासहरूको कृतिपरक विश्लेषण र तत्सम्बन्धी आदर्शवाद, आदर्शोन्मुख यथार्थवाद, सामाजिक यथार्थवाद र मानवतावाद, उपनिवेशवादसित सम्बन्धित मान्यताहरूको विश्लेषण रहेका छन्। ती मान्यताका आधारमा हेर्दा इन्द्र सुन्दासको उपन्यासकारितामा कथानकको प्रधानतासँगै आञ्चलिकताको चित्रणसमेत भएको पाइन्छ। समष्टिमा उनी मूलतः आदर्शवादोन्मुख यथार्थवादी र मानवतावादी विचारधाराका उपन्यासकार ठहरिन्छन्। उपन्यासकार इन्द्र सुन्दासका उक्त चारवटा उपन्यासहरूको अध्ययन गर्दै उनको उपन्यासकारिताको निर्क्योल गर्ने काम यस लघुशोधप्रबन्धमा गरिएको छ।

विशेष गरी उनका उपन्यासहरूमा ब्रिटिस भारतकालीन दार्जिलिङको नेपाली समाजका सामाजिक-आर्थिक अवस्थाको चित्रण पाइन्छ। त्यसमा पनि अझ चिया कमानका मालिकवर्गको शोषण र अत्याचार, मजदूरवर्गका सामाजिक-आर्थिक दूरावस्थाको

यथार्थ चित्रण नै उनका उपन्यासहरूको मूल औपन्यासिक विषयवस्तु हो। यिनै विषयवस्तुलाई मध्यनजर राखेर इन्द्र सुन्दासका जुनेली रेखा र सहारा उपन्यासमा पाइने सामाजिक चित्रणलाई प्रस्तुत लघुशोधकार्यको अध्ययन क्षेत्र चयन गरिएको छ।

## १.२. शोधशीर्षक

प्रस्तुत शोधको शीर्षक इन्द्र सुन्दासका जुनेली रेखा र सहारा उपन्यासमा सामाजिक चित्रण हो।

### १.२.१. शोध शीर्षकको परिचय

उपन्यासमा निम्न, सर्वहारा र सम्पन्नवर्गको सामाजिक तथा आर्थिक स्थितिलाई प्रस्तुत गरेर लेख्रे इन्द्र सुन्दासका उपन्यासहरूमा चियाबारीका श्रमिकहरू र मालिकहरूको सामाजिक जीवनलाई विशेष स्थान दिइएको छ। उपन्यासकार इन्द्र सुन्दासका **जुनेली रेखा** र **सहारा** उपन्यासमा सामाजिक, सांस्कृतिक, राजनीतिक, आर्थिक आदिपक्षको अध्ययन गर्ने दृष्टिकोणहरू थुप्रै पाइन्छन्। त्यसैले प्रस्तुत शोधकार्यका माध्यमबाट सुन्दासका उक्त दुईवटा उपन्यासलाई सामाजिक दृष्टिकोणबाट अध्ययन गरिएको छ।

## १.३. शोधको प्रयोजन

प्रस्तुत शोधकार्यको प्रयोजन सिक्किम विश्वविद्यालयको भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विभागको एमफिल तहका निम्ति निर्धारित पाठ्यक्रमको आंशिक परिपूर्तिको निम्तिरहेको छ।

## १.४. शोधको समस्या

(क) **जुनेली रेखा** र **सहारा** उपन्यासमा वर्णित सामाजिक वातावरण कुन समयावधिको हो र त्यस समयावधिमा दार्जिलिङको सामाजिक स्थिति कस्तो थियो?

(ख) इन्द्र सुन्दासका विवेच्य उपन्यासको सामाजिक धरातलमा औपन्यासिक पात्रहरूको वर्गीय भिन्नता र तिनको जीवन स्तरलाई हेर्ने सैद्धान्तिक आधार के हुन सक्लान?

(ग) इन्द्र सुन्दासका **जुनेली रेखा** र **सहारा** उपन्यासमा शहरीया र गाउँले सामाजिक परिवेशको अन्तःसम्बन्ध र भिन्नता के कस्तो रहेको छ ?

## १.५. शोधको उद्देश्य

(क) **जुनेली रेखा** र **सहारा** उपन्यासमा वर्णित सामाजिक वातावरणको समयावधि र त्यस समयावधिको दार्जिलिङको सामाजिक स्थितिको ऐतिहासिक अध्ययन गर्नु।

(ख) इन्द्र सुन्दासका प्रस्तावित विवेच्य उपन्यासहरूको सामाजिक धरातलमा औपन्यासिक पात्रहरूको वर्गगत आधारमा भिन्नता छुट्टाउनु र तिनको जीवन स्तरको आधारमा सामाजिक चित्रण गर्नु।

(ग) इन्द्र सुन्दासका उपन्यास **जुनेली रेखा** र **सहारा** उपन्यासमा शहरीया र गाउँले सामाजिक परिवेशको अन्तःसम्बन्ध र भिन्नताको अध्ययन गरी निष्कर्षमा उपन्यासमा वर्णित समाजको चित्र प्रस्तुत गर्नु।

## १.६. पूर्वकार्यको समीक्षा

प्रस्तुत शोधकार्य पूर्व नीना राईले त्रिभूवन विश्वविद्यालय, नेपालबाट **इन्द्र सुन्दासका उपन्यासकारिता-** शीर्षकमा उपनिवेशवादको उठान गरेकी छन्।

पुस्कर पराजुलीको उत्तरबङ्ग विश्वविद्यालयबाट स्वीकृत **चियाकमानको जनजीवन सन्दर्भित दार्जिलिङका नेपाली उपन्यासहरूको समाजपरक अध्ययन र मूल्याङ्कन** शीर्षकमा पीएच.डी-को शोधप्रन्धमा सहारा र जुनेली रेखा उपन्यासलाई आधार बनाएर दार्जिलिङमा चियाकमानको अवस्थालाई व्याख्या विश्लेषण गरेका छन्।

शोधार्थी पुस्कर पराजुलीले आफ्नो शोधप्रबन्धमा **जुनेली रेखा** र **सहारा** उपन्यासको सम्बन्धमा छुट्टाछुट्टै उपशीर्षकहरूमा यी उपन्यासहरूमा समय, समाज, सामाजिक पक्ष, लोकजीवन, शैक्षिक स्थिति, आर्थिक स्थिति चियाकमानको प्रशासन र व्यवस्था, धार्मिक प्रसङ्ग, ऐतिहासिक सन्दर्भ आदिको विस्तृत व्याख्या विश्लेषण गरेका छन्।

अनिता लामाले **इन्द्र सुन्दासको कथाकारिता** शीर्षकमा वि.सं २०७० मा त्रि. वि. मानविकी तथा सामाजिक शास्त्र सङ्काय, कीर्तिपुरबाट विद्यावारिधि गरेकी छिन्। उक्त विश्वविद्यालयबाट स्वीकृत उनको यस शोधप्रबन्धमा शोधार्थी अनिता लामाले इन्द्र सुन्दासका कथाहरूका माध्यमबाट तत्कालीन दार्जिलिङको र वरिपरिको नेपाली समाजको चित्र प्रस्तुत गरेकी छिन्।

सन् २००१ मा प्रकाशित मोहन पी. दाहालको **दार्जीलिङका नेपाली उपन्यास-** मा सुन्दासका चारैवटा उपन्यासको छोटो चर्चा गरी तिनका उपन्यासलाई सामाजिक यथार्थवादी उपन्यासका रूपमा चिनाएका छन्। मोहन पी. दाहालद्वारा लिखित आधुनिक नेपाली उपन्यास- मा **जुनेली रेखा** उपन्यासको चर्चा गर्ने क्रममा 'हट्टाबाहर

प्रथा- को सन्दर्भ झिकी ब्रिटिस-भारतकालीन दार्जिलिङको चियाकमानको सामाजिक स्थितिको वस्तुपरक विवेचन गरिएको छ।

लक्खीदेवी सुन्दासद्वारा लिखित **समय र समीक्षण** (समीक्षात्मक लेख सङ्ग्रह) मा इन्द्र सुन्दासलाई उपन्यासकारका रूपमा चिनाउँदै उनका उपन्यासका माध्यमद्वारा दार्जिलिङको जनजीवनको चित्रण गरिएको छ।

वीरभद्र कार्कीढोलीद्वारा सम्पादित **स्थापना** पत्रिकामा समाविष्ट मोहनप्रसाद दाहाल र शरद क्षेत्रीका समसामयिक रचनाहरूमा इन्द्र सुन्दासका उपन्यास **जुनेली रेखा** र **सहारा**- को चर्चा गरिएको छ, जसमा हट्टाबाहिर प्रथाको चर्चाका साथै सहारा उपन्यासका विविध पक्षलाई गहिरिएर हेरिएको छ।

उत्तर बङ्गाल विश्वविद्यालयको नेपाली विभागद्वारा प्रकाशित हुने नेपाली अर्द्धवार्षिक जर्नल **नेपाली अकादेमी जर्नल**- मा अमिर दर्जीद्वारा औपनिवेशिक सन्दर्भमा दार्जीलिङ र इन्द्र सुन्दासका उपन्यासहरूलाई हेरिएको छ।

असीत राईद्वारा लिखित **भारतीय नेपाली साहित्यको इतिहास**- मा इन्द्र सुन्दासले साहित्यका कुन विधाबाट लेखनकार्य शुरू गरे भन्ने बारे दर्शाइएको छ।

के. बी नेपालीद्वारा लिखित **केही कवि साहित्यकारहरू र विविध लेखहरू** (संक्षिप्त अध्ययन) नामक पुस्तकमा साहित्य अकादेमी पुरस्कार प्राप्त लेखक इन्द्र सुन्दास र उनका उपन्यासहरूसित आफ्नो सम्बन्ध कस्तो रहेको छ भनी बताइएको छ।

पुण्यप्रसाद शर्माद्वारा लिखित पुस्तक **प्रतिभा परिचय**- मा इन्द्र सुन्दासको जन्म, जन्म स्थान, कृति, शिक्षा आदिको छोटकरीमा परिचय दिइएको छ।

सिक्किम विश्वविद्यालय नेपाली विभागद्वारा प्रकाशित शोधमूलक अर्द्धवार्षिक जर्नल, **अनुसन्धान**- मा सुमन बान्तवाले चियाबारीको उत्तरौपनिवेशिक साहित्य सन्दर्भमा जुनेली रेखा- को प्रसङ्ग उठाएका छन्।

## १.७. शोधको सीमाङ्कन

इन्द्र सुन्दासद्वारा लिखित जम्मा चारवटा उपन्यासहरूमध्ये **जुनेली रेखा** र **सहारा** उपन्यासलाई मात्र आधार बनाई यी दुई उपन्यासहरूमा ब्रिटिसकालीन दार्जिलिङको र विशेष गरी स्थानीय चियाबारी समाजको चित्रण कुन रूपमा भएको छ भन्ने विषयमा प्रस्तुत शोधकार्य केन्द्रित रहेको छ। उनका **जुनेली रेखा** र **सहारा** उपन्यासकै माध्यमबाट सामाजिक उपन्यासको अध्ययन गर्ने आधार तयार पार्ने अभिष्ट यस शोधकार्यको हो।

## १.८. शोधविधि

प्रस्तुत शोधकार्यका लागि विविध शोधविधिहरूमध्ये सामग्री सङ्कलनविधि र शोधको सैद्धान्तिक ढाँचालाई यहाँ विशेष रूपमा अङ्गालिएको छ। त्यस अतिरिक्त सामाजिक उपन्यासको अध्ययन र विश्लेषण गर्ने समाजपरक समालोचना प्राणीलाई पनि मूल आधार बनाइएको छ।

### १.८.१. शोधको आधार र ढाँचा

प्रस्तुत शोधको शीर्षक इन्द्र सुन्दासका **जुनेली रेखा** र **सहारा** उपन्यासमा सामाजिक चित्रण— मा केन्द्रित रही अध्ययन गर्ने क्रममा निगमनात्मक शोधपद्धतिको प्रयोग गरिएको छ र यसमा विश्लेषणात्मक र व्याख्यात्मक पद्धतिलाई विशेष रूपमा अङ्गालिएको छ। वर्णविन्यासको शुद्धा-शुद्धिका लागि **बृहत् नेपाली शब्दकोश** (प्रथम संस्करण) र अन्य प्राविधिक पक्ष (आवश्यक शोध सामग्रीको

व्यवस्थापन, पाद टिप्पणी, उद्धरण प्रस्तुति, सन्दर्भसूची, अनुच्छेद संयोजन) का लागि **नेपाली लेखन शैली**- लाई आधार बनाइएको छ।

### १.८.२. शोधको सामग्रीसङ्कलन विधि

प्रस्तुत शोध विषयसँग सम्बन्धित तथ्याङ्क र अन्य आवश्यक सामग्रीहरू प्राथमिक र द्वितीयक स्रोतवाट सङ्कलन गरिएको छ। प्राथमिक सामग्रीसङ्कलन विधिअन्तर्गत शोधसँग सम्बन्धित स्रोत व्यक्तिहरूसँगको अन्तर्वार्ता र भेटवार्ताबाट प्राप्त आवश्यक सामग्री सङ्कलन गरिएको छ। द्वितीयक स्रोतअन्तर्गत प्रकाशित पुस्तक, पत्र-पत्रिकामा प्रकाशित लेखादि, विश्वविद्यालयबाट स्वीकृत शोधप्रबन्ध र शोधपत्र तथा पुस्तकालयाय अध्ययनबाट प्राप्त सामग्रीको व्यवस्थापन र सत्यापनसमेत गरी त्यस आधारमा शोधलेखनको कार्य गरिएको छ।

### १.९. शोधको सङ्गठन

अध्ययन सुविधाका निम्ति प्रस्तुत शोधकार्यको अध्याय विभाजन निम्नलिखित प्रकारको छ।

पहिलो अध्याय : शोध परिचय

दोस्रो अध्याय : उपन्यासमा सामाजिक अध्ययनका आधार र इन्द्र सुन्दासका सामाजिक उपन्यासहरू

तेस्रो अध्याय : जुनेली रेखा र सहारा उपन्यासमा समाज चित्रणको विश्लेषण

चौथो अध्याय : उपसंहार तथा निष्कर्ष।

**१.१०. भावी शोधार्थीहरूका लागि प्रस्तावित शोध शीर्षकहरू**

(क) इन्द्र सुन्दासका जीवनी, कृतित्व र व्यक्तित्व

(ख) इन्द्र सुन्दासका कथाहरूमा चित्रित समाजको अध्ययन

(ग) उपनिवेशवादी प्रवृत्तिका आधारमा इन्द्र सुन्दासका उपन्यासहरूको अध्ययन

सन्दर्भग्रन्थसूची

# दोस्रो अध्याय

## २. उपन्यासमा सामाजिक अध्ययनका आधार र इन्द्र सुन्दासका सामाजिक उपन्यासहरू

### २.१ उपन्यासमा सामाजिक अध्ययनका आधार

साहित्य समालोचनाको परम्परामा समाजपरक दृषटिकोण वर्तमान शताब्दीमा अत्यन्त प्रबल एवम् उपयोगी सिद्ध भएको पाइन्छ। साहित्य र समाजका बिच अन्योन्याश्रित सम्बन्ध हुने भएकाले साहित्यिक अध्ययन र प्रभावको व्याख्या एवम् विश्लेषण गर्नमा यो समाजपरक समालोचना प्रणाली विशेष सहयोगी साबित भएको छ। कुनै पनि साहित्य र साहित्यकार समाजबाटै अनुप्राणित हुने भएकाले यस समालोचना प्रणाली यही सामाजिक सन्दर्भका साथै साहित्य र साहित्यकारको अध्ययन र विश्लेषण गर्दछ। अनि यसै क्रममा यस समालोचना प्रणालीले साहित्यबाट सम्बद्ध सामाजिक सन्दर्भको पनि अध्ययन र विश्लेषण गर्दछ। यसरी साहित्य र साहित्यकारले पार्ने प्रभावका बारेमा पनि अध्ययन गर्दछ। यसरी साहित्य र साहित्यकारलाई समाजसँग सम्बद्ध गरेर साहित्यक कृति र कृतिकारको अध्ययन विश्लेषण एवम् मूल्याङ्कन गर्ने एक पद्धति विशेषलाई नै समाजपरक समालोचना प्रणाली भनिन्छ। समालोचकहरूले समाजपरक समालोचना प्रणालीलाई अत्यन्त बहुमुखी र उपलब्धिपूर्ण मानेका छ। साहित्यिक कृतिका माध्यमबाट समाजको अतीत र वर्तमानको अध्ययन गर्नु अथवा साहित्यकारको सामाजिक सन्दर्भका आधारमा कृतित्वको विश्लेषण गर्नु नै यस समालोचना प्रणालीको मूल अभिष्ट हो। समाजले साहित्यकारलाई के कति प्रभाव पार्छ, साहित्यकारले समाजलाई के कति हद्सम्म अभिव्यक्त गर्न सक्छ अनि साहित्यकारले समाजलाई साहित्य सिर्जनाका माध्यमबाट के कस्तो प्रभाव पार्न सक्ला भनी विभिन्न कोणबाट गरिने साहित्यिक अध्ययन विश्लेषण वा मूल्याङ्कन नै

समाजपरक समालोचना प्रणाली हो। वास्तवमा समाज चित्रणका आधारमा साहित्यको मूल्याङ्कन गर्नुदेखि लिएर साहित्यद्वारा समाज र समाजद्वारा साहित्यको विशुद्ध विश्लेषण गर्नु नै यस समालोचना प्रणालीको मूल अभिष्ट हो।[१]

मूलतः औपन्यासिक विषयवस्तुको मूल स्रोत नै समाज हो। अधिकांश उपन्यासकारहरूले समाजबाटै विषय ग्रहण गर्दछन्। त्यसो हुनाले उपन्यासमा चित्रित समाजको अध्ययन गर्ने आधार के हुन सक्ला भन्ने प्रश्न नै प्रस्तुत अध्यायको मुख्य समस्या हो। यस समस्याको समाधानार्थ समाजसित उपन्यास/साहित्यको सम्बन्ध के कस्तो छ भन्ने बारे अध्ययन गर्नु आवश्यक छ।

समाजशास्त्रीय दृष्टिकोणको आधारमा सामाजिक उपन्यासको अध्ययनको निम्ति सामाजिक उपन्यासलाई हेर्ने सैद्धान्तिक आधार के हुन सक्ला अथवा सामाजिक उपन्यास भन्नाले विषयवस्तुको आधारमा हेर्ने हो कि अथवा सामाजिक चेतनाका विषयमा हेर्ने हो अथवा समाजभित्रका वर्गका आधारमा हेर्ने हो कि वा सामाजिक, सांस्कृतिक परिदृशयमा हेर्ने हो भन्ने जस्ता कुरालाई कसरी स्पष्ट पार्ने?

माथिका प्रश्नको समानार्थ निम्नलिखित धारणा, अवधारणा एवम् तथ्यहरूलाई संक्षेपमा चर्चा गर्नु सान्दर्भिक देखिन्छ। सामाजिक उपन्यासको अध्ययन र विश्लेषणका लागि समाजपरक समालोचनाको आधार लिनु अपेक्षित छ। यो समाजपरक समालोचना पद्धतिले समाज र साहित्यमाझको सम्बन्धलाई प्रस्ट पार्दछ। कृतिमा प्रस्तुत सामाजिकतालाई केन्द्र बनाएर व्याख्या-विश्लेषण गर्दै सम्बन्धित कृतिमा प्रतिबिम्बित समाजको अध्ययन गर्नु नै समाजपरक समालोचना हो। इडमण्ड विल्सनका

---

१. ईश्वरकुमार श्रेष्ठ ,(वि.सं. २०६२) (चौ.सं), **पूर्वीय एवम् पाश्चात्य साहित्य समालोचना : प्रमुख मान्यता, वाद र प्रणाली**, ललितपुर : साझा प्रकाशन, पृ.२१७ ।

अनुसार अठारौं शताब्दीमा **विको (भिसो)**- ले होमरका कृतिको अध्ययनका आधारमा ग्रीक समाजको विवेचना गरेदेखि नै पाश्चात्य समालोचनाको क्षेत्रमा सामाजिक दृष्टिकोणको आधारमा पनि साहित्यिक कृतिको अध्ययन सुरू भएको हो। **विको (भिसो)** का अनुसार मुख्य रूपमा सामाजिक अध्ययन/ समाजपरक समालोचनाका आधारमा साहित्यिक कृतिको अध्ययन दुई प्रमुख प्रवृति अनुसार गर्न सकिन्छ—

क. मार्क्सवादी समाजपरक समालोचना

ख. गैरमार्क्सवादी समाजपरक समालोचना

समाजपरक समालोचनाका अनेक प्रवृत्तिहरू हुँदाहुँदै पनि मार्क्सवादी समालोचनात्मक प्रवृत्ति नै वस्तुत: समाजपरक समालोचनाको सबैभन्दा व्यापक, सशक्त र सूक्ष्मत्तम प्रणाली हो भन्ने कुरा स्वत; स्पष्ट छ।[२]

वर्तमान समयमा आएर समाजपरक समालोचकहरू सामाजिक कृतिको अध्ययनका लागि साहित्यको आफ्नै किसिमका समाजशास्त्र हुनुपर्छ भन्ने कुरामा अडिग रहेको पाइन्छ। यसै परिप्रेक्ष्यमा साहित्यको समाजशास्त्र एक स्वतन्त्र विधा हो वा समाजशास्त्रकै एक शाखा हो भन्ने प्रश्न उठ्नु स्वभाविक हो। समाजशास्त्रीहरू यसलाई समाजशास्त्रकै अंग मान्दछन भने साहित्यिक विचारकहरू साहित्यको समाजशास्त्रलाई एउटा स्वतन्त्र छुट्टै विधा मान्दछन्। विद्वान पी फास्टर र सी केनफोर्डले साहित्यको समाजशास्त्रलाई समाजशास्त्रकै एक प्रकार मान्दै त्यसको विकासले साहित्यिक समाजशास्त्रलाई एक सम्भावित विपत्तिको रूपमा हेरेका छन्। तिनीहरूका अनुसार वर्तमानमा सामाजिक स्वरूपको साहित्यको नाममा जे लेख्ने

[२] वासुदेव त्रिपाठी (वि.सं. २०५०) भाग १, (चौ. सं), **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा,** ललितपुर : साझा प्रकाशन, पृ १६४)

अनि पढने कार्य हुँदैछ त्यो त प्राय: साहित्यिक समाजशास्त्र नै हो।[३] त्यसलाई यस्तो साहित्यिक आलोचना भन्नु उचित हुन्छ जो समाजशास्त्रको सामान्य ज्ञानको सहारामा काम गर्दछ। तर त्यसको मूलमा सक्रिय समाजशास्त्रीय दृष्टिकोण यत्ति दुर्बल हुन्छ, जसमा साहित्यिक विवेचनालाई समाजशास्त्रीय विवेचना भन्नु गाह्रो पर्छ। वास्तवमा साहित्यको समाजशास्त्र हुन्छ भन्ने विद्वानहरूले साहित्यलाई केवल सामाजिक साक्ष्य मात्र मान्दछन्। उनीहरू साहित्यिक कृतिहरूलाई समाजशास्त्रको निम्ति उपयोग गर्दछ। यसै सन्दर्भमा फास्टर र केनफोर्डले भनेका छन्— एकजना गम्भीर समाजशास्त्रीको निम्ति ठुलोभन्दा ठुलो कलाकार/साहित्यिकार पनि केवल समाजको बारेमा सूचना दिनेमात्र हुन्छ।[४]

विशेष गरी सामाजिक अध्ययनका आधारहरू भन्नु पर्दा समाज र मानव जीवन एकार्काका पर्याय हुन्। मानिसले सिर्जना गरेका कृतिहरू निश्चित रूपमा समाजसँग गाँसिएका हुनाले तिनमा समाज र मान्छेका बिचको सम्बन्ध नजिक हुन्छ। सामाजिक अध्ययन परम्पराको मुख्य धारा मार्क्सवादी र गैरमार्क्सवादी धारा दुवैका अध्ययनको विषय पनि समाज नै हो। यसै अनुरूप प्रस्तुत शोधकार्यका विवेच्य दुईवटा सामाजिक उपन्यासमा चित्रित समाजलाई कुनै वाद वा परम्पराको आधारमा नहेरेर स्वतन्त्र रूपमा हेरी सोही अनुरूप निम्नलिखित उपशीर्षकहरूको आधारमा विवेच्य उपन्यासहरूमा चित्रित समाजका अध्ययन र विश्लेषण गरिएको छ।

---

[३] उदय क्षेत्री (सन् २०१७), **समाजशास्त्रीय दृष्टिमा इन्द्रबहादुर राईको आख्यान**, गान्तोक : शेरबहादुर सुवेदी, पृ. ७-१७.

[४] पूर्ववत् ।

## २.२ समाजको अर्थ र परिभाषा

निम्नलिखित उपशीर्षकहरूमा उपन्यास सन्दर्भित समाजको अर्थ र परिभाषालाई अघि सारिएको छ।

### २.२.१ अर्थ

प्रयोगात्मक नेपाली शब्दकोशका अनुसार समाज भन्नाले खास रहनसहन, रीति रिवाज, धर्म आदिबाट बद्ध रहेका मानिसहरूको समूह (उदा. हिन्दु समाज, मुस्लिम समाज, थारू समाज, गुरूङ समाज) खास उद्देश्य, रूचि वा व्यवसायसँग सम्बन्धित सङ्गठित जमात (उदा. विद्वत समाज, पत्रकार समाज, प्रजातान्त्रिक समाज, साहित्यिक समाज, नागरिक समाज) हो।

समाज शब्द संस्कृतको दुई शब्द 'सम' र 'अज' को मेलबाट बनेको हो। 'सम' को अर्थ एकजुट हुनु वा एकसाथ हुनु हो भने 'अज' को अर्थ सँगै बस्नु हो। तसर्थ समाजको अर्थ कुनै पनि समूह वा जमात एकसाथ भएर बस्ने समूह हो।[५] अङ्ग्रेजीमा समाजलाई 'सोसाइटी' भनिन्छ। मान्छे सामाजिक प्राणी हो। त्यसैले सबै मान्छे समाजमा बस्छन्। दिन प्रतिदिन मान्छेहरू एकार्कासित बातचित गर्छन् र सामाजिक सम्बन्ध बढाउँछन्। सबै समाजको आफ्नो आफ्नो संस्कार हुन्छ। समाजका सबै मानिसले आफ्नो संस्कार अरूसित बाट्छन् र आफुले पनि अरूबाट सिक्छन्। मान्छेमा संस्कार जन्मजात हुँदैन। यो भाषा तथा सामाजिक व्यवहारको माध्यमबाट एक पूस्तादेखि अर्को पूस्तामा सर्दै जान्छ। यसैले समाज र संस्कृतिको घणिष्ठ सम्बन्ध रहेको हुन्छ।

---

[५] हेमाङ्ग राज अधिकारी (सम्पा), (वि.सं. २०७०), **प्रयोगात्मक नेपाली शब्दकोश,** काठमाडौं : विद्यार्थी प्रकाशन प्रा. लि, पृ.१४०९ ।

संसारमा मानव सभ्यताको उदय हुँदा विचार आदानप्रदान गर्ने कुनै माध्यम थिएन, किनभने त्यस समय कुनै लिपी र भाषा थिएन। मानिसहरू सम्पर्क विहीन थिए। मान्छे चिन्तनशील प्राणी भएको हुनाले पछि गएर मानिसले लिपी र भाषाको आविष्कार गरे र आफ्नो विचार आदानप्रदान गर्ने माध्यम बनाए। भाषाले मानिसहरूलाई एक सूत्रमा बाँध्न थाल्यो, समयानुक्रममा मानिसहरूको एउटा समूह बन्दै गयो। एकार्कामा आइपर्ने दुःख, सुख र आवश्यक्ताले मानिसहरूलाई एकजुट पार्दै लग्यो र मानवसमाजको निर्माण भयो। यसरी मानिसहरू समाजको अङ्ग बन्न पुगे। अहिले मानिस र समाजको सम्बन्ध घनिष्ठ बनेको छ। त्यसैले मानिसलाई सामाजिक प्राणी भनिन्छ।

समाजको अर्थ प्रायः व्यक्तिहरूको समूहलाई भनिन्छ। वास्तवमा समाज मानिसको पारस्परिक सामाजिक सम्बन्धको जाल हो। मान्छेको शारीरिक, मानसिक तथा आर्थिक समस्याहरू समाजबाट नै पुरा हुनसक्छ। त्यसैले मानिसहरू समाजका अन्य व्यक्तिहरूसँग सम्बन्धित हुन पुग्छन्। समाज मानिसहरूको मात्र नभएर पशुपक्षीको पनि हुन्छ तर मानव समाज र पशु समाजमा धेरै अन्तर हुन्छ। मानव समाज दुईवटा शब्द 'मानव' र 'समाज' को मेलबाट बनेको हो। मानव समाजका लागि सामाजिकताको भावना जरूरी रहेको हुन्छ अनि सामाजिकताको विकासको निम्ति मानिसमा पारस्परिक सम्बन्ध हुनु आवश्यक हुन्छ।

समाज भनेको व्यक्ति व्यक्तिको समष्टि सङ्गठन हो। समाजमा अनेक सामूहिक क्रियाकलाप र तिनका समबन्धबाटै मान्छेले साहित्य लगायतका मानवीय व्यवहारहरू सिकेका हुन्छन्। संस्कारका सम्पदाहरू, राजनीतिको उपभोग, साहित्यको सम्भावना, धर्म एवम् धार्मिकतामा विश्वास आदि व्यक्तिका लागि समाजबाटै प्राप्त हुने कुरा हुन्। समाजमा रहेर सङ्घर्ष गर्दै जाँदा मान्छेले समाजलाई नै परिवर्तन गर्ने वा समाजअनुसार समायोजन हुने जस्ता वातावरण प्राप्त गर्दछ।

समाज एक प्रकारको मानवीय संवेदना र भावनाद्वारा निर्माण हुन्छ। समाजबिना मानिसको जीवन अधुरो हुन्छ। त्यसैले मान्छे कहिले पनि एक्लै बस्न सक्दैन। कुनै न कुनै समाजसित बाँधिएर मानिस बाँच्ने गर्छन्। समाजबाट नै 'हामी' भन्ने भावना जागेर आउँछ।

## २.२.२ परिभाषा

**ग्रिन्सवर्ग-** समाज व्यक्तिहरूको समूह हो, जो कुनै खास सम्बन्ध र व्यवहारहरूद्वारा आपसमा बाँधिएका हुन्छ। जुनव्यक्ति यस्ता सम्बन्धहरूमा बाँधिएको हुदैन, त्यस्तो व्यक्ति समाजको हिस्सा नै होइन।[६]

**एडम् स्मिथ-** मानिसले आफ्नो पारस्परिक लाभको निम्ति जुन उपाय निकाल्यो त्यो समाज हो।[७]

**डा. जेम्स-** मनुष्यको शक्तिपूर्ण सम्बन्धहरूको नाम समाज हो। जसमा व्यक्तिहरूको सामूहिक अस्तित्व हुन्छ।[८]

---

[६] https://www.scottbuzz.org , posted on may 25, 2017, **samaj ka arth, paribhasa, vishestaye, siddhantaye evam tatwa,** page 2.

[७] पूर्ववत् पृ.३ ।

[८] पूर्ववत्।

**प्रो. गिडिंग्स-** समाज स्वयम् एउटा समूह हो। यो एउटा सङ्गठन र व्यवहारहरूको मेल हो, जसमा सहयोग गर्ने मान्छेहरू एकार्कासित सम्बन्धित हुन्छन्।[९]

**प्रो. मैकाइवर-** समाजको अर्थ मानिसद्वारा स्थापित यस्तो सम्बन्धसित छ, जसलाई स्थापित गर्नको निम्ति उसलाई विवश बन्नुपर्छ।[१०]

**ओटवे-** समाज एक प्रकारको समुदाय वा समुदायको भाग हो, जसका सदस्यहरूलाई आफ्नो जीवनको विधिको सामाजिक चेतना हुन्छ।[११]

## २.३ सामाजिक संरचनाका उपकरण

सामाजिक संरचनाको साधारण अर्थ समाजको बनावट हो। संरचनाले समाजको क्रमिक विकासलाई झल्काउँछ। सामाजिक संरचना भनेको बनिँदै गरेको घर जस्तै हो। पहिले केही हुँदैन, तर विस्तारै घरको रूप लिँदै जान्छ। 'सामाजिक संरचना' शब्दावलीको प्रयोग स्पेन्सर तथा दुर्खिमका कृतिहरूदेखि लिएर समाजशास्त्रमा पनि धेरै मात्रामा प्रचार भएको पाइन्छ। सामाजिक संरचनाले नै समाजको स्वरूपलाई प्रकट गर्दछ। सामाजिक संरचनामा स्थिरता त छ, तर समयअनुसार परिवर्तन पनि भएको हामी पाउँछौ। सामाजिक संरचनामा सङ्गठन र विगठन दुवै गुण पाइन्छ। सामाजिक संरचनाको निर्माण अनेक उप-संरचनाहरूद्वारा भएको हुन्छ, जस्तै परिवार, जाति, वर्ग, राजनीति, अर्थ, धर्म, संस्कृति आदि।

---

९ पूर्ववत्।

१० पूर्ववत्।

११ पूर्ववत्।

### २.३.१ जाति

विशिष्ट ऐतिहासिक चिन्हारी भएका मानिसहरूको वर्गलाई जाति भनिएको हो। संसारमा विभिन्न जातिका मानिसहरू बसेका हुन्छन्। कर्मद्वारा विभाजित भएका मानिसहरूलाई विभिन्न जातिको आधारमा छुट्टाइयो। मानिसहरू जाति जातिमा छुट्टिए। उच्च जाति र निच जातिमा भेदभाव हुन थाल्यो। त्यसो हुँदा जातीयताको आधारमा समाजको निर्माण हुन थाल्यो। एकै जातिका मानिसहरू एकै ठाँउमा बस्न थाले। त्यसैले अहिले विभिन्न ठाउँलाई उनीहरूको जातिले गर्दा चिनिन्छ। जस्तै राई गाँउ, लिम्बु गाँउ, क्षेत्री गाँउ, प्रधान गाँउ इत्यादि। यसरी सामाजिक संरचनाका उपकरणहरूमा जाति पनि एक हो। समाजको निर्माणमा जातिको अहम् भूमिका रहेको हुन्छ।

### २.३.२ धर्म

मानिसहरूले मानिआएको परम्परागत विश्वास, मान्यता वा त्यससँग सम्बन्धित संस्कारलाई धर्म भनिन्छ। यही जन्ममा वा मरेपछि पनि भलो हुन्छ भन्ने विश्वाशले गरिने कर्म, पुजापाठ, तीर्थव्रत आदि पुण्यकर्मलाई धर्म मानिन्छ। मानिसहरूले पुण्य कर्म गर्नको निम्ति आ-आफ्नै तरिकाहरू अपनाउँछन्। कोही गिर्जाघर, कोही मन्दिर, कोही मस्जिदतिर पुण्य कार्यको निम्ति जाने गर्छन्। पछि गएर यही कर्मले धर्मको रूप लियो र मानिसहरू आ-आफ्नो कर्म र विश्वासअनुसार हिन्दु, मुश्लिम, इसाई, बौध इत्यादि धर्ममा परिणत भए। यसो हुँदा हिन्दु हिन्दु एकपट्टी र मुश्लिम मुश्लिम एकपट्टी छुट्टिन थाले र धर्मको आधारमा समाजको विभाजन भयो।

### २.३.३ राजनीतिक  व्यवस्था

राजा वा शासकले राज्यको शासन व्यवस्था तथा प्रशासन चलाउने नीतिलाई राजनीति भनिन्छ भने त्यस्तो व्यवस्थासित सम्बन्धित व्यवस्थालाई राजनीतिक व्यवस्था भनिन्छ। राजनीति समाजलाई नै व्यवस्थित ढङ्गमा चलाउनको निम्ति बनेको व्यवस्था नै राजनीति हो। समाज राजनीतिबाट कहिले पनि अलग हुन सक्दैन अनि राजनीति पनि समाजबाट अलग हुन सक्दैन। यी दुई एकार्काका समपूरक हुन्। राजनीतिले समाजलाई लाभ मात्र पुराउँछ भन्न सकिँदैन, कुनै समयमा राजनीतिले समाजमा नराम्रो असर पनि पार्छ। शासकको व्यवहार अथवा शासन गर्ने तरिका हेरेर समाज उभो लाग्ने की उधो लाग्ने भन्ने कुरा थाहा लाग्छ। शासकको राजनीति राष्ट्र र जनताको हितको निम्ति भए समाजले उन्नति गर्नसक्छ, होइन भने समाज अधोमुखी हुन्छ।

### २.३.४  वर्ण

संसारमा जसरी विभिन्न जाति, विभिन्न धर्म इत्यादिका मानिसहरूले बसोबास गरेका छन्, त्यसरी नै विभिन्न वर्णका मानिसहरू पनि यस संसारमा बसोबास गर्छन्। कोही कालो वर्णका मानिसहरू छन् भने कोही गोरो वर्णका मानिसहरू पनि छन्। कालो र गोरो वर्णका मानिसहरूले संसार भरिएका छन्। कुनै कुनै परिस्थितमा कतिपय ठाउँमा कालो वर्णलाई अर्काको राज्यमा गएर वस्नु दिँदैन थिए। गोराहरूको राज्यमा कालाहरूले कुनै पदक जित्यो भने उनीहरूलाई पदक थाप्दा शिर निहुराउन लगाइन्थ्यो। समाजमा काला गोरा सबैले बाच्न पाउँनुपर्छ भन्ने अवधारणा आएपछि अहिलेको सन्दर्भमा त्यस्ता काला गोराको बिचमा कुनै भेदभाव छैन। काला गोरा दुवैको योगबाट समाजको निर्माण भएको हुन्छ। एउटै जाति र एउटै धर्मवालम्बीहरूबिचमा पनि दुवै वर्णका व्यक्तिहरू हुन्छन्।

जस्तै राई जाति, लिम्बु जाति , हिन्दु, मुस्लिम इत्यादि जाति र धर्मावलम्बीमा काला र गोरा दुवै वर्णका व्यक्तिहरू हुन्छन्। समाजको संरचनामा वर्णको पनि भूमिका रहेको हुन्छ।

कर्मअनुसार पनि समाजमा वर्ण व्यवस्था गरिएको छ। ब्राह्मण, क्षत्रीय, वैश्य र शुद्र गरी चार वर्णमा जातिलाई छुट्टाइएको छ र यी चारै वर्णका मानिसहरू एकार्कामा मिलेर समाजमा बसोबास गर्छन्।

### २.३.५ आर्थिक संरचना

समाजमा धनी, गरीब, धेरै कमाउने र थोरै कमाउने गरी विभिन्न आर्थिक अवस्थाका मानिसहरू रहेका हुन्छन्। उनीहरू सबै आफ्नो आयको हिसाबले जीवन निर्वाह गर्ने गर्छन्। कसैलाई पुगिसरी छ भने कसैलाई दुइ छाक खान साह्रो परिरहेको हुन्छ। समाजमा सम्पन्न र विपन्न आर्थिक वर्गमा मानिसहरूलाई विभाजन गरिएको छ। यी दुई आर्थिक वर्गका मानिसहरू समाजमा रहेका हुन्छन्।

#### २.३.५.१ विपन्न वर्ग

गरिब, निर्धन, पछौटे, अथवा आय स्रोत अति नै कम हुनेहरूलाई विपन्न वर्गमा राखिएको छ। उनीहरूको ज्निन्दगी लुटी ल्यायो भुटी खायो भने जस्तै हुन्छ। एक दिन काममा गएन भने बेलुकाको छाक पुराउन गाह्रो पर्छ। विशेष गरी दैनिक ज्यालादारी गर्नेहरू जस्तै ज्यामी, कुल्ली, कमानका श्रमिकहरू तथा निम्न स्तरको काम गर्ने साथै थोरै तलब पाउने कर्मचारीहरू यस वर्गभित्र पर्छन्। उनीहरू समाजको मुख्य अङ्गको रूपमा रहेका हुन्छन्। उनीहरूद्वारा समाजका सम्पन्नवर्गको काम सम्पन्न हुन्छ। शारीरिक बलको कामको लागि समाजमा निम्न आर्थिक वर्गका मानिसहरूको ठूलो भूमिका रहेको हुन्छ।

### २.३.५.२ सम्पन्न वर्ग

सम्पत्ति प्रशस्त भएको, धनी, समृद्ध, मालिकहरू सम्पन्नवर्ग भित्र पर्दछन्। समाजमा आफुलाई चाहिएको भन्दा पनि धेरै कमाउने वर्गका मानिसहरू उच्च वा सम्पन्न वर्गका हुन्। सम्पन्न वर्गबाट नै निम्न वर्गका मानिसहरू शोषित हुन्छन्। उच्च वर्गका मानिसहरूलाई कुनै कुरोको दुःख हुँदैन। उनीहरूलाई सबैकुरा पुगीसरी हुन्छ।

### २.३.६ संस्कृति

देश, जाति वा कुनै समुदायको कला, साहित्य, सङ्गीत, आचार-व्यवहार तथा बौद्धिकता र त्यसलाई मौलिक परिचय दिन सक्ने विशेषतालाई संस्कृति भनिन्छ। मानव समाजमा आ-आफ्नै किसिमका संस्कृतिको समावेश भएको हुन्छ। विशेष जातिगत संस्कृतिमा एकै खालको विचारधारा, विश्वास, शैली, कार्य सम्पादन विधि वा जीवन पद्धति अन्तर्निहित हुन्छ। मानव संस्कृति त्यसै बनिएको हुँदैन। कुनै पनि व्यवहारलाई समग्र जनखंख्याले स्विकार गरेपछिमात्र त्यसले मान्यता पाउँछ र त्यो व्यवहार संस्कृतिको अङ्ग बन्न पुग्छ। धर्म, संस्कार, रीति-रिवाज, प्रथा, नैतिक आचरण आदि मानव संस्कृतिका अङ्गहरू हुन्। समाजमा यी अङ्गहरूको प्रयोगले व्यक्तिगत एवम् सामाजिक विकास हुन्छ। एक पुस्तादेखि अर्को पुस्तामा हस्तान्तरण हुँदी आएको मानवीय व्यवहार, रीतिथिति, संस्कार, विश्वास आदि मानव संस्कृति हो। संस्कृति समस्त भौतिक एवम् अभौतिक तथ्यहरूको समग्ररूप हो। संस्कृति निरन्तर परिवर्तन भइरहने प्रक्रिया हो । नयाँ व्यवहार, नयाँ विचार अनि नयाँ आविष्कारहरूले गर्दा संस्कृति स्थिर रहन सक्दैन। त्यसैले संस्कृतिमा परिवर्तन आउनु स्वाभाविक मानिन्छ।

### २.३.७ परिवार

'परिवार' शब्द अङ्ग्रेजी भाषाको 'फेमिली' शब्दबाट आएको हो। 'फेमिली' शब्दको उत्पत्ति रोमन शब्द 'फैमुलास' बाट भएको हो, जसको अर्थ आमा, बाबु, छोरा र छोरीको समूहको लागि प्रयुक्त हुन्थ्यो। परिवारअन्तर्गत लोग्ने, स्वास्नी तथा छोराछोरी सदस्यका रूपमा रहन्छन् भने रगतको नातालाई पनि परिवारको सदस्यको रूपमा राखिन्छ।

परिवार समाजको प्राथमिक एकाइ हो, जसमा व्यक्तिको समस्त आवश्यकताहरू पूर्ण हुन्छन्। समाजमा समस्त सामाजिक संस्थाहरूमा परिवार एक महत्त्वपूर्ण र सर्बव्यापी सामाजिक संस्था हो। समाजको सबै स्तर चाहे निम्न स्तर होस् वा उच्च स्तरको होस् पारिवारिक संगठन हुन अपेक्षित छ। सामाजिक सम्बन्धबाट व्यक्तित्त्वको विकास हुन्छ। परिवारको अभावमा सभ्य मानव समाजको कल्पना गर्नु कठिन हुन्छ।

परिवारद्वारा नै बाल-बालिकाहरूको सामाजिक व्यक्त्वको विकास हुन्छ। परिवारबाट नै बाल-बालिकाहरूलाई संस्कृति, प्रथा, रीति-रिवाज आदि ज्ञान प्राप्त हुन्छ। परिवारद्वारा नै संस्कृति एक पुस्तादेखि अर्को पुस्तामा हस्तान्तरित हुन्छ। परिवारका सदस्यहरूलाई सामाजिक सुरक्षा पनि परिवारबाट नै मिल्छ।

## २.४ उपन्यास र समाजबिचको अन्तःसम्बन्ध

'उपन्यास' तत्सम शब्द हो। शाब्दिक व्युत्पत्ति केलाउने हो भने 'उपन्यास' शब्द 'अस्' धातुमा 'उप' र 'नि' उपसर्ग तथा 'घञ्' (अ) प्रत्यय लागेर बनेको देखिन्छ। 'अस्' धातुबाट 'राख्नु' भन्ने अर्थबोध हुन्छ भने 'उपन्यास' शब्दबाट 'नजिक राख्नु' भन्ने अर्थ निष्पन्न हुन्छ। संस्कृतमा 'उपन्यास' शब्दको प्रयोग

'अर्थको युक्तिपूर्ण प्रस्तुतीकरण', 'प्रतिमुख सन्धिको एउटा भेद', 'स्थापना गर्नु', 'प्रदर्शक वाक्य', 'आनन्द गराउने वाक्य' का अर्थमा गरिएको पाइन्छ भने 'आख्यान' का रूपमा पनि गरिएको पाइन्छ। त्यसो भए तापनि यी कुनै अर्थले अङ्ग्रेजी 'नोभल' ले दिने अर्थ प्रदान गर्न सकेको देखिँदैन। तसर्थ संस्कृतबाट लिइएको भएर पनि आज नेपालीमा 'उपन्यास' शब्दले आफ्ना पुराना अर्थहरूसँग सम्बन्ध विच्छेद गरेर अङ्ग्रेजी 'नोभल' सँग साइनो गाँसेको छ।[१२]

आजको साहित्यिक परिसरमा लोकप्रिय तथा समाज र जीवनलाई सर्वोत्कृष्ट रूपमा आत्मसात् गर्न सक्ने विधा उपन्यास विधा हो। उपन्यासले समाज र जीवनका केही महत्त्वपूर्ण अर्थहरूलाई छोएको हुन्छ भने यस्ता मर्महरूमा नै सिर्जनाको आस्था र इज्जत बाँचेको हुन्छ। केवल एकछिनको रमाइलो अवस्थामा मात्र होइन, घटना र जीवनका सूक्ष्म तत्त्वहरूको संयोजनमा नै उपन्यासको सम्पूर्ण स्वरूप अडेको हुन्छ। स्रष्टाको अनुभूतिको अजस्र स्रोतका कथ्यमा प्रस्तुतीकरणका अनेकौं सम्भावनाहरू हुन्छन् जसले उपन्यासको विधागत स्वरूप निर्धारित गर्छन्। उपन्यासले मानव विकासका विविध कुरालाई आफैंमा लिएर संरक्षण गरी तिनको प्रभावकारितामा वृद्धि गर्दछ। उपन्यास यथार्थपरक हुन्छ चाहे त्यसको कथानक काल्पनिक तथा स्वैर-कल्पनात्मक नै किन नहोस्। वास्तविक संसारमा घटेका घटनाहरूको शृङ्खला र कथिएर बनाइएको कथाको समन्वय पनि उपन्यासमा सघन तरिकाले भएको हुन्छ।[१३]

[१२] प्रतापचन्द्र प्रधान, (सन् १९८३), **नेपाली उपन्यास : परम्परा र पृष्ठभूमि**, दार्जिलिङ : दिपा प्रकाशन, पृ. ७ ।
[१३] कृष्णहरि बराल र नेत्र एटम, (वि. सं. २०६६), (ते.सं), **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, ललितपुर : साझा प्रकाशन, पृ.३ ।

इतिहासले जीवनको प्रतिनिधित्व गर्दछ र उपन्यास इतिहास हो किनभने उपन्यासको विषयवस्तु त्यसरी मिलाएर राखिएको हुन्छ, जसरी इतिहासमा अभिलेखहरू मिलाएर राखिएका हुन्छन्।

मानव सभ्यताको इतिहास, मानवजीवनको आरम्भको यात्रा आदिको पहिलो सञ्चारसँगै मान्छेले भोगेका र आत्मसात् गर्दै आएका अनि त्यस भोगाइले जीवनमा छोडेका प्रभावहरूलाई स्वयम् मान्छेले आफ्ना अनुभूतिमा ग्रहण गर्दै र आफ्ना ज्ञानभण्डारलाई अरूसम्म विस्तार गर्दै आएको ज्ञानविस्तार नै साहित्यका रूपमा विकसित हुँदै आयो। यस ज्ञान सागरमा मान्छेका अनुभूतिका सीमाले आत्मसात् गर्दै आएका लोकाख्यानका पुञ्ज र कथानक केन्द्रित अभिकथनलाई उपन्यासको रूपमा ग्रहण गरिने परम्परा सुदृढ हुँदै आयो।[१४] साहित्यका विभिन्न विधाहरूमध्ये उपन्यास एउटा गद्य विधा हो। उपन्यासले बृहत् संसार ओघटेको हुन्छ र जीवनका कतिपय यथार्थलाई लिएर स्वभाविक एवम् विश्वसनीय ढङ्गमा प्रस्तुत गरेको हुन्छ। मान्छेलाई समाजका रीतिरिवाज, संस्कार, परम्परा आदिले बाँधेको हुनाले आफूपूर्ण सामाजिक प्राणी भएको अनुभव हुन्छ। मान्छेको आफ्नै जीवन भोगाईले पनि सामाजिक परिवेशको निर्णायक भूमिका निभाएको हुन्छ। समाज भनेको व्यक्तिको समष्टि सङ्गठन हो। समाजमा अनेकौं सामूहिक मानवीय क्रियाकलापहरू हुन्छन्। मान्छेले त्यससँग सम्बद्ध साहित्यलगायतका अन्य मानवीय व्यवहारहरू जस्तै सांस्कृतिक, राजनीतिक, धर्ममा विश्वास आदि समाजबाटै सिकेको हुन्छ। समाजमा बसेर मान्छेले संघर्ष गर्दै जाँदा समाजलाई नै परिवर्तन गर्ने वा समाजअनुसार आफू संयोजित हुने जस्ता वातावरण प्राप्त गर्छ। व्यक्तिको समाजप्रतिको विद्रोह अथवा समर्थन, व्यक्तिले समाजलाई दिएको योगदान, समाजले व्यक्तिलाई पुराएको लाभ अर्थात् समाज र

---

[१४] राजेन्द्र सुवेदी, (वि. सं २०६४), **नेपाली उपन्यास परम्परा र प्रवृत्ति,** (दो.सं), वाराणसी : भूमिका प्रकाशन, पृ.१।

व्यक्तिबिच जेजस्ता सम्बन्धहरू घटित हुन्छन् ती सबै अथवा तिनैमध्ये केही उपन्यासमा प्रस्तुत गरिने भएकाले उपन्यासलाई समाजको ऐना पनि भनिन्छ। उपन्यास यस्तै सामाजिक व्यवहारहरूको अभिव्यक्तिका साथै जीवनका नाना प्रकारका अवरोध र विसङ्गतिकाबिच बाँच्ने मान्छेहरूको काल्पनिक लिखित दस्तावेज हो। त्यसैले उपन्यास समाजको 'फोटोकपी' नै नभए पनि मान्छेले समाजका सदस्यका रूपमा गरेका कार्यको अनुकृतिमूलक सिर्जना हो। उपन्यासले समाजको यथार्थलाई प्रस्तुत गर्ने हुनाले उपन्यासमा समाजको प्रस्तुतीकरण हुन्छ र यो समाजकै बारेमा लेखिन्छ। व्यवहार र त्यसबाट प्राप्त उपलब्धि तथा समाजमा घटेका घटना एवम् दुर्घटनालाई नै उपन्यासकारले उपन्यासमा प्रविष्टि दिएको हुन्छ।[१५]

मूलत समाजलाई नै उपन्यासले आफ्नो मूल विषय स्रोत बनाएको हुन्छ। त्यसैले समयानुकूल औपन्यासिक स्वरूप परिवर्तन हुने गर्दछ। उपन्यासको आफ्नै समाजशास्त्र हुन्छ। सामाजिक क्रियाकलापसँग सम्बन्धित औपन्यासिक कथावस्तु सामाजिक संरचनाका विविध पक्षहरू जस्तै सामाजिक, सांस्कृतिक, राजनीतिक, आर्थिक, धार्मिक आदि पक्षहरूसित प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सम्बन्धित रहेको हुन्छ। साहित्य समाजको अनुकरण मात्र नभई पुनर्सिर्जन पनि हो भन्ने एरिस्टोटलको भनाई रहेको छ।[१६] उपन्यासकारले पनि उपन्यासलेखनका क्रममा जीवन र जगत्लाई पुनर्सिर्जन गर्ने गर्छ। अतीतको सामाजिक वर्णन गर्ने ऐतिहासिक उपन्यास होस् वा वर्तमान समाजको वर्णनमा केन्द्रित आधुनिक सामाजिक उपन्यास सबैमा समाजमा घटेका घटनाहरू नै वर्णित हुन्छन् भन्ने पनि छैन। उपन्यासमा अभिव्यक्त जीवनको धरातल मानिसको व्यक्तिगत जीवनभन्दा अपेक्षाकृत उच्च, तीव्र, विशिष्ट र आदर्शको

---

[१५] कृष्णहरि बरालर नेत्र एटन,(वि. सं. २०६६), **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, ललितपुर : साझा प्रकाशन, पृ.११

[१६] पूर्ववत्, पृ.१२

नजिक पनि हुनसक्छ। समय चेतनाको स्वरूपलाई समेट्ने वास्तविक र उपन्यासकारद्वारा कल्पित विषयवस्तुको योगबाट जुन समाजको निर्माण हुन्छ, त्यै नै उपन्यासको समाजशास्त्रीय आधार हो। त्यसैले उपन्यासमा समाजको प्रस्तुतीकरण मात्र नभएर यसको आफ्नै समाजशास्त्र पनि हुन्छ। उपन्यासकार रुद्रराज पाण्डेको **रूपमती** उपन्यासमा प्रस्तुत गरिएको समाज राणाकालीन रूढीवादी संस्कार भएको हुनाले समाज सुधारतर्फ यस उपन्यासको मुख्य लक्ष्य रहेको छ भने हृदयचन्द्रसिंह प्रधानको **स्वास्नीमान्छे** उपन्यासमा प्रस्तुत गरिएको समाजले नेपालको वि. सं २००७ सालको क्रान्तिपछिको प्रजातान्त्रिक अवस्थालाई सङ्केत गर्दछ। पद्मावती सिंहको **समानान्तर आकाश** उपन्यास वि. स. २०४६ सालपछि देखा परेको महिला जागरण र स्वावलम्वनको बढोत्तरीतर्फ केन्द्रित देखिन्छ। उपन्यासको उद्देश्य अनुरूप समाजको प्रस्तुतीकरण पनि विविध रूपबाट हुन सक्छ। मदनमणि दिक्षितको **माधवी** प्रभृति मिथकीय साँस्कृतिक उपन्यासमा तदअनुकुलको उत्तरवैदिककालीन समाजव्यवस्थालाई पुनर्निर्माण गर्ने लक्ष्य राखिएको पाइन्छ भने डायमण्ड शमशेरको **सेतो बाघ** जस्तो ऐतिहासिक उपन्यासमा नेपालको इतिहासका प्रसिद्ध पुरूष जङ्गबहादुरको समयावधिको समाजलाई काल्पनिक रङ्गमा रङ्गाएर उभ्याउने कोशिष गरिएको छ। विशेष स्थान अथवा अञ्चल विशेषको परिवेशको चित्रण गरिएको उपन्यासमा विशिष्ट स्थानीय रङ्गले गर्दा उपन्यासमा आञ्चलिकताको पनि सिर्जना हुन्छ भन्ने कुरा शङ्कर कोइरालाको **खैरिनीघाट** उपन्यासको निश्चित घेराभित्र सीमित समाजको चित्रणले देखाउँछ। समाजको उत्पादन सम्बन्ध र साधनको वितरणको व्यवस्थाका दृष्टिले मानवसमाजको अध्ययन गर्ने प्रगतिवादी उपन्यास होऊन् अथवा मनोविश्लेषणको अन्तर पर्गेल्ने उपन्यास होस् ती सबैमा समाजको प्रस्तुतीकरण र यसको प्रबल भूमिकासमेत रहेको हुन्छ। उपन्यास सामाजिक, आर्थिक, राजनीतिक

आदि विषयवस्तुकै सेरोफेरोमा घुमेर मानिसका विभिन्न आन्तरिक तथा बाह्य जीवनको चित्रण गर्ने माध्यम हो। समाजको संरचनात्मक अध्ययनका क्रममा उपन्यासले त्यसका अवयवहरूका बिचको सम्बन्धलगायत सम्पूर्ण जगतको सोचाइको विस्तृत तथा गहिराइ ठम्याउने सामर्थ्य राख्तछ। उपन्यासमा प्रयुक्त समाज यथार्थ समाजबाट प्राप्त तथ्यमा आधारित हुँदाहुँदै पनि यसले आफ्नै रचनाव्यवस्था सिर्जना गरेर समाजमा गम्भीर प्रभाव पार्ने समेत भएकाले उपन्यासको शक्ति सामाजिक व्यवस्थाका लागि पनि महत्त्वपूर्ण ठानिन्छ। समाजमा उपन्यासको आफ्नै स्तर र लेखकीय निरीक्षणको क्षमता पनि प्रस्तुत हुने हुँदा त्यसका माध्यमबाट गरिने अभिव्यक्तिहरू अत्यन्त सघन र चोटिला हुन्छन्। मानवीय मूल्यको स्थापनामा सङ्घर्षरत समाज, मूल्यको विघटनतिर लागेको समाज वा क्रान्तिको जुझारोपनमा लिप्त भएको समाजको व्यक्तिकरणमा नै उपन्यासको समाजशास्त्रलाई ठम्याउन सकिन्छ।[१७] समाजमा रहेका संस्कृति, सङ्घर्ष, द्वन्द्व र विविध पक्षका समायोजनका कुराहरूलाई उपन्यासले समायोजन गर्ने हुनाले उपन्यास अवश्यै एउटा अध्ययनको विषय पनि हो।

### २.४.१ उपन्यासमा मानव जीवन

मानिसले जीवनलाई सम्पूर्ण रूपमा भोग्न वा अनुभव गर्न सक्तैन। अरूको जीवन दृष्टिलाई उसले आफ्नै जीवनका सार्वजनिक पाटाहरूमा समेत दृष्टि दिन सकेको हुँदैन। यसरी जीवनको जटिलतामा पौडिँदा पौडिँदै नियाल्न नसकिएका जीवनका कतिपय पक्षहरू पनि उपन्यासका दृश्यपटमा प्रक्षेपण गरिएका हुन्छन्। जीवनका सम्पूर्ण भोगाइमा निहित तत्त्वहरू उपन्यासकारका

[१७] कृष्णहरि बरालर नेत्र एटन,(वि. सं. २०६६), **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, ललितपुर : साझा प्रकाशन, पृ.११ ।

शिल्पचेतनाको शरीरीकरण भएपछि त्यसलाई विकीर्ण रूपमा अनुभूत गर्न सकिन्छ।[१८] जीवनको सम्पूर्णतालाई उपन्यासकारले आफ्नो क्षमताद्वारा उपन्यासमा अनुभूतिका रूपमा अभिव्यक्ति गर्दछ। यसैको उदात्त अनुभूति नै पाठक वा श्रोताले प्राप्त गर्दछ। परिणामस्वरूप उपन्यासमा विकीर्ण अनुभूति हुँदाहुँदै पनि त्यसमा एकीय प्रभावको प्राधान्य रहेको हुन्छ, जसले उपन्यासलाई अनेकतामा एकताको मूल्य प्रदान गर्दछ। उपन्यास जीवनको आन्तरिक र बाह्य संरचनाको वास्तविक तर कलात्मक अभिव्यक्ति हो। उपन्यास जीवनको पूर्णकदको तस्बिर हो र अझ कलात्मक प्रस्तुतिमा आउने हुनाले यसलाई वैयक्तिक जीवनभन्दा बढ्ता साझा जीवनको प्रतिच्छाया हो भन्न सकिन्छ।[१९] महाकाव्यको सामूहिकताबाट व्यक्तिवादी प्रवृत्तितिरको सङ्क्रमण नै उपन्यासको विशिष्टता स्वीकार्ने हो भने पनि यसमा व्यक्तिपरक जीवनको वास्तविक प्रक्षेपण गरिएको हुन्छ। उपन्यासको बृहत् आयामभित्र जीवनको सूक्ष्मचरित्र एवम् प्रकृति प्रदर्शित हुने हुनाले यसमा वर्णनको रोचकता एवम् विचारको गहनतासमेत पाइन्छ। सामान्य दृष्टिमा नपर्ने सम्पूर्णताको अभिव्यक्तिमा उपन्यासले आफूलाई अन्य साहित्यिक विधाभन्दा भिन्न रूपमा प्रस्तुत गरेकाले नै यसको वर्चस्व रहेको हो। जीवनको गतिलाई उपन्यसकारले स्वचिन्तनका आधारमा यसरी आफ्नो उपन्यासमा प्रक्षेपण गर्दछ, जसले गर्दा उपन्यास जीवित वस्तुझै प्रवाहित हुँदछ। क्रमहीन क्रमहरू पनि जीवनको कुहिरोभित्र नियमित आकस्मिकताले कसिएझै उपन्यासको वर्णपटमा विशृङ्खलित अभिव्यक्तिहरू पनि सोलोडोलो रूपमा प्रदर्शित हुँदछ। विसङ्गतिमै पनि सङ्गति र शून्यतामा पनि अस्तित्वको बोध हुनु उपन्यासको निजी विशेषता

---

[१८] पूर्ववत्, पृ.९ ।

[१९] राजेन्द्र सुवेदी, (वि.सं. २०६४), (दो.सं), **नेपाली उपन्यास : परम्परा र प्रवृत्ति,** ललितपुर : साझा प्रकाशन, पृ. ५ ।

हो। मानिसको जीवनलाई उसको संस्कारले आधार प्रदान गर्दछ, उपन्यासले त्यसमा संवेदना र विश्लेषित गुण भरिदिन्छ अनि व्यवहारले यथार्थको मूर्तता सिउरिदिन्छ। उपन्यासको व्यापक परिवेशभित्र यी सबै कुराहरू समायोजित हुन्छन्। त्यसैले उपन्यास जीवन भोगाइको एउटा तरेली बनेको हुन्छ। जीवनको आस्था र विश्वासले सिर्जिएको सारवस्तु नै उपन्यास हो। कलाको विराट् अनुभवको उज्यालो औपन्यासिक शिल्पले फिँजाइरहेको हुन्छ, जसमा पाठकले अप्ठ्यारामा बाटो पहिल्याउँछ। मानिस द्वन्द्वबाट नै गतिमय बन्छ। समय द्वन्द्वबाटै क्रियात्मक स्थितिमा पुगेको हुन्छ। मानिस र समयको द्वन्द्वमा फेरि इतिहासको विकासक्रम निर्धारित हुन्छ। यही विकासक्रमकै अभिलेखमा पनि मानवीय जीवनको विशाल पक्ष अनावृत भइरहेको हुन्छ। उपन्यासमा जीवनको प्रक्षेपणले गर्दा इतिहासका कतिपय लुप्त पक्षको उद्घाटन पनि जीवन्त रूपमा हुन पुग्छ। जब उपन्यासमा जीवनको सुवास मगमगाउन थाल्छ अनि मात्र औपन्यासिक विशिष्टता आविर्भाव भएको सूचना प्राप्त हुन्छ। उपन्यास जीवनको समष्टि अस्मितामा अडेको हुन्छ भने जीवन पनिसमष्टि उपन्यासको अस्मितामा दिग्दर्शित हुन्छ भन्ने भनाइबाट उपन्यास र जीवनको बिचको सहसम्बन्ध स्पष्ट देखिन आउँछ।[२०]

जीवनको व्यापक प्रस्तुति र सौन्दर्यपूर्ण कलात्मक अभिव्यक्ति नै उपन्यास हो भन्ने कुरा यसका शिल्पपक्षले सिद्ध गरेको हुन्छ। साहित्येत्तर विधाहरूले दिने जीवनबिम्ब सम्पूर्ण होइन। मान्छेका अस्थिखण्ड, मांसपेशी, स्नायुतन्तु, रोम र रोमकूप, नखदन्तसङ्ख्या, चर्म आयतन मात्र जीवन होइन। विज्ञानले यी सबैको हरहिसाब लाउन सक्छ। इतिहासले नयाँ पुरानो ठम्याउन सक्छ। तर साहित्यले मान्छेको अन्तर्बाह्य दुवै प्रस्तुति प्रतिपादन गर्न सक्छ। जीवनका

---

[२०] कृष्णहरि बरालर नेत्र एटन,(वि. सं. २०६६), **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, ललितपुर : साझा प्रकाशन, पृ.१२ ।

सम्पूर्ण पक्षहरूलाई समीकरण गरेर प्रस्तुत गर्नमा भने उपन्यासमात्र सफल हुन्छ। उपन्यासकै माध्यमबाट एउटा जीवनमा सामूहिक जीवन समीकृत हुनसक्छ र सामूहिक जीवनमा एउटा जीवन केन्द्रीभूत हुनसक्छ। समष्टि समाजको बिम्बलाई एकै समाजमा र एकै समाजको बिम्बलाई समष्टि समाजमा प्रतिबिम्बित गराउन सक्ने अथवा समष्टि परिवेशलाई एकै परिवेशमा र एकै परिवेशलाई समष्टि परिवेशमा प्रदर्शित गर्न सक्ने क्षमता उपन्यासमा हुन्छ। यसैकारण यी सबै कुराहरूको समीकरण गर्न सक्ने गुण भएको रचना नै उपन्यास हो।[२१]

## २.४.२ उपन्यासमा सामज चित्रण र यसका विभिन्न पक्षहरू

पश्चिमी साहित्यिक समालोचनाको इतिहासमा बीसौं शताब्दीदेखि समाजशास्त्रीय दृष्टिकोणको अभिर्भाव भएको हो। त्यसपछि समाजपरक अध्ययनले गतिशीलता प्राप्त गर्न थाल्यो। साहित्यलाई समाजको दर्पण भनिन्छ। साहित्य समाजसँग जोडिएको हुँदा सामाजिक दृष्टिबाट साहित्यिक रचयिता, साहित्यिक कृति र कृतिगत उपयोग र त्यसको प्रभावबारे अध्ययन गरी साहित्यका सामाजिक कारकहरूको विश्लेषण गर्नु र कृतिले पार्ने सामाजिक प्रभावको मूल्याङ्कन गर्नु अनिवार्य ठहर्दछ। उपन्यासमा निरूपित समाजलाई थुप्रै दृष्टिकोणबाट अध्ययन गर्न सकिन्छ। तीमध्ये मुख्यतः सामाजिक, सांस्कृतिक, ऐतिहासिक, आर्थिक, राजनीतिक, धार्मिक आदि दृष्टिबाट औपन्यासिक कृतिको अध्ययन गर्न सकिन्छ। उपन्यासमा चित्रित समाजलाई निम्न, मध्यम र उच्चवर्ग गरी तीन वर्गको आधारमा पात्रहरूको सामाजिक, आर्थिक स्तरलाई हेरेर अध्ययन गर्नु उपयुक्त हुन्छ। यसै परिप्रेक्ष्यमा

[२१] राजेन्द्र सुवेदी, (वि.सं. २०६४), (दो.सं), **नेपाली उपन्यास : परम्परा र प्रवृत्ति**, ललितपुर : साझा प्रकाशन, पृ. ६ ।

उपन्यासकार इन्द्र सुन्दासका दुईवटा आलोच्य सामाजिक उपन्यासहरू **जुनेली रेखा** र **सहारा** उपन्यासमा चित्रित समाजको अध्ययन र विश्लेषण गर्ने कार्य प्रासङ्गिक हुनेछ।

## २.४.३ सुन्दासका उपन्यासमा चित्रित समाज

सामाजिक सन्दर्भमा सुन्दासका उपन्यासहरूमा चित्रित समाज निम्नवर्गीय समाजमा आधारित छन्। भारत स्वतन्त्र हुनअघि दार्जीलिङका चिया कमानमा काम गर्ने साधारण चिया श्रमिकहरूको दयनीय सामाजिक जीवनको विषयलाई लिएर लेखिएका उनका उपन्यासहरूमा निम्नवर्गीय समाजको चित्रण पाइन्छ। उनका **जुनेली रेखा** र **सहारा** उपन्यासका पात्रहरू पनिधेरै जसो चिया श्रमिकहरू रहेका छन्। उनीहरू चिया कमानका श्रमजीवी गरी खाने हुनाले उनीहरूको जीवनमा कसैलाई पनि पुगिसरी छैन।

**जुनेली रेखा** उपन्यासमा एकातिर चियाबारी समाजमा सोझा-साझा र अल्पशिक्षित श्रमजीवी चिया श्रमिकहरूको सामाजिक अवस्थिति रहेको छ भने अर्कोतिर शहरीया परिवेशका साधारण रेल कर्मचारी, सानोतिनो होटल चलाएर जीवन धान्ने होटल व्यवसायीहरू, जुत्ता पसलेहरूको समाज पनि रहेको छ। मालिनी, जसे, सञ्चमान, राइटर बाबु आदि गाँउले परिवेशका पात्रहरू हुन् भने टेसु ड्राइभर, ब्रिक्मान, बूढा दोकानेआदि शहरीया परिवेशका पात्रहरू हुन्। यसरी **जुनेली रेखा** उपन्यासमा दुई किसिमका भिन्नभिन्नै समाजको उठान गरिएको छ।

भारतबर्ष स्वतन्त्र हुनुभन्दा अघि अथवा ब्रिटिस उपनिवेशकालमा दार्जिलिङका चिया श्रमिकहरूको सामाजिक स्थिति कस्तो थियो भन्ने यथार्थ कुरालाई देखाउनमा सुन्दासका उपन्यासहरू सक्षम छन्। उनका उपन्यासमा एकातिर शोषित र

दमितवर्ग रहेको छ भने अर्कातिर शासकवर्ग रहेको छ। एक प्रकारले सुन्दासका उपन्यासमा ब्रिटिसहरूको हैकमवादी समाज रहेको पाइन्छ। चिया कम्पनि भन्नाले कमानको मालिकवर्ग बुझ्नु पर्ने हुन्छ। कम्पनिले कमानमा एकजना ब्रिटिस मेनेजर नियुक्त गरेर राखेको हुन्छ। कमानमा तिनै मेनेजरको हुकुम चल्छ। न्याय-कानुन उसको आफ्नो इच्छा अनुसारको हुन्छ। न्याय दिनु, दण्ड दिनु उसकै हातमा हुन्छ। त्यसैले आफुलाई मन नपरेको मान्छेलाई सानोभन्दा सानो भूलमा पनि ठूलो सजाय दिन्छ। यसरी कमानमा मेनेजर साहेबको हुकुम चल्छ। या श्रमिकहरूलाई हट्टाबाहिर गर्न तथा गाँउ निकालासम्म गर्न पनि साहेब पछि हट्दैन। त्यस्तै परिवेशमा साहेबका कामुक आँखा तरूणी विधवी मालिनीमाथि परेको हुन्छ। तर जसेले मालिनीलाई मन पराएको कुरा सुनेपछि साहेबले जसेलाई हट्टाबाहिरको सजाय सुनाउँछ। यस किसिमको अन्यायपूर्ण र दुःखदपूर्ण घटना तत्कालीन चियाबारी समाजमा बारम्बार हुने तथ्यलाई सुन्दासको प्रस्तुत उपन्यासमा चित्रण गरिएको छ।

यसै गरी **सहारा** उपन्यासमा पनि चिया श्रमिकहरूकै सामाजिक जीवनलाई औपन्यासिक विषयवस्तुको रूपमा ग्रहण गरिएको छ। चियाबारी समाजको गाँउले परिवेशको चित्रण यस उपन्यासमा पाइन्छ। साधारण चिया श्रमिक तथा कर्मचारीहरूको जीवन दृष्टि प्रदान गर्ने **सहारा** उपन्यास कमाने समाजकै सेरोफेरोमा केन्द्रित रहेको छ। हैकमवादी समाजमा अल्पशिक्षित चिया श्रमिकहरूलाई आम्नेसाम्ने राखिएको समाजको चित्रण सहारा उपन्यासमा पाइन्छ। कमानका साहेबहरूद्वारा चिया श्रमिकहरूमाथि अन्याय र अत्याचार भएका थुप्रै मार्मिक कथाहरू बोकेको प्रस्तुत उपन्यास ब्रिटिस मेनेजरहरूका अन्याय र अत्याचार प्रतिको विरोधमा उभिएको छ।

स्वतन्त्रतापूर्व भारत कस्तो थियो र अङ्ग्रेजहरूले भारतमा कसरी शासन गरिरहेका थिए भन्ने कुरालाई प्रष्ट पार्ने उद्देश्य लिएर लेखिएको प्रस्तुत उपन्यासले चियाबारीको निम्नवर्गीय समाजको चित्रण गरेको छ। उनीहरूको जीवन कमानमै शुरू भएर कमानमै बितेको हुन्छ। कमानमा आफुले भने जस्तो मन खुशी गर्न पाइँदैन। साहेबहरूको खटन अनुसार चल्नुपर्छ। एक दुई दिन बिमार भएर घरमा बस्यो भने रोज काटिदिने डर हुन्छ। आफ्नो मनको कुरा स्पष्ट खोल्न पाइँदैन। आफुले गरेको सानो भूलको कारणले कतिपय श्रमिकहरू हट्टाबाहिर हुन पुगे भने साहेबले गरेको ठूलोभन्दा ठूलो पाप पनि लुकाइएको समाजको चित्रण सुन्दासको यस उपन्यासमा पाइन्छ। साहेबले भालुलाई ताकेर गोली हान्दा सो गोली हौदेलाई लागेर ऊ मरेको घटनाबारे कसैले थाहै पाएनन्, किनभने साहेबहरूले गरेको नराम्रो कुरा लुकाइन्थ्यो। तत्कालीन उपनिवेशकालको चियाबारी समाजको चित्रण गरिएका **जुनेली रेखा र सहारा** उपन्यासमा चित्रित समाजको अध्ययन र विश्लेषण आगामी अध्यायमा गरिनेछ।

# तेस्रो अध्याय

## ३. इन्द्र सुन्दासका 'जुनेली रेखा' र 'सहारा' उपन्यासमा वर्णित समाज

### ३.१ इन्द्र सुन्दासको संक्षिप्त परिचय

नेपाली साहित्य जगतमा आफ्नो उपन्यासकारिताको छाप छाड्ने इन्द्र सुन्दासको जन्म सितम्बर २२ सन् १९१८ को दिन खरसाङको सिपाहीधुरामा भएको थियो। उनी शान्तवीर सुन्दास र वेदमाया सुन्दासका सुपुत्र हुन्। शान्तवीर सुन्दास शिक्षासचेत व्यक्ति हुनाले इन्द्र सुन्दासले सानै उमेरदेखि असल शिक्षा पाउनसके। उनले स्कट् मिशन लोवर प्राइमेरी स्कूल सिपाहीधुराबाट औपचारिक शिक्षा प्रारम्भ गरी सन्त मेरिज स्कूल, खरसाङमा छैटौं कक्षासम्म अध्ययन गरे। त्यसपछि सन् १९३१ मा सरकारी उच्च विद्यालय, दार्जीलिङबाट मिडल इङ्गलिश स्कूलको स्कलरशीप परीक्षामा प्रथम भएर चार बर्षका निम्ति छात्रवृत्ति पाए तापनि त्यहाँ एक वर्षमात्र अध्ययन गरी फेरि सन्त मेरिज स्कूल, खरसाङमा फर्केर अध्ययन गर्न थाले। उनले सन् १९३६-मा म्याट्रिक र सन् १९४०- मा कलकत्ता विश्वविद्यालयबाट बी. ए. परीक्षा उत्तीर्ण गरेर सरकारी जागिरमा प्रवेश गरे। आफ्नो जागिरे जीवनमा उनी जिल्ला सूचना र प्रचार विभागका जिल्लाधिकारी, विकास योजना अधिकारी, डिपुटी म्याजिस्ट्रेट हुँदै प्रथम श्रेणीका मेजिस्ट्रेट हुन पुगेका थिए। उनले रामकृष्ण वेदान्त आश्रम, दार्जीलिङका तत्वावधानमा नेपाली समाजको सांस्कृतिक उन्नतिका निम्ति गरिएका विभिन्न कार्यक्रम एवम् गतिविधिहरूमा सक्रिय रूपले भाग लिने गर्थे। सन् १९५९-मा पुनर्गठित नेपाली साहित्य सम्मेलन, दार्जीलिङका कार्यकारिणी सदस्य तथा प्रकाशन उप-समितिका मनोनीत सदस्य रहेका थिए। इन्द्र सुन्दास सानैदेखि सङ्गीतमा रूची लिने र सेन्ट मेरिज स्कूलमा

पढदा त्यहाँ भएका कतिपय सांस्कृतिक कार्यक्रममा भाग लिने गर्थे तापनि सरकारी उच्च विद्यालय, दार्जीलिङमा अध्ययनरत छँदा सूर्यविक्रम ज्ञवाली, धरणीधर शर्मा र पारसमणि प्रधानजस्ता शिक्षकहरू सम्पर्कमा आउँदा उनीहरूको प्रेरणा-प्रोत्साहनले उनले साहित्य लेख्न थालेका हुन्। पश्चिम बंगाल सरकारको अधीनमा जागीर खाँदा मेजिस्ट्रेट जस्तो पदमा पुगेर पनि साहित्यमा निरन्तर कलम चलाइरहने इन्द्र सुन्दासले मौलिक कृतिहरूका साथसाथै अन्य धेरै महत्त्वपूर्ण कृतिहरूको अनुवाद पनि गरेका छन्। उनीद्वारा अनुवाद गरिएका कृतिहरूमा **टाल्सटायका कथा, पिताका पत्र छोरीलाई, संक्षिप्त आत्मकथा, लघु-कथासंग्रह, पद्मा नदीको माझी र बंगला साहित्यको इतिहास** प्रमुख हुन्।

इन्द्र सुन्दासले सन् १९४० देखि नै साहित्य लेखनको क्षेत्रमा कलम चलाएका हुन्। उनको पहिलो कथा **गाडीवान** हो, जुन सन् १९४० सालको **खोजी** पत्रिकामा प्रकाशित भएको थियो। यसबाहेक अन्य लेखहरू **भारती**, **प्रभात**, **सुस्केरा**, **युगवानी**, **दियालो** आदिमा प्रकाशित भएका थिए।

लेखन एवम् प्रशासनका क्षेत्रमा समानरूपले कलम चलाउने लेखकहरूमध्ये सुन्दास पनि एक हुन्। इन्द्र सुन्दासका कथामा ठूला सरदार, ओवरसियर, अफिसर आदिभन्दा बढी शैक्षिक वा आर्थिक मानदण्डले निम्न स्तरकै पात्रहरू पाइन्छ। सुन्दासले आफ्नो लेखनमा विशेषतः भारतीय नेपाली समाजकै चित्रण गरेका हुन्छन्। उनका कथा-उपन्यासहरूमा नेपालतिरका पाठकले आफ्नो समाजको स्पन्दन नपाउलान्, तर सम्पूर्ण मानवताको शाश्वत् समस्या भने उनका कथा-उपन्यासले बोकेका छन्।

ईश्वर बरालले सुन्दासको पहिलो प्रकाशित कथा भनेर **चामलको महँगी** (युगवानी, बर्ष १ अङ्क २६, ५ अगस्ट, बनारस, सन् १९४८) मानेका छन् भने **सम्मेलन**

**कथा संग्रह** (ने.सा.स, दार्जीलिङ, सन् १९७७)- का सम्पादकगणले **गाडाबान** (पछि **गाडीमान, खोजी** वर्ष १, अङ्क ५, जनवरी सन् १९४१) कथालाई इन्द्र सुन्दासको पहिलो कथा मानेको पाइन्छ, तर स्वयम् इन्द्र सुन्दासले भने दशौं श्रेणीको छात्र हुँदा लेखेको **सपनाको सम्झना** (**परिवर्तन**, कालेबुङ, जुन, सन् १९३६)-लाई उनको पहिलो प्रकाशित कथा हो भनी **रानीखोला** (कथा सङ्ग्रह, सन् १९३७)-को भूमिकामा स्पष्ट लेखेका छन्। यसैले लेखकको भनाइकै आधारमा **सपनाको सम्झना** नै उनको पहिलो प्रकाशित कथा देखिन आउँछ। स्थानीय परिवेशमा विशेष ध्यान दिने हुनाले उनका कथामा आञ्चलिकता राम्ररी झल्किएको पाइन्छ। कलात्मक एवम् सरल भाषा शैलीमा लेखिएका कथा-उपन्यास सबै खाले पाठकहरूले रुचिका साथ पढ्न मन पराउँछन्। इन्द्र सुन्दास कथा-उपन्यास सँगसँगै निबन्ध-प्रबन्ध विधामा पनि सफल रहेका देखिन्छन्। **सपनाको सम्झना** प्रकाशित हुनुभन्दा पहिले उनको **सर्वोपकारी** (**परिवर्तन**, वर्ष २, संख्या १, कालेबुङ, फरवरी सन् १९३६) शीर्षक प्रबन्ध प्रकाशित भएको पाइन्छ।

सुन्दासले कथा, निबन्ध, प्रबन्ध र अनुवाद सँगसँगै उपन्यास विधामा पनि कलम चलाएका छन्। उनका उपन्यासहरू **मङ्गली** (सन् १९५८), **जुनेली रेखा** (सन् १९७९), **नियति** (सन् १९८२) र **सहारा** (सन् १९९५) हुन्। **जुनेली रेखा** र **सहारा** उपन्यासमा अङ्ग्रेज साहेबहरूले गरीब, मजदुरी गरीखाने, खटीखाने चियाबारीका मजदुरहरूमाथि गरेको अन्याय, अत्याचार र शोषणको खुल्ला विरोध गरिएको छ। मानिसले चाहेका खण्डमा आफ्नो इलम र पौरखद्वारा कहीँ पनि गरिखान सक्तछ, जिउन सक्छ भन्ने यथार्थलाई उनका उपन्यासहरूमा स्पष्ट दर्शाइएको छ।

उनका चारवटा प्रकाशित उपन्यासहरूमध्ये **जुनेली रेखा** उपन्यासले भानुभक्त पुरस्कार र **नियति** उपन्यासले सन् १९८३ मा साहित्य अकादेमी, नयाँ दिल्लीबाट

**साहित्य अकादेमी पुरस्कार** प्राप्त गरेका थिए। उक्त चर्चित चारवटा उपन्यासहरूमध्ये विशेषतः **जुनेली रेखा** उपन्यासर **सहारा** उपन्यासको केन्द्रीयतामा उपनिवेशकालीन दार्जिलिङको चियाबारी समाजको अध्ययन नै प्रस्तुत शोधकार्यको लक्षित विषय हो। निम्नलिखित उपशीर्षकहरूका आधारमा यस विषयको अध्ययन प्रस्तुत छ।

## ३.२ विषय प्रवेश

सामाजिक संरचनाका विविध घटकहरू जस्तै पारिवारिक, सामाजिक, सांस्कृतिक, आर्थिक, राजनैतिक, धार्मिक आदिको पारस्परिक सम्बन्धबाटै मानव समाज निर्माण भएको हुन्छ। तिनै सामाजिक संरचनाका विविध घटकहरूको प्रस्तुतिले गर्दा उपन्यासमा चित्रित समाजलाई समाजशास्त्रले वैज्ञानिक अध्ययन गर्दछ। उपन्यासकार व्यक्ति भए तापनि उनीद्वारा उपन्यासमा अभिव्यक्त जीवन सामाजिक भोगाईको अभिव्यक्ति हो। त्यसैले उपन्यासमा चित्रित समाजलाई साहित्यको समाजशास्त्रका माध्यमबाट हेर्नु उपयुक्त हुनेछ। यस सम्बन्धमा उपन्यासकार इन्द्र सुन्दासका विवेच्य उपन्यासहरू (**जुनी रेखा र सहारा**)-मा चित्रित समाजको सामाजिक अध्ययन गर्नु प्रासाङ्गिक हुनेछ।

सामाजिक यथार्थवादमा आधारित **जुनेली रेखा** र **सहारा** उपन्यासको पृष्ठभूमि भारतबर्षमा अङ्ग्रेजहरूको उपनिवेशकालीन परिवेश नै हो। भारतको पश्चिम बङ्ग राज्यको दार्जिलिङ र यसका सेरोफेरोको चियाबारी क्षेत्रलगायत दार्जिलिङ शहरमा केन्द्रित यी दुई उपन्यासका कथाबस्तुले ब्रिटिश शासनकालीन दार्जिलिङका नेपालीहरूको आर्थिक अवस्था र चियाकमानहरूको सामाजिक र आर्थिक दुरावस्थाका यथार्थ चित्रण गर्दै तत्कालीन परिस्थितिको दिग्दर्शन गराएका छन्। यी उपन्यासहरूमा घटित घटनाहरू ऐतिहासिक सत्यमा आश्रित यथार्थ छन्, तिनको कथाको प्रस्तुति मात्र काल्पनिक हो।

सुन्दासका विवेच्य उपन्यासहरू **जुनेली रेखा** र **सहारा**-मा गाउँले अथवा चियाबारी समाज र शहरीया समाज दुवैको चित्रण पाइन्छ। तत्कालीन चियाबारीको व्यवस्था उपनिवेशवादी अङ्ग्रेजहरूको खटनमा चल्थ्यो भने त्यसको तुलनामा शहरीया जीवन केही स्वतन्त्र थियो। तिनै दुई समाजको तत्कालीन वस्तुस्थितिको अध्ययन विवेच्य दुई उपन्यासहरूका माध्यमबाट निम्नलिखित उपशीर्षकहरूको आधारमा प्रस्तुत छ।

**जुनेली रेखा** र **सहारा** उपन्यासमा निम्न, मध्यम र उच्च आर्थिकवर्गका मानिसहरू रहेका छन्। अर्थ अथवा कमाई वा धनले मान्छेको आर्थिक स्थिति छुट्याउने गरिन्छ। आय-आर्जनको हिसाबले मार्क्सवादीहरू मान्छेको जीवनस्तरलाई उच्च, मध्यम र निम्नवर्गमा छुट्याउँछन्। यी दुई विवेच्य उपन्यासहरूमा तीनवटै वर्गका मानिसहरू पाइन्छन्। यसै आधारमा **जुनेली रेखा र सहारा** उपन्यासमा चित्रित तीनै वर्गका सामाजिक स्थितिको चर्चा यहाँ गरिन्छ।

## ३.३ जुनेली रेखा उपन्यासमा चित्रित समाज

**जुनेली रेखा** उपन्यासको कथावस्तुको सार प्रस्तुत गर्दै निम्नलिखित उपशीर्षकहरूका आधारमा यस उपन्यासमा चित्रित समाजको अध्ययन र विश्लेषण गरिनेछ।

### ३.३.१ जुनेली रेखा उपन्यासको सार

जुनेली रेखा उपन्यासको कथावस्तु धनेको मृत्युबाट प्रारम्भ हुन्छ। धने बडासाहेबको कोठीको बगैँचामा काम गर्ने माली हो। एक दिन रगतमासीले गर्दा युवावस्थामा नै उसको मृत्यु हुन्छ। उसकी स्वास्नी मालिनी तरूणी अवस्थामा नै विधवी बन्न पुग्छे। यसरी विधवी बन्न पुगेकी मालिनीले साहेबसँग अनुरोध

गरी कोठीको बगैंचामा रिक्त रहेको मालीको स्थानमा लोग्नेको सट्टा काम गर्न थाली। तरूणी मालिनीलाई एक नजर देख्ने बित्तिकै साहेबले उसलाई काम दिएको थियो। त्यही कमानको श्रमिक जसेकी स्वास्नीको पनि भर्खरै मृत्यु भएको हुनाले जसे पनि एक्लो थियो। उसले आफ्नो र मालिनीको पीर एउटै सम्झी समय समयमा ऊ आफ्नो दुखेसो पोखाउन मालिनीको घरमा जाने गर्थ्यो। यसरी आउजाउको क्रम बढ्दै जाँदा जसे मालिनीप्रति आकृष्ट हुँदै गयो। एक दिन रक्सी पिएको झोंकमा उसले मालिनीसँग प्रेम प्रस्ताव राख्छ। समाजले आफुलाई के भन्ला भन्ठानेर मालिनीले जसेलाई आफ्नो घरमा आउन निषेध गरिन्।

जसे घरिघरि मातेर मालिनीको घरमा आउन थालेदेखि उसलाई जसेको नियत राम्रो लागेन। छिमेकीहरूको सल्लाहअनुसार मालिनीले जसेको कुनियत बारे साहेबलाई पोल हाल्छे त्यो खबर सुन्नेबित्तिकै साहेबले जसेप्रति नराम्रो व्यवहार गर्दै उसलाई हट्टाबाहिर पठाउने सजाय दिन्छ। राइटर बाबु र सञ्चमानलाई पठाएर रातारात जसे घरखालि गरेर उसलाई त्यहाँबाट खेदाउनु भन्ने हुकुम दिन्छ। उनीहरूको जागीर जाने डरको कारण राइटर बाबु र सञ्चमान जसेलाई हट्टाबाहिर गर्नु विवश बन्छन्।

भोलिपल्ट बिहानै भालेको डाकभन्दा अघि जसे कमान छाडेर जानभन्दा अघि आफ्नो आँगनमा फलेको इस्कुस र फर्सीका गट्टा मालिनीको ढोका अगाडि राखेर जसे पलायन हुन्छ। हेली कमानका चैनधोज सरदार र शहरका दोकाने बूढाको सहायताले टेसु नामको रेलको ड्राइभर एकजना अङ्ग्रेज साहेबको घरमा मासिक दश रुपियाँमा जसेले काम गर्न थाल्यो। उसलाई मेकी कमान र मालिनीको मायाले घरिघरि सताउँथ्यो। कहिलेकाहीं उसले यो दुर्दशा गराउने मालिनीलाई साटो फेर्ने

सङ्कल्प पनि गर्थ्यो। समय बित्दै जाँदा जसे दार्जिलिङ सहरको वातावरणमा आफूलाई अनुकूल तुल्याउन समर्थ भयो।

जसे त्यहा काम गर्दागर्दै टेसु ड्राइभर तीनधारे बदली हुन्छ। जसे अलपत्रपर्ला भन्ने सोचेर ड्राइभर साहेबले उसलाई सोल्जर्स क्लबमा महिनावारी पन्ध्र रूपियाँ तलबमा चौकिदारको काममा लगाइदिई राखेर तीनधारे सरुवा भई जान्छन्। उता कमानमा साहेबले मालिनीलाई 'छोकडी' बनाएर राख्ने षड्यन्त्र गरिरहेको हुन्छ। एक दिन जसे कसैले थाहा नपाई कमानभित्र जान्छ र मालिनीलाई भेटेर आउँछ। अलिक समयपछि साहेबको पञ्जाबाट भागेर मालिनी पनि जसेको साथ लागेर दार्जिलिङ आउँछे। बुढा दोकानेले मालिनीको बिषयमा पहिले नै सुनिसकेको हुन्छ। त्यसैले उनीहरूलाई टिकाटालो गरी विवाह बन्धनमा बाँधिदिन्छ।

### ३.३.२ उपन्यासको समाज र त्यसको परिवेश

भारतवर्षमा व्यापारको उद्देश्य लिएर प्रवेश गरेका अङ्ग्रेजहरूले विस्तारविस्तार आफ्ना आर्थिक, राजनैतिक प्रभुत्व जमाएका थिए। अठाह्रौ शताब्दीको पूर्वार्द्धमा भारत प्रवेश गरेको अङ्ग्रेजहरूले भारतमा लगभग दुई सय वर्षसम्म आफ्नो उपनिवेशवादी शासन चलाए। त्यसपछि भारतका महात्मा गान्धीको नेतृत्वमा स्वतन्त्र संग्रामीहरूको संघर्षको फलस्वरूप अङ्ग्रेजहरू भारतलाई स्वतन्त्र राष्ट्रको रूपमा छोडी आफ्नो देशतिर फर्के। त्यही उपनिवेशकालमा जन्मिएका व्यक्ति शोधनायक इन्द्र सुन्दास हुन्। उनको जन्म २२ सितम्बर १९१८ मा दार्जिलिङको सिपाही धुरामा भएको थियो।

ब्रिटिसकालमै दार्जिलिङमा जन्म लिएका उपन्यासकार सुन्दासले दार्जिलिङका चियाकमानका मानिसहरूको दुःख-सुख, पीरमर्का बुझेका, देखेका थिए। त्यसैले उनी उपन्यासको भूमिकामा लेखछन्-

> यस उपन्यासका दृश्यहरू छन्, उहिलेका, अहिलेका होइनन्, अनि यसमा घटनाहरू जति छन्, ती आफ्नै कानले सुनेका, आफ्नै आँखाले देखेका, आफ्नै छातीले अनुभव गरेका, कुनै पनि असम्भव थिएन, सबै सम्भव थियो। यो ऐतिहासिक सत्य हो। **(जुनेली रेखा, पहिलो संस्करण, प्राक्कथन)**

जुनेली रेखा उपन्यासमा चित्रित साहेब पात्र (कमानका मेनेजर)- लाई कमानको शासकको रूपमा चिनाइएको कुराबाट पनि यस उपन्यासको पृष्ठभूमि उपिवेशकालीन परिवेशको समाज हो भनी सोझै अनुमान लाउन सकिन्छ। यस उपन्यासमा ब्रिटिसकालमा दार्जिलिङका चिया श्रमिकहरूको अवस्था कस्तो थियो, तिनीहरूमाथि ब्रिटिसहरूले कसरी अन्याय र अत्याचार गर्थे भन्ने कुराको पुष्टि यस उपन्यासमा गरिएको छ। कमानमा सबै कुरा साहेबकै हातमा थियो। कमानमा उसकै मनमानी हैकम चल्थ्यो। उदाहरण स्वरूप यस भनाईलाई हेर्न सकिन्छ-

> साहेब उसको रोजीरोटी दिने मालिक, उसले जसो गरे पनि हुने, कमानको राजा, उसलाई सात खून माफ छ। कमानभित्र जेसुकै भन्न पाउने, जस्तोसुकै ऐन चलाउन पाउने उसको अधिकार छ। त्यसको प्रतिवाद गर्न पाइँदैन, खालि सुन्नुपर्छ, सहनुपर्छ आफ्नै रगतको थोपी निल्दै वा हृदय जलाएर खरानी पार्दै। **(जुनेली रेखा, पृ. ६३)**

विवेच्य उपन्यास सन् १९७९ मा अथवा भारतको स्वतन्त्रता पश्चात लेखिएको भए तापनि यस उपन्यासमा ब्रिटिस शासनकाल अथवा परतान्त्रिक समयलाई नै देखाइएको छ। उदाहरणको निम्ति जसे हट्टाबाहिर भएर दार्जिलिङ पुग्दा उसले आफ्ना सबै कुरा बुढा दोकानेलाई बताइसकेपछि बुढा भन्छन्-

> के गर्छस् बाबै ! यो कुइरेको खालले शक्ति, बुद्धि र भाग्य ता पाएकै हो, तर साह्रै मतलबी। काला आदमीलाई मान्छे गन्दैन, बरू कुकुर बिरालोलाई मानभाउ गर्छ, सँगै खुवाउँछ, जूठो पनि मान्दैन, सँगै सुताउँछ, बिमार भो भने उसैउसै फिक्री गरेर डाग्दर लाउँछ, मान्छेलाई चैं छैन, गोरू जस्तो जोताउन पाए र रस चुस्न पाए भैगो। यस्तै त छ । यसै उसले गाँधी महात्माले यिनलाई थरहरी पार्दैछन्। तिमीहरूभन्दा कलिला मधेसमा केटाहरूले मौका खोजी खोजी गोली ठोक्छन्। हामीचैं पहाडका लाटासुधा, निमेकको सोझो,जसो गरे पनि सहिराकै छौ ।**(जुनेली रेखा, पृ. ३१)**

माथिका भनाईमा एक ठाउँमा यसै उसले गाँधी महात्माले यिनलाई थरथरी पार्दैछन् भनिएको भनाईबाट उपन्यासको औपन्यासिक समाजको परिवेश भारत स्वतन्त्र हुनअघिकै हो भन्ने स्पष्ट हुन्छ।

उपन्यासकार सुन्दासले **जुनेली रेखा** उपन्यासमा मेकी कमानको काल्पनिक नाम दिए तापनि दार्जिलिङका सेरोफेरोमा भएका चियाकमानहरू, दार्जिलिङ शहरस्थित रेल्वे स्टेशन, रेडक्रस, कमर्सियल रोड, नेहरू रोड, थिएटर रोड, प्लाजा सिनेमा, सोल्जर बोर्ड, चौरस्ता, लेबोङलगायत तीनधारे आदि भएकै स्थानहरूको वर्णन गरेका छन्। उपन्यासका पात्रहरूका कार्यव्यापार हुने मूल केन्द्रस्थल दार्जिलिङ शहर र नजिकको मेकी चियाकमान हुन्। यस उपन्यासमा ब्रिटिशकालको दार्जिलिङ शहर र स्थानीय चियाकमानको दयनीय अवस्थाको चित्र प्रस्तुत गरिएको छ। मेकी कमान काल्पनिक नाम भए तापनि मेकीजस्ता चियाकमानहरू दार्जिलिङको सेरोफेरोमा अधिक भएकाले काल्पनिकताभित्र वास्तविकता रहेको यो एउटा यथार्थ पक्षको चित्रण भएको उपन्यास हो।

यस उपन्यासमा वर्णन गरिएको मेकी कमान काल्पनिक हो तर यस उपन्यासमा प्रयुक्त कतिपय ठाउँहरू भने काल्पनिक होइनन् तर भारत स्वाधीन

भएपछि ती ठाउँहरूको नाम परिवर्तन गरियो। यस कुरालाई पुष्टि गर्न प्राक्कथनमा इन्द्र सुन्दास भनछन्-

> यसमा सङ्केत गरिएका मेकी कमान, हेली कमान र सेती खोला मानचित्रमा खोजे पाइँदैनन्, ती काल्पनिक हुन्, तर मेकी कमानलाई उस बेलाका चियाकमानहरूको एउटा प्रतीक सम्झे किञ्चित् त्रुटि हुनेछैन। भारत स्वाधीन भएपछि मुलुकभरिका बाटा-घाटा, गाउँ-ठाउँ, साँघु-सेतु तथा यावत् प्रतिष्ठान आदिको एकपटक फेरि न्वारान गरिदिने बाढी चल्यो। त्यसैको फलस्वरूप यो पुस्तकमा समावेश गरिएको सोल्जर्स् क्लब रेड-क्रस औजिल्ला- परिषद् बिल्डिङमा परिणत भएको हो, उसरी नै कमर्सियल रोड नेहरू रोडमा, थिएटर रोड डाक्टर एस. एम. दास रोडमा प्लाजा सिनेमाचाहिँ अगावै रिङ्क सिनेमा भइसकेको थियो। एवं दोर्जेलिङको रेल-स्टेशनलाई हेर्दा यसले प्राचीनता कायम राखेको झल्कन्थ्यो। त्यो बुझ्न गाह्रो पर्दैन किनभने त्यसको एउटा शाखा रेल्वे-मालगोदाम जज बजारमा अझ पनि छँदैछ।

सुन्दासको **जुनेली रेखा**-मा चियाबारीको ग्रामीण समाज र शहरीया समाज गरी दुई किसिमका समाजको चित्रण पाइन्छ। ती समाजको वस्तुस्थिति के कस्तो थियो भन्नेबारे विभिन्न पक्षबाट त्यसको चर्चा गर्नु उपयुक्त हुनेछ।

### ३.३.२.१ चियाबारी समाज

उपनिवेशकालमा त्यसै पनि देश स्वतन्त्र त थिएन। भारतका सबै राज्य नै अङ्ग्रेजको अधीनमा थिए। त्यसैगरी जुनेली रेखा उपन्यासमा वर्णित दार्जीलिङको मेकी चियाकमान (कल्पित कमान) पनि अङ्ग्रेजकै अधीनमा थियो। त्यहाँ चिया श्रमिकहरूको ग्रामीण स्तरको एउटा सिङ्गो समाज थियो। तल्लो धुरा र माथिल्लो धुरा गरी दुई धुरामा विभाजित दुईवटा गाउँले समाज देखिए तापनि उनीहरू एउटै गाँउ समाजका बासिन्दा थिए। कमानका कर्मचारीहरूको रोज एकदमै न्यून थियो। आफुले चिताए जस्तो खान र लाउन तिनीहरूलाई धौधौ पर्थ्यो। बत्ती, पानी, दवाई, स्कूल, बाटोघाटो केहीको पनि

राम्रो व्यवस्था र सुविधा थिएन। साहेबले श्रमिकहरूको दुःखसुख, कष्टपीडा केही बुझ्दैन थियो। भाडाका टट्टु जस्तो उनीहरूको जीवन बितिरहेको थियो। सधैं साहेबको डर बोकेर बाच्नु पर्ने वाध्यता थियो। आफुले कुनै काम बिगार्‍यो अथवा साहेबको नजरमा गिर्‍यो भने चियाश्रमिकहरूको मनमा हट्टाबाहिर हुने डर भइरहन्थ्यो। त्यस बेलाको समाजमा श्रमिकहरू आफ्नो हक, हित र सुरक्षाका निम्ति बोल्न पाउने कुनै नियम-कानुन र अधिकार थिएन। यदि कसैको पक्षमा बोल्न पुगे साहेबको गाली सुन्नु पर्थ्यो। यस सम्बन्धमा एउटा उद्धरण प्रस्तुत गरेर हेर्न सकिन्छ- **जुनेली रेखा** उपन्यासका केन्द्रीय पात्र जसेलाई कमानका साहेबले हट्टाबाहिरको सजाय सुनाउँदा राइटर बाबुले

> हजुर, जसेलाई हट्टाबाहिरको सजाय कडा भयो, माफी दिनोस्, सजाय कम्ती गर्दिनोस्, बरू दुइ दिन काम नदिनोस्, रोज काटिदिनोस्, ऊ कमानको एउटा राम्रो कुल्ली हो, उसको योभन्दा अघि कुनै खराब रिपोर्ट छैन....। **(जुनेली रेखा, पृ.१८)** भन्दा साहेबले राइटर बाबुलाई "बाबु! तिमी उसको उकील हो ? मेरो हुकुममा तिम्रो नाक नबढाऊ। हुकुमको जवाब छैन, मान्नु, ठीक-ठीक इधर उधर नहीं माँगता। **(जुनेली रेखा, पृ.१८)** भनी उल्टै हपार्छन्।

विवेच्य उपन्यासमा यस किसिमको ग्रामीण स्तरको तत्कालीन चियाबारी समाजको दिग्दर्शन दिइएको छ।

### ३.३.२.२ शहरीया समाज

उपन्यासकार सुन्दासका सामाजिक यथार्थवादी उपन्यासहरूमा वर्णित सामाजिक परिवेशअनुसार गाउँले समाज र शहरीया समाजकाबिच आकाश र पातालको भिन्नता देखाइएको छ। कमान कम्पनीको अधिनस्थ थियो, त्यसैले त्यहाँ अङ्ग्रेज साहबले नै हैकमवादी शासन चलाउँथे। कमानमा उसकै हुकुम, निया-निसाफ चल्थ्यो,

तर शहरका मानिसहरू कसैका अधीनमा बस्नु पर्दैन थिए। शहरकाहरूले आफ्नो चिनाजाना भइसकेको मान्छेलाई दुःखमा सहयोग गर्थे। दार्जिलिङ शहरमा बस्ने नेपालीहरूमाझ एकअर्कामा सहयोगी भावना रहेको कुरा **जुनेली रेखा** उपन्यासका पात्रहरूको मानवीय व्यवहारबाट छर्लङ्ग हुन आउँछ। दोकाने बुढाले जसेलाई टेसु ड्राइभरको घरमा काम गर्न रखान-बस्नको निम्ति आफ्नै दोकानमा प्रबन्ध मिलाइदिएबाट यस कुराको प्रमाण प्राप्त हुन्छ। शहरमा राम्रो काम गर्नेलाई सबैले राम्रो गर्छन्। टेसु ड्राइभर र मेमले जसेलाई छोरा जस्तै गरेका थिए। त्यसैले टेसु ड्राइभर दार्जिलिङबाट तीनधारे बदली भएर जाँदा जसेलाई महिनावारी पन्ध्र रूपियाँ तलबमा चौकीदारको नोकरीमा लगाइदिएर जान्छन्।

**जुनेली रेखा** उपन्यासमा वर्णित चियाबारीको ग्रामीण समाजमा चिया श्रमिकहरूले मासिक ७ रुपियाँ पाउँथे भने शहरमा हट्टाबाहिर भएको जसेले १० देखि १५ रुपियाँसम्मको तलबमा काम गरेको देखाइएको छ। चिया कमानका श्रमिकहरूको ज्यालाभन्दा शहरमा काम गर्ने निम्नस्तरको ज्याला धेरै हुन्छ भन्ने यथार्थलाई उपन्यासकार सुन्दासले दार्जिलिङ शहरको यथार्थ सामाजिक चित्रण गरेबाट स्पष्ट हुन्छ।

शहरको वातावरणमा अङ्ग्रेजहरूमाझ पनि उच र निच, गरिब र धनीको भेदभाव र भिन्नता हुन्छ भन्ने कुरो **जुनेली रेखा** उपन्यासमा देखाइएको छ। उनीहरूको समाजमा पनि धनीले ठुलै दर्जा र सम्मान पाउने अनि गरिबले प्लिभा, जिमखाना, क्लबजस्ता ठुल्ठुला क्लबहरूमा जान नपाउने सामाजिक नियम थियो। यस सम्बन्धमा उपन्यासकार लेख्छन्-

> पुडिङ र चाय, अफसरकी जोइलाई
>
> रोटी मात्र हाय, सिपाइँकी जोइलाई। **(जुनेली रेखा, पृ.४६)**

यस किसिमको शहरीया सामाजिक परिदृश्य यस उपन्यासमा चित्रित छ।

ब्रिटिशकालीन दार्जिलिङ शहर र चियाकमानका श्रमिकहरूमाझ तुलना गर्दा चियाकमानको ग्रामीण जनजीवनको कष्टदायक स्थितिभन्दा शहरको स्थिति ज्यादै राम्रो थियो भन्ने तथ्यलाई जसेकै भनाईले स्पष्ट पार्छ।— मलाई माथि शहरमा हाइसुक्ख छ, त्यहाँ कमानका कमारो जस्तो भएर जोतिए जस्तो छैन। यसरी उपन्यासकारले **जुनेली रेखा** उपन्यासमा गाउँले समाज र शहरीया समाजको भिन्नता देखाउँदै समाजको चित्रण गरेका छन्।

### ३.३.२.३ उपन्यासमा चित्रित समाजको सांस्कृतिक पक्ष

इन्द्र सुन्दासको उपन्यासलेखनको थालनीदेखिनै उनका उपन्यासहरूमा सामाजिक संस्कार, रीति-थिति, नियम र व्यवहारआदि कुरालाई उपन्यासमा प्रस्ताव गर्दै आएको पाइन्छ। **जुनेली रेखा** उपन्यासको शुरूमै विधवा मालिनीको प्रसङ्ग उठाइएको छ। नेपाली संस्कारमा विधवाहरू कसरी बस्छन्, विधवा भएपछि ती विधवाहरूले परपुरुषप्रति आँखा उघारेर हेर्दैनन्। त्यसैले जसे बारम्बार मालिनीको झोपडीमा आउँदा एउटा प्रसङ्गमा भनिएको छः

> एउटी नारी, दैवको क्रुर प्रहारले अति तरूणावस्थामा विधवा हुनुपरेको, दरिद्र कोखमा जन्म लिएको भए तापनि सामाजिक, धार्मिक, नैतिक चिरप्रचलित रीतिथितिले सीमाबद्ध पारिएकी हुनाले जसे वा अरू कुनै एक्लो पुरूष उसको झुप्रोमा अनावश्यक आउनु उसले अचुनित ठहराई। युग-युगदेखि उसको सूक्ष्म शरीरले बोकेर ल्याएको संस्कारले जसेजस्तो मानिस उसको बासगृहमा आउनुहुँदैन भनेर उसको हृदय घचघचाइरह्यो। जसेका निम्ति त्यो सानो झुप्रोमा प्रवेश निषेध भयो। **(जुनेली रेखा, पृ. ९)**

मातेर बारम्बार एक्ली विधवी स्त्रीको झोपडीमा कोही फाल्तु मान्छे आऊजाऊ गर्न थाले गाउँ समाजले ती एक्ली स्त्रीलाई नै नराम्रो नजरले

हेर्नेगर्छन् भन्ने सामाजिक रीतिले गर्दा मालिनीले जसेलाई मातेर झोपडीमा घरिघरि नआउ भनी चेताउनी दिन्छे। यदि कुनै बेसहारा केटा र केटी मायामा बाँधिएर विवाह गर्न चाहन्छन् भने कुनै मान्यजनहरूबाट टिकाटालो गरिदिएर पनि विवाह सम्पन्न गरिने संस्कारलाई सुन्दासले आफ्ना उपन्यासहरूमा देखाएका छन्। यस सन्दर्भमा जसे र मालिनी कमानबाट भागेर दार्जिलिङ शहर पुग्दा बुढा दोकानेले टिकाटालो लगाइदिएर तिनीहरूको विवाह गरिदिएको कुराबाट थाहा लाग्छ। नेपाली संस्कृतिमा किरिया हाल्ने वा कसम खाने चलन रहेको छ, जसले गर्दा बोल्ने वा बिन्ती गर्ने मान्छेले साँचो कुरा बोलेको हो भन्ने पुष्टी हुन्छ। यदि कुनै कुरोको लागि कसैले किरिया हाल्छ भने त्यो कुरो साँचो हो भनेर सोच्ने लोकविश्वास उपन्यासमा देखाइएको छ। अचानक मालिनी प्रसङ्गमा जसेलाई हट्टाबाहिरको दण्ड सुनाउँदा साँझ परिसकेको थियो। त्यस अवस्थामा उसले सञ्चमानलाई बिन्तीभाव गर्दै भन्छ-

> तब कुबेलामा काँ जाऊँ? एक छिनमा अँध्यारोले छोपिहाल्छ, अन्त मो बिठेकानमा काँ गएर बस्नु? बिन्ती छ, भोलिबिहानै कुखुराको पैलो डाकमा हिँड्छु। जवाबमा सञ्चमान भन्छ —"त्यसो नभन् नानी, हिडिहाल्, तँ आफै डुबिस, मलाई किन डुबाउँछस्? जसेले अन्तिमचोटि बिन्ती गर्दै भन्छ- होइन बाबु, डुबाउँदिन, मेरो आखिरी बिन्ती, मो कालापानी गए जत्तिकै हो, फेरी हाम्रो भेट हुने होइन। पत्याउँदैनौ भने सेती देवीले सक्ने, मो तिमीलाई बिगार्दिनँ, त्यस्तो पाप गर्दिनँ। **(जुनेली रेखा, पृ.२०)** भनी सेती देवीको किरिया हाल्दा सञ्चमानले भोली बिहान यस गाउँबाट हिडेको रहेनछस् भने म जस्तो नराम्रो कोहीहुने छैन भनेर जसेलाई त्यस रात त्यहींबस्ने आज्ञा दिन्छ।

### ३.३.२.४ उपन्यासमा चित्रित समाजका आर्थिक पक्ष

**जुनेली रेखा** उपन्यासमा वर्णन गरेअनुसार दिनभरि काम गर्दा केवल ५ आना रोज थियो। हफ्तावारी १ रूपिया १४ आना, महिनावारी ७ रूपिया ८ आना। चिया श्रमिकहरूले महिनाभरि काम गरे भने त्यति ज्याला पाउथ्ये। काममा एकदिन पनि गएन भने साहेबको गालीका साथसाथै रोज पनि काटिन्थ्यो। ७ रुपियाको महिनावारीमा चिया श्रमिकहरूले जीवन चलाउनु पर्ने वाध्यता थियो। आफ्नो मनले चिताए जस्तो मिठोमसिनो खान पाइँदैन थियो। तलब बढाउने कुनै व्यवस्था थिएन। त्यसैले उनीहरूले रातो बगडा चामल, सागसिस्नु, गुन्द्रुक, किनेमा, नून, खोर्सानी खाएर सन्तोक गर्नु पर्थ्यो। तलब अतिरिक्त आयआर्जन गर्ने कुनै बाटो थिएन। श्रमिकहरूको कुनै पद बढ्दैन थियो। दुःख पर्दा, बिमार हुँदा वचत स्वरूप आफूसित एक दुई पैसा पनि हुँदैन थियो। अस्वस्थ हुँदा अलिक दिन आराम गर्न घरमा बस्यो भने साहेबले रोज काटिदिन्थ्यो। श्रमिकहरूले आफ्ना छोरा छोरीलाई पढाएर ठुलो मान्छे बनाउने र पछि उनीहरूले धेरै पैसा कमाएर आफुलाई सुखले पाल्छ भन्ने मिठो सपना नदेखे हुन्थ्यो। उपनिवेशकालीन कमानमा शिक्षाको राम्रो व्यवस्था थिएन। छोराछोरीलाई जति नै पढाए पनि कमानमा साहेबले राइटरदेखि माथिको कुनै पदमा जागिर दिँदैन थिए। साहेबको नजरमा चियाकमानका सबै बासिन्दा केवल कुल्ली हुन्। त्यसैले दासतुल्य व्यवहार गरिने ती चिया श्रमिकहरूलाई कुनै सोचविचार नगरी दण्ड दिनमा पनि ती साहेबहरूपछि हट्दैनथिए। जुनेली रेखा उपन्यासमा चित्रित कमानको आर्थिक अवस्था त्यस किसिमको दयनीय अवस्थाको थियो भने शहरीया जीवनको आर्थिक अवस्था अलिक राम्रो रहेको देखाइएको छ। शहरमा रिक्सावाला, भरिया आदिले पनि राम्रै जीवन बिताएका छन्। काम गर्न सक्नेलाई जस्तो पनि काम शहरमा पाइन्छ। त्यसैले हट्टाबाहिर भएको जसेले शहर पुगेकै दिन रेलको ड्राइभर एकजना अङ्ग्रेज साहेबको

घरमा काम गर्ने नोकरी पाउँछ। शहरमा साधारण घरमा काम गर्ने कर्मचारीलाई मात्र १० रुपिया तलब दिइन्थ्यो। खाइवरी पनि एक दुई रुपिया जोगाउन सकिन्थ्यो। काम सिक्दै जाँदा तलब बढाइदिने चलन शहरमा थियो। त्यसैले त्यहाँका मानिसहरू आफ्नो मनले चिताए जस्तो खान पाउँथे। जसेले ड्राइभर कहाँ काम पाउँदा दोकाने बुढाले भनेका थिए-

> "भै त गो, दुइ बेला यहाँ खा, महिनावारी आठ रूपियाँ दे, पेटभरि खा, दुइ रूपियाँले पाकेट खर्च चलिहाल्छ।"

शहरमा महिनावारी आठ रूपिया खोराकी तिरेर बिहान-बेलुकाका दुई छाक पेटभरि खान पाइन्थ्यो। कुनै बेला एकै स्वादको खाना खाइरहँदा त्यो खाना खानु मन नपरेमाअरू पसलमा गएर अन्य परिकारका खाना पनि खान पाइन्थ्यो। अझ शहरमा कसैको विश्वासी भएर काम गर्नेलाई राम्रा मालिकहरूले तलब बढाइदिने साथै अझ राम्रो तलबमा अन्य ठाँउमा कामसमेत लगाइदिने गर्थे। जसेले पनि ड्राइभर साहेब र मेमको घरमा राम्ररी काम गरेको हुनाले तीनधारे सरूवा हुने बेलामा आफुले दिनेभन्दा धेरै तलब दिने सोल्जर बोर्डमा चौकीदारको काममा लगाइदिन्छन्। शहरमा पैसा वचत गर्न सकिने अवस्था थियो। कमानमा देख्न नपाइएको खाद्य सामग्री शहरमा खान पाइन्थ्यो। जसे राती लुकेर मालिनीको कमरा पुग्दा उसले मोमो लगिदिएको थियो। मोमो र अचार देखेर मालिनी छक्क परी। उसले मोमोको नाउँमात्र सुनेकी थिई, तर चाखेकी थिइन। कमानको आर्थिक अवस्थालाई दाँजेर हेर्दा शहरको आर्थिक अवस्था निकै राम्रो थियो। शहरमा आफ्नो अम्बलअनुसार चाहेको पान, सुपारी, बिडी, सिग्रेट किनेर खान सक्ने स्थिति थियो।

### ३.३.२.५ उपन्यासमा चित्रित समाजको राजनीतिक पक्ष

जुनेली रेखा उपन्यास भारतस्वतन्त्र हुनअघिको दार्जिलिङका कमानहरूको बिषयलाई लिएर लेखिएको उपन्यास हुनाले त्यस बेलाको चियाबारी समाजमा राजनीतिक अवस्था एकपाटे रहेको देखिएको छ। कमानमा अङ्ग्रेजहरूको शासन थियो। कमानतिर केवल कम्पनी सरकारको हुकुम चल्थ्यो अर्थात कमानका मेनेजर साहेबको हुकुम चल्थ्यो। न्याय र अन्याय सबै उसैको हातमा थियो। कसैले विरोध गर्न पाउँदैन थिए। जसेले मातेर मालिनीलाई घरजम गरौं भनेर प्रस्ताव राख्दा एउटी नारीको अपमान गरिस् भनेर साहेबले केही नसोची जसेलाई हट्टाबाहिरको सजाय सुनाइदिन्छ।

अङ्ग्रेजहरूले २०० बर्ष जति भारतभूमिमा राज गरे। व्यापारको बहाना बनाएर आएका अङ्ग्रेजहरूले पछि भारतमा आफ्नो आर्थिक र राजनीतिक प्रभुत्व जमाए। भारतीयहरूमाथि अन्याय र अत्याचार गर्न थाले। त्यसरी अङ्ग्रेजको हैकमवादी शासनबाट पीडित बनेका भारतीयहरूबाट उनीहरूप्रति विरोधको भावना उत्पन्न हुन थाल्यो। जुनेली रेखा उपन्यासको कथावस्तु पनि ब्रिटिसकालको परिवेशमा केन्द्रित रहेको हुनाले यस उपन्यासमा दार्जिलिङका चिया श्रमिकहरूप्रति अङ्ग्रेजहरूले कसरी अन्याय र अत्याचार गर्ने गर्थे भन्ने विषयलाई विशेष महत्त्व दिइएको छ। यस उपन्यासका पात्रहरूको मानसिक चेतनामा पनि अङ्ग्रेजप्रति भित्रभित्रै विरोधी भावना जाग्रत हुन थालेको सुसुप्त राजनीतिक अवस्थाको चित्रण पाइन्छ। यस उपन्यासका मुख्य पात्र जसेलाई जब हट्टाबाहिर गरिन्छ, त्यस बेला पहिलोपल्ट राइटरबाबु साहेबप्रति आफ्नो आक्रोस यसरी पोख्छन्-

> यही हो नियाँ? एउटाले पोल लायो, अर्कालाई बोल्ने मौका नदिई सजायको अडर झाड्यो। कोर्ट कचहरीमा पनि दुइतिरको गवाही सुनी, उकीलहरूले ऐन देखाइदिएर,

> बोलेर, लडेर हो भन्ने प्रूप भएपछि मात्र विचार हुन्छ, सजाय हुन्छ कि ढिसमिस हुन्छ, भएन अपील गर्न सक्छ। बास्, कमानमा चै एउटा कुइरेको खुशी खुशी मनमानी। सुन्नु छैन, बुझ्नु छैन, तरूनी आइमेको कुरा सुन्यो, आँखै नहेरी सजाय दियो। एक दुईदिन काम नदिए भैगो नि, एकैचोटि हट्टाबाहिर। बडा आइमेको 'इन्सल्ट' भयो भन्ने, आफूहरू चैं अर्काको स्वास्नी, अर्काको छोरी चेलीलाई अङ्गालेर क्लबमा रातभरी नाच्न हुने, त्योचैं 'इन्सल्ट' नहुने- साला, ऐन सुनाउँछ यहाँ। **(जुनेली रेखा, पृ.१८-१९)**

त्यस बेला कमानमा केवल मेनेजर साहेबको हुकुम चल्थ्यो। उसले उठ भने उठनुपर्ने, बस् भने बस्नुपर्ने स्थिति कमानमा थियो। कमानमा अरू कसैको केही चल्दैन। कसैको कुरा बिक्दैन थियो। त्यसैले राइटरले जसेको तर्फबाट बोल्यो भनेर साहेबले गर्जेर भन्यो-

> "बाबु! तिमी उसको उकील हो? मेरो हुकुममा तिम्रो नाक नबढाऊ। हुकूमको जवाब छैन, मान्नु, ठीक ठीक इधर उधर नहीं माँगता।" **(जुनेली रेखा, पृ.१८)**

दार्जीलिङ शहर पुगेपछि बुढा दोकानेलाई आफ्नो सबै कुरा सुनाएपछि बुढाले अङ्ग्रेजप्रति यसरी विरोध प्रकट गर्छन्-

> के गर्छस बाबै! यो कुइरेको खालले शक्ति, बुद्धि र भाग्य त पाएकै हो, तर साह्रै मतलबी। काला आदमीलाई मान्छे गन्दैन, बरू कुकुर बिरालोलाई मानभाउ गर्छ, सँगै खुवाउछ, जुठो पनि मान्दैन सँगै सुताउँछ, बिमार भो भने उसै उसै फिक्री गरेर डाक्दर लाउँछ, मान्छेलाई चै छैन, गोरू जस्तो जोताउन पाए र रस चुस्न पाए भैगो। यस्तै त छ। यसै उसले गाँधी महात्माले यिनलाई थरथरी पार्दैछन्। तिमीहरू भन्दा कलिला मधेसका केटाहरूले मौका खोजी खोजी गोली ठोक्छन्। हामीचै पहाडका लाटासुधा, निमेकको सोझो, जसो गरे पनि सहिराका छौं। **(जुनेली रेखा, पृ.३१)**

यसरी अङ्ग्रेज शासकहरूको विरोधमा अभिव्यक्त माथिका अभिव्यक्तिहरूबाट प्रत्यक्ष रूपमा नभए पनि अप्रत्यक्ष रूपमा **जुनेली रेखा** उपन्यासका औपन्यासिक पात्रहरूमा भित्रभित्रै राजनीतिक चेतनाले जरा गाड्न थालेको अनुभव हुन्छ। यति हुँदाहुँदै पनि अन्याय र अत्याचारयुक्त चिया कमानको समाजमा अङ्ग्रेजहरूको आफ्नै एकतर्फी राजनीति एवम् एकक्षत्रीय राज चल्थ्यो।

साहेबले कुनै राम्री स्त्री देख्यो भने उसलाई छोकडी बनाउँथे। आफ्नो लोग्ने धने मरेको केही दिनपछि विधवा बनेकी मालिनी साहेब कहाँ काम माग्न जाँदा उसको जवानीदेख्ने बित्तिकै साहेबको कामुक आँखाले उसलाई मन पराएको थियो। त्यसैले जसेलाई हट्टाबाहिर गर्नुको अर्थ नै साहेबले तरुणी मालिनीलाई छोकडी बनाएर राख्ने विचार गर्नु हो। भर्खरै आफ्नी स्वास्नी मरेकी एकलो जसेले मालिनीँसग घरजम गर्ने प्रस्ताव राखेको कुरा सुनेर साहेबले जसेलाई त्यति सानो गल्तीमा पनि हट्टाबाहिरको सजाय दिन्छ। हट्टाबाट बाहिर भएको मान्छेलाई यदि कसैले घरमा राखे वा शरण दिए भने साहेबले उनीहरूलाई पनि दण्ड दिन्थे। त्यस स्थितिमा साहेबको इच्छा विरुद्ध कुनै काम गरेमा हट्टाबाहर हुने डर कमानका मान्छेहरूमा बारम्बार भइरहन्थ्यो। यही प्रसङ्गमा हट्टाबाहर भएको जसेलाई सञ्चमान बुढाले “तँ आफै डुबिस्, मलाई किन डुबाउँछस्?” **(जुनेली रेखा, पृ.२०)** भनेका छन्।

कमानदेखि बाहिरको अथवा अर्को कमानको मान्छेले पनि हट्टाबाहिर भएको मान्छेलाई आफ्नो घरमा राख्न नपाउने नियम थियो। त्यसैले फारस गाउँका चैन्धोज सरदार र सरदारनीले जसेलाई आफ्नै घरमा गोठालो बनाएर राख्ने विचार पोख्दापोख्दै मन बद्लिएर सरदार भन्छन्-

> होइन होइन यो केटा याँ नबसोस् होला। हेर नानी, तिमी जस्तो मान्छे चाहिएको त हो, तर तिमी त्यही मेकी कमानको रैछौ, त्यहाँ चाहिने दाउरा चोइली, काठ-पात दिने ठीका मैले लिएको छु। तिमी हट्टाबाहिर भएको मान्छेलाई मैले आड् दिएको बढा साहेबले कथङ्गाल चाल पायो भने मेरो कारबार बिग्रनेछ। कुइरेहरूको मिजास कडा हुन्छ। उनको विरोध गर्ने हाम्रो सामर्थ्य कहाँ पुग्छ र? नानी, तिमी बजारतिरै जाऊ, चिया दोकान, हुटेलमा कि यताउति केही न केही काम पाइहाल्छौ। त्यसै गर है! **(जुनेली रेखा, पृ. २९)**

चैन्धोज सरदारको माथिको भनाइबाट तत्कालीन समाजमा राजनीतिक चेतनाले जरा गाड्न थालेको स्थिति भए तापनि त्यो स्थिति त्रासपूर्ण थियो भन्ने यथार्थलाई तलको भनाईले अझ प्रस्ट पार्छ-

> जसेलाई हट्टाबाहिरको सजाय सुनाएपछि प्रत्येकलाई आफैमाथि दुःख वैरिए जस्तो लाग्यो। उनीहरू साहेबको विरोधमा प्रतिवाद गर्न सक्तैन थिए। कमानवासीहरू आफू आफै सुर्मुरिन्थे, आगो हुन्थे। सरसल्लाह गरौं, कुमेटी गरौं भने कताकताबाट कुरा छिरेर साहेबका कानमा पुगिहाल्थ्यो अनि अघि सर्ने जतिले आँखाको कसिंगर भएर जीविका चलाउनु पर्थ्यो। **(जुनेली रेखा, पृ. २५)**

जेहोस् यस उपन्यासले चियाबारी समाजका प्रबन्धक अङ्ग्रेजहरूको अत्याचारको विरूद्ध जागरूक भई उठ्ने चेतना ती श्रमिकहरूमा बढ्दै गएको र आन्दोलन गर्नुपर्छ भन्ने भावना प्रबल हुन थालेको कुराको उल्लेख गरेको छ। त्यस बेलाको समाजमा अङ्ग्रेजहरूको विरुद्धमा कुमेटी गरी सरसल्लाह गरौ भन्ने चेतनासम्म आएको कुराको सङ्केत उपन्यासमा पाइएको छ। यसरी उपन्यासकार सुन्दासले यस उपन्यासमा चियाकमानका श्रमिकहरूमा राजनीतिक चेतना आउन थालेको र अन्यायको विरोध गर्नु पर्छ भन्ने चेतना जाग्न थालेको सुसुस राजनीतिक वातावरणको चित्रण गरेका छन्।

### ३.३.२.६ उपन्यासमा चित्रित समाजको मानवीय पक्ष

एकजना मान्छेको दुःख, पीडा बुझेर उसलाई अर्को मान्छेले सहयोग पुराउने मानवीय कार्यलाई नै साधारण अर्थमा मानवता भनिन्छ। **जुनेली रेखा** उपन्यासमा पनि यस किसिमको मानवीय कार्य भएको देखिन्छ। उपन्यासको केन्द्रीय पात्र जसे हट्टाबाहिर भएपछि विवेच्य उपन्यासमा मानवतावादी धारणा देखिएको छ।

जसेको सानो गल्तीमा पनि साहेबले एकैचोटि उसलाई हट्टाबाहिर गर्ने सजाय सुनाउँछ। त्यही समयमा मानवीय विचार भएको पात्र राइटर बाबुले साहेबलाई भन्छन्-

> हजुर, जसेलाई हट्टाबाहिरको सजाय कडा भयो, माफी दिनोस, सजाय कम्ती गर्दिनोस्, बरू दुई दिन कामको रोज काटिदिनोस्, ऊ कमानको एउटा राम्रो कुल्ली हो, उसको योभन्दा अघि कुनै खराब रिपोर्ट छैन। **(जुनेली रेखा, पृ.१८)** राइटर बाबुको यस भनाइबाट मानवता प्रकट भएको पाइन्छ।

जसे हट्टाबाहिर भएर मेकी कमान छोडी जाँदा बाटामा हेली कमानको चैन्धोज सरदारसँग भेट हुन्छ। बातचितको प्रसङ्गमा सरदारले जसेको सबैकुरा बुझिसकेपछि उसको हृदयमा जसेप्रति मानव प्रेम भाव प्रकट हुन्छ। जसेलाई आफ्नै घरमा कामगर्न राख्ने साथै बस्नु-खानुसमेत दिने मानव धर्मी विचारले यस उपन्यासमा मानवताको जीवन्त उदाहरण प्रस्तुत गरेको छ। जसेलाई कमानमा आफ्नो साथमा राखेपछि फेरी आफुलाई समस्या आइपर्छ भन्ने कुरोलाई मध्यनजरमा राखेर उसले फेरि जसेलाई दार्जिलिङ शहरमा गई उसले चिनेको बुढा दोकानेलाई भेटने सल्लाह दिन्छ। यसरी आपद, विपद, सङ्कट पर्दा एकले अर्कोप्रति मानवीय व्यवहार दर्शाएको छ। उपन्यासमा चैन्धोज सरदारको उदारतावादी भावना यसरी देखाइएको छ-

> हेर नानी, फिकिर नगर, तिमी जस्तो जवान मान्छेलाई दुःख हुँदैन, भगवानले बास-गाँस सब थोक जुराइदिन्छन्।हिकमत नहार। सरदारले बिदाइमा स्वस्तिवचन सुनाए अनि निर्देश दिए- "दार्जिलिङको रेल-स्टेशनकै उता माथिल्लोपट्टि एउटा ठूलो चिया दोकान छ। त्यसको यतापट्टि रिक्सा डण्डीहरूको अड्डा छ। तिमी तिहीं जाऊ अनि मैले पठा'को भन्नु दोकानको मालिकलाई। उनी एकदम असल मान्छे छन्। तिम्रो लागि केही तरतीब गर्दिनेछन्। मेरो कुरा मनमा राख र कत्तै नअलमलाई सरासर तिहीं जाऊ र बूढा दोकानलाई दुःख पोख। **(जुनेली रेखा, पृ. २९)**

जसे दार्जिलिङ शहरमा पुगेपछि उसले बुढा दोकानेलाई भेट्छ। अनि सरदारले पठाएको भन्ने कुरा थाहा पाएपछि बुढा दोकानेले जसेको विषयमा सबैकुरा सुन्छ अनि दोकाने बुढाले जसेलाई टेसु ड्राइभरको घरमा कामको व्यवस्था मिलाइदिन्छ अनि खाने-बस्ने व्यवस्था आफ्नै होटलमा गरिदिन्छ।

टेसु ड्राइभरको घरमा इमान्दार भएर काम गरेको हुनाले जसे उनीहरूको प्रियपात्र बन्न पुग्छ। त्यसैले ड्राइभर साहेब तीनधारे सरूवा भएर जाने बखतमा जसेलाई कुनै समस्या आइनपरोस् भनेर ड्राइभर दम्पतीले सोल्जर बोर्डमा महिनावारी १५ रूपिया तलबमा चौकिदारको काममा नियुक्त गरिदिन्छन्। टेसु ड्राइभरको यस्तो मानवीय व्यवहारलाई पुष्टि गर्न यस उक्तिलाई हेर्न सकिन्छ-

> दुवैले माया गर्थे, अब यसले के गरी खाला भन्ने सुर्ता पर्यो। ड्राइभर साहेब जर्मनसितको प्रथम महासमरमा ब्रिटिश फौजमा सार्जनसम्म भएर रिलीज भएको थियो। भूतपूर्व सैनिक हुनाले उसका निम्ति दार्जिलिङको सोल्जर्स् क्लबको ढोका खुला थियो। बेलाबखतमा ऊ त्यहाँ पस्थ्यो र क्लबको सञ्चालक अफिसर र गोरा 'अदर रयाङ्कस' हरूसँग उसको राम्रो परिचय भएको थियो।..... एक दिन त्यहाँको तीनतारे अफिसरलाई मौकामा भेट्दा क्लबमा नोकरचाकरको काम खाली छ कि भन्ने प्रश्न गर्यो। उत्तर पायो- " तिमीले ठीक सवाल गर्यौ, काम खाली भएको छ चौकीदारको, मान्छे झट्टै चाहिएको छ।" ड्राइभर साहेब

> अत्यन्त प्रसन्न भयो, कानूले आँखो पाउँदा जस्तै। अन्त उसले जसेको निम्ति सिफारिस गर्यो। **(जुनेली रेखा, पृ. ४३)**

उपन्यासमा यस किसिमका मानवीय कार्यहरू र भातृत्वको भावना देखाइएको हुँदा मानव जीवनका मूल्य र महत्त्व स्पष्टसित झल्किएको छ। पात्रहरूमाझ एकले अर्काको भलो चाहनु नै मानवतावाद हो भन्ने यथार्थलाई उपन्यासकारले यस उपन्यासमा देखाएका छन्। उपन्यासकार सुन्दासका अधिकांश पात्रहरू गरिब, दुखी नै छन्। उनीहरूप्रति कारूणिक जीवनको चित्रण गर्नु उनका उपन्यासहरूको मुख्य ध्येय हुनाले उपन्यासकारले उनीहरूप्रति सहानुभूति प्रकट गरेका छन्। यो नै उनको मानवतावादी प्रवृत्तिको परिचय हो। **जुनेली रेखा** उपन्यासमा उपन्यासकारको मानवतावादी प्रवृत्ति परिलक्षित छ।

सामाजिक सन्दर्भमा **जुनेली रेखा** उपन्यासका पात्रहरू एक-अर्काप्रति सौहार्द्रपूर्ण व्यवहार गर्छन्। आफ्नो भूल स्विकार गरी प्रयाश्चित्त गर्नु पनि मानवीय गुण हो। मालिनीले बडा साहेबलाई उजुर गरेपछि जसेले हट्टाबाहिर दण्ड पाउँछ। पछिबाट जसेप्रति उसको मनमा टिठ जाग्नु, पछुतो गर्नु र आफैलाई दोषी ठान्नु मालिनीको मानवीय गुणको परिचय हो। यस्ता मानवीय गुण भएका पात्रहरूको सिर्जना गरी उपन्यासकार सुन्दासले प्रस्तुत उपन्यासलाई मानवतावादी धरातलमा उभिएको एउटा सामाजिक यथार्थवादी उपन्यासको रूपमा प्रस्तुत गरेका छन्।

## ३.४ 'सहारा' उपन्यासमा चित्रित समाज

इन्द्र सुन्दासको चौथो उपन्यासको रूपमा प्रकाशित **सहारा** (सन् १९९५) उपन्यासको कथावस्तु पनि पूर्ववर्ती **जुनेली रेखा** उपन्यासकै सामाजिक पृष्ठभूमिमा निर्मित छ। यस उपन्यासमा पनि ब्रिटिसकालीन दार्जिलिङका चियाकमानका जनजीवन, परिवेश अनि प्रशासनिक व्यवस्थाको यथार्थ चित्रण भएको छ। उपन्यासमा

वर्णित मेकी कमान काल्पनिक नाम भए तापनि यस काल्पनिक चिया कमानलाई उपन्यासकारले तत्कालीन दार्जिलिङका स्थानीय चियाबारीहरूको प्रतिनिधिको रूपमा लिएका छन्।

**जुनेली रेखा** उपन्यासमा वर्णित घटनाहरू नै **सहारा** उपन्यासको पूर्वसङ्केत हुन्। मेकी कमानमा घटित घटनाहरूकै सेरोफेरोमा **सहारा** उपन्यासको कथावस्तु पनि निर्मित छ। **जुनेली रेखा** उपन्यासका प्रमुख पात्र जसे र मालिनी **सहारा** उपन्यासमा गौण पात्रका रूपमा देखा परेका छन्। तिनै चिया कमानका मजदूरहरूले भोगेका दुःख-पीडा र समस्याहरूको कारणले कमानबाट पलायन भई सहारा खोज्नेक्रममा र सहारा दिने क्रमको सिलसिलामा वाध्य जीवन बाँच्ने नियति निर्देशित मानिसहरूको यथार्थ कथालाई उपन्यासकारले **सहारा** उपन्यासको मूल कथ्य बनाएका छन्।

### ३.४.१ उपन्यासको कथा सार

मेकी कमानका कामदारी जागीरमानको आकस्मिक मृत्यु हुन्छ। कमानका साहेबको विश्वासी र अन्धोभक्त पात्र जागीरमानको आफ्नो छोरो भाइमानलाई केही पढाएर गोर्खा पल्टनको राइटर बनाउने सपना थियो। तर उसको आकस्मिक मृत्युको कारण र घरको कमजोर आर्थिक अवस्थाले गर्दा भाइमानले चियाकमानकै स्कटमीशन स्कूलमा साउँ अक्षरसम्म पढ्न पायो। बाबुको मृत्युपछि एकदिन भाइमान र उसकी आमा बढासाहेबकहाँ कामका लागि विन्ति पोख्न जान्छन्। ती दुईको विन्ति सुनेपछि साहेबले आमालाई गोदाममा र कलिलै उमेरको भाइमानलाई चाहिँ औरतको दर्जामा काम दिए। दार्जिलिङ शहरबाट प्रतिदिन डाक र भुक्के रोटी बोकेर बडासाहेबकहाँ पुराउने रोटीवाला बूढो बिमार भई छुट्टीमा बसेको बखतमा भाइमानले उसको त्यो कार्यभार सम्हाल्नु पर्यो। बाबु जस्तै भाइमान पनि बडासाहेबको विश्वासी

पात्र थियो। त्यसो हुनाले उसको पदोन्नति पनि चाडै भयो। उसको उन्नतिमा गाउँका मानिसहरूले ऊप्रति इर्ष्या गर्न थाले। त्यही कमानका छोटासाहेब मार्क डेभिस दयालु प्रवृत्तिका भएकाले बिमारी बूढा रोटीवालालाई हेर्न जान्छ ।बूढाको अवस्था शोचनीय भएको हुँदा उसलाई भिक्टोरिया अस्पतालमा उपचारको निम्ति लाने अर्जी उसले बडासाहेबसमक्ष गर्छ। तर बडासाहेबले उसको अर्जी अस्विकार गर्दै उल्टो छोटासाहेब डेभिसलाई श्रमिकहरूको पक्षमा बोल्ने अधिकार छैन भनी चेतावनी दिन्छ। बूढा रोटीवाला थला परेकोले गर्दा भाइमानले नै बूढाको काममा निरन्तरता पाउँछ। त्यसपछि साहेबले उसलाई मरदको हाजिरा दिन थाल्छ। बडासाहेब शिकार खेल्नमा शौकिन थिए। त्यही चियाकमानको हौदे नामको पात्र पल्टनबाट छुट्टीमा घर आएको हुन्छ। पल्टने भएको हुनाले बन्दुक चलाउनमा ऊ सिपालु थियो। एकदिन साहेबसँग शिकार खेल्न जाँदा भालुले हौदेलाई घिस्याउँदै लान्छ। बडासाहेबले भालुलाई गोली हान्दा हैदेलाई गोली लाग्छ र उसको त्यही मृत्यु हुन्छ। तर त्यसबारे कसैले पनि हौदैनीलाई भन्ने आटँ गरेन। त्यसको पाप पखाल्न बडासाहेबले हौदेनीप्रति सहानुभूति प्रकट गर्दै उसलाई गोदाममा काम गर्नु भनेर आदेश दिन्छ। हौदेको मृत्युपछि हौदेनी भाइमान र उसकी आमासित बस्न थाल्छे। भाइमानकी आमाको पनि जण्डीसको रोगको कारण मृत्यु हुन्छ। मातृवियोगबाट विछिप्त बनेको भाइमानलाई त्यस अवस्थामा साथ दिने हौदेनी र रूपाली मात्र हुन्छन्। भाइमानले रूपालीलाई प्रेम गर्छ र उसलाई बिहा गर्न चाहन्छ। तर रूपालीको बिहा रेनिक कमानको चियावाला सरदारको राइटर छोरो धनजीतसँग सम्पन्न हुने कुरा निश्चित हुँदा भाइमान अत्यन्त दुःखी बन्न पुग्छ। उसले मेकी कमान छोडेर अन्त कतै जाने निधो गर्छ। हौदेनी पनि दार्जिलिङ शहरको प्लान्टर्स क्लबमा छोटा आयाको काम पाएर साहेबलाई हुकुम मागी कमान छोडेर जान्छे। केही समय प्लान्टर्स क्लबमा काम गरेपछि कम्पनीका सिनियर साहेब र परिवारसित हौदेनी कलकत्ता महानगरमा पुग्छे। रूपालीको बिहा ऊभन्दा धनी केटो धनजीतसँग सम्पन्न

भएकोले भाइमान आत्महत्यासमेत गर्न अघि सर्छ तर कान्छा कुम्हालेले उसलाई बचाउँछ। त्यसपछि भाइमान मेकी कमान छोडेर दार्जिलिङ शहरतिर पलायन हुन्छ। **जुनेली रेखा** उपन्यासकै जसे र मालिनी नामका पात्रहरूले भाइमानलाई दार्जिलिङ अन्जान शहरमा सहारा दिन्छन्। जसेले भाइमानलाई दार्जिलिङमा चिनियाँ परिवारका ली ताइ चुङको घडी दोकानमा काम लगाइदिन्छ। भाइमानले घडी बनाउने काम पनि सिक्छ र कालान्तरमा ऊ एक असल कारीगरको रूपमा सफल जीवन बिताउन थाल्छ।

### ३.४.२ उपन्यासको समाज र त्यसको परिवेश

यस उपन्यासका देशकाल र परिस्थितिको चर्चा गर्नु पर्दा स्वयम् उपन्यासकारले नै विवेच्य उपन्यासको 'पूर्वाभाष' शीर्षकमा औपन्यासिक समय ब्रिटिशकाल नै रहेको सङ्केत गर्दै यसरी लेखेका छन्-

> यस पुस्तकले साठ-सत्तर बर्ष अघिका चियाकमान, शहर, श्रमिक, शासन आदिका पुराना कुरा दृष्टिगोचर गराउँछ। लामो कथा हो तर यसमा इतिहास पनि बोल्छ, काल्पनिक कहानी हो तैपनि यसमा सत्य घटनाका प्रतिबिम्ब परेका छन्। **(सहारा, पहिलो संस्करण)**

यस हिसाबले **सहारा** उपन्यासमा वर्णित घटनाहरू जस्तै हट्टाबाहर प्रथा, चियाखेती बारेको ऐतिहासिक घटना, सन् १९२५ मा महात्मा गान्धी दार्जिलिङ आएको प्रसङ्ग, मेकी कमानको बडासाहेब पहिलो विश्वयुद्ध (१९१४-१९१८) मा खटिएर देश फर्केको घटनाजस्ता प्रसङ्गहरूले यो उपन्यासका औपन्यासिक देशकाल र परिस्थिति पहिलो विश्वयुद्धदेखि दोस्रो विश्वयुद्धका बिचको समयावधिभित्रका दार्जिलिङकै सेरोफेरोमा रहेका चिया कमानहरूको प्रतिनिधि मेकी कमान र दार्जिलिङ शहरको पृष्ठभूमिमा चित्रित छन्। भारत स्वाधीन हुनुभन्दा अघि र स्वतन्त्रपछिको केही कालसम्म पनि दार्जिलिङ पहाडका अधिकांश चियाबारीका मालिक र प्रबन्धकहरू अङ्ग्रेज नै थिए। यस

उपन्यासमा पनि बडासाहेब र छोटा साहेब दुवैजना अङ्ग्रेज नै भएकाले उपन्यासमा चित्रित मेकी कमानको सामाजिक अवस्था ब्रिटिशकालीन परिवेशकै हो भन्न सकिन्छ।

ब्रिटिश शासनकालीन दार्जिलिङका चियाकमानका प्रबन्धकहरू अङ्ग्रेजहरू नै थिए। उनीहरूको चियाकमानका श्रमिकहरूप्रतिको व्यवहार अन्यायपूर्ण र अत्याचारपूर्ण हुन्थ्यो। कमानको प्रत्येक काम कुरामा निर्णय गर्ने र शासनको अधिकार प्रयोग गर्ने हक अङ्ग्रेज साहेबहरूकै हुन्थे। प्रस्तुत उपन्यासको कथावस्तुलाई विश्लेषण गरेर हेर्दा पूर्वार्द्धमा चिया कमानका श्रमिकहरूको सामाजिक- आर्थिक स्थितिका साथै ब्रिटिश शासनकालीन अङ्ग्रेजहरूको अत्याचार, हट्टाबाहिर गर्ने प्रथा, छोकडी राख्ने प्रथा आदिको यथार्थ चित्रण पाइन्छ भने उत्तरार्द्धमा दार्जिलिङ शहरको सामाजिक- आर्थिक स्थितिको चित्रण गरिएको छ। तत्कालीन इष्ट इण्डिया कम्पनी सरकारको समयमा दार्जिलिङका चिया कमानतिरको डाक-व्यवस्थाको विवरण **सहारा** उपन्यासले दिएको छ। यस उपन्यासको मूल पात्र भाइमान बूढा रोटिवालाको ठाउँमा दार्जिलिङ शहरको पोष्ट अफिसबाट मेकी कमानमा हिंडेरै डाक ल्याउने- पुराउने काम गर्छ। यस प्रकार ब्रिटिशका समयमा दार्जिलिङ चिया कमानतिरको डाक व्यवस्थाको विवरण दिएर यस उपन्यासले ऐतिहासिक सूचना दिएको छ। यस उपन्यासमा भएको मेकी कमान, हेली कमान, सेती खोला काल्पनिक नाम भए तापनि त्यहाँबाट उकालो हिंडेर आएपछि रेल र मोटर गुड्ने सडक भेटिने र त्यही सडक भएर दार्जिलिङ शहर पुगिनेकुराले यी कमानका नाम मात्रै काल्पनिक हुन्, तर ती कमानहरू दार्जिलिङ शहरको नजिकै रहेका कमानहरू हुन् भन्ने सत्यको आभास प्रकट हुन्छ। उपन्यासमा चौरस्ता, घुमपहाड, सोल्जर्स क्लब, रेलवे स्टेशन, आलुबारी आदि भएकै यथार्थिक स्थानहरूको उल्लेख गरिएको हुँदा औपन्यासिक घटनाहरू यथार्थमूलक छन्।

मेकी कमानका चिया श्रमिकहरूको जीवनका सुख-दुखको कथा बोकेको **सहारा** उपन्यासमा सामाजिक यथार्थको चित्रण पाइन्छ। यस उपन्यासमा चियाकमानका श्रमिकहरूका सामाजिक जीवनको परिवृत्तदेखि लिएर दार्जिलिङ शहरसम्म पनि उपन्यासले अँगालेको समाज विस्तारित भएको छ। दार्जिलिङ शहरको रेल्वे स्टेशन, विविध बाटाघाटाहरू सोल्जर्स क्लब, रेडक्रस सोसाइटी, रकभिलको पानी ट्याङ्की, चौरस्ता, आलुबारी, ली ताइ चुङको घडी पसल र उसको परिवार, मेकी कमानबाट हट्टाबाहर भई दार्जीलिङ शहरमा आई बसेका जसे र मालिनीको परिवार आदिको प्रसङ्गमा यस उपन्यासले दार्जिलिङ शहरको सामाजिक परिवेशको चित्रण गरेको छ। उपन्यासको पूर्वार्द्ध चरणमा मेकी कमानको नेपाली भाषी जनजीवनको सामाजिक यथार्थहरू जस्तै चियाकमानका श्रमिकहरू, चियावाला, रोटिवाला, दवाईवाला, बेहेरा आदिको आर्थिक अवस्था, सांस्कृतिक पक्षका कुराहरू, रीतिथिति र लोक विश्वास, शैक्षिक स्थिति, राजनीतिक चेतना, भाषिक व्यवहारजस्ता विविध पक्षको चित्रण गरिएको छ भने उत्तरार्द्धमा शहरीया समाजको चित्रण पाइन्छ।

### ३.४.२.१ चियाबारी समाज

अङ्ग्रेजशासित मेकी कमानको सामाजिक जीवन एकातिर रुढीग्रस्त थियो भने अर्कोतिर साहेबहरूको अन्याय र अत्याचारयुक्त थियो। कमानमा साहेबले गरेको अन्याय र अत्याचार लुकाइन्थ्यो। थाना, पुलिस, कचहरी सबै अङ्ग्रेजकै अधीनमा थिए। त्यसैले साहेबले हैदेलाई गोली हानेर मार्दा पनि कमानमा कसैले थाहा पाएनन्, थाहा पाइए तापनि त्यस घटनालाई लुकाइयो र हैदेलाई भालुले खायो भनेर झुटो हल्ला फैलाइयो। पुलिसमा रिपोर्ट गर्दा पनि रिपोर्ट दर्ता गरिएन। त्यसैले चियावारीको गाउँले समाजमा श्रमिकहरूले न्याय पाउने कुनै सम्भावना थिएन। समाजका मानिसहरू अज्ञानी र निर्धा थिए। साहेबका नजिक हुनेहरू एका-अर्कासँग 'साहेबको पत्यारो म' भन्दै

सोझा-साझालाई हेप्ने र धम्काउने गर्थे तर साहेबले उनीहरूको काँधमा बन्दुक राखेर हानेको उनीहरूलाई थाहा हुँदैन थियो। छलकपट र अन्याय-अत्याचारले भरिएको चियाबारी समाजमा श्रमिकहरूले विवश जीवन चेका थिए। सबैजना साहेबको नजरमा राम्रो हुन चाहन्थे। त्यसैले गाउँमा भएको सानोतिनो झगडाको कुरा पनि साहेबको कानमा पुगिहाल्थ्यो। सहारा उपन्यासमा छोटा साहेब रोटिवाला बाजेलाई हेर्न गएको कुरा बडासाहेबले पत्तो पाउँदा उनलाई सक्दो हपारेको घटनाबाट कमानमा बडासाहेबको एकपाखे हुकुम चल्थ्यो भन्ने कुरा स्पष्ट हुन्छ। चिया कमानको समाजमा मानिसहरू एकार्कासँग मिलेर बस्ने मात्र नभई एकार्काको रिस, इर्ष्या गर्ने र झगडा गर्ने मानवीय प्रवृत्ति पनि थियो।कमानका श्रमिकहरू एकार्कासित मिल्दैन थिए। उदाहरणका लागि सहारा उपन्यासमा भाइमान र उसकी आमा साहेबका प्यारो पात्र भएकाले समाजमा तिनीहरूलाई कसैले मन पराउँदैन थिए। सबैले ती दुईमाथि नराम्रो नजर राख्यो । हौदेनीले जंगेलाई कुटेकी हुनाले एकार्कासित बोलचाल थिएन। जंगेले भाइमानलाई हिर्काउन खोजेदेखि भाइमानले जंगेलाई मन पराउँदैन थियो। रूपालीका मातापिताले रूपालीको विवाह भाइमानसित गरिदिन्छु भनेर गाउँभरि हल्ला मच्चाएर पनि ऊभन्दा धनवान अर्कै केटासित अचानक विवाहको कुरा छिनेर विवाह गरिदिएको हुनाले भाइमानले मन दुखाएको घटनाले पनि कमानमा धनी र गरीबका बिच भेदभाव रहेको कुरोलाई स्पष्ट पार्छ।

गाउँले समाजकै चर्चा गर्दा उपनिवेशकालीन दार्जिलिङका चिया कमानहरूमा पुलिस, कचहरी सबै अङ्ग्रेजकै अधीनमा हुन्थ्यो। साहेबले बन्दुकले हौदेलाई हानेर मारेपछि एकजना दोरङ्गाले त्यस घटनाको रिपोर्ट तयार पार्छ। पुलिस सुपरले त्यस दिनको रिपोर्ट माग्दा दोरङ्गाले रिपोर्ट बुझाउँछ। रिपोर्ट पढिसिध्याएपछि रिसाउँदै भन्छ-

> "सब् इन्सपेक्टर, तिमीलाई थाहा छैन मिस्टर हेन्ले एकजना प्लान्टर हो, तिम्रो इन्भेस्टिगेशन रिपोर्ट मैले दिएको लाइनमा भएन। मेरो कुरा याद गर्नु अनि रिपोट रि-सब्मीट गर्नु।" **(सहारा, पृ.४५)**

पुलिस सुपरले दोरङ्गालाई यस्तो रिपोर्ट अबदेखि नल्याउनु भनी चेताउनी दिन्छ। यसै गरी अन्य कुनै छोटासाहेबले श्रमिकहरूको घरमा गएर दयामाया देखाएको खण्डमा बडा साहेबले चेताउनी दिन्थे। उदाहरणका लागि मेकी कमानमा छोटा साहेब भएर आएका मार्क डेभिस् बिमारी रोटिवाला बाजेलाई भेट्न जाँदा बडा साहेबले उसलाई चेताउनी दिएका थिए। बडासाहेबले छोटा साहेबलाई सम्झाउँदै तिनीहरू केवल कुल्ली हुन्। अबदेखि उनीहरूको घर जानु पर्दैन भन्ने प्रकारले गाली गर्छन्। छोटा साहेबले कुल्लीहरूलाई अन्याय र अत्याचार गर्नु हुँदैन भनी बडासाहेबलाई स्मरण गराउँदै यसो गर्नाले ख्राइस्टले प्रदान गरेको प्रेम र दयाधर्मको उल्लङ्घन हुन्छ भनी सम्झाउँदा मेनेजर व्यङ्गात्मक हाँसो हास्दै भन्छन् —

> जवान मान्छे! त्यो त तिम्रो र मेरो लागि हो, तिनीहरूको लागि हो, जसले ख्राइष्टले दिएको धर्म मान्दछ। प्रेम र दया कसरी एकजना 'हीदन' ले पाउनुसक्छ? **(सहारा, पृ.४१)**

कमानका श्रमिकहरूलाई आफ्नो पूर्ण अधीनमा राखी मालिकवर्गले शोषण र अत्याचार गर्थे भन्ने यथार्थ कुरा तलको उदधृतांशबाट अझ छर्लङ्ग बुझ्न सकिन्छ-

> डेभिस कुल्लीहरूलाई आफ्नो मनपेट पटक्क नदिनु, दयाभाव प्रकट नगर्नु, उनीहरूलाई कुल्ली जस्तै व्यवहार गर्नु, थरथरी पारेर राख्नु,नत्र कमानमा विद्रोह हुने आशङ्का हुन्छ। कम्पनीलाई ठुलो नोक्सान हुन्छ। यसकारण कुल्लीहरूको पक्ष लिएर टाउको नदुखाउनु, जसरी उनीहरूको जुनी बितिरहेको छ त्यसरी बितिरहने छ। **(सहारा, पृ. ४१)**

चियाकमानका श्रमिकहरूलाई शिक्षाको पनि कुनै व्यवस्था थिएन। कमानमा मिसनरीहरूले खोलेको दुई-चार कक्षासम्म पढ्ने निम्न प्राथमिक स्कुलको व्यवस्था मात्र रहेको यथार्थ तथ्यको उल्लेख भाइमानले साउअक्षरसम्म सिकेको प्रसङ्ग स्पष्ट हुन्छ।

कतैबाट पनि साहेबलाई नराम्रो हुने सम्भावना देखे आरोपित मान्छेलाई गाउँबाट बाहिर पठाइदिइहाल्थे। हौदेनीले पैले पनि साहेबलाई- मेरो लोग्नेलाई कसले मार्‍यो भन्ने प्रश्न साहेबको घरमै गएर गरेकी थिई। त्यसैले साहेबलाई हौदेनीसित अलिक डर लागेको थियो पछि गएर हौदेनीले साहेबलाई "म कमान छोडेर कलकत्ता भाइको घरमा गएर बस्छु" भन्दा साहेबले सोझै जाने आज्ञा दिन्छ। त्यस बेलाको समाजमा अङ्ग्रेजहरूको मनोमानीले गर्दा ग्रामीण समाजको स्थिति कष्टमय थियो भन्ने यथार्थलाई **सहारा** उपन्यासमा चित्रवत् दिग्दर्शन गरिएको छ।

### ३.४.२.२ उपन्यासको शहरिया समाज

**सहारा** उपन्यासमा ब्रिटिसकालीन भारतबर्षको दार्जिलिङस्थित एउटा चियाकमानको नेपाली समाजको सामाजिक स्थितिको साथै दार्जिलिङ शहरको यथार्थ चित्रण विद्यमान हुनाले प्रस्तुत उपन्यास ऐतिहासिक दृष्टिले पनि महत्त्वपूर्ण बनेको छ। उपन्यासमा तत्कालीन दार्जिलिङ शहरको सामाजिक वातावरणको उल्लेखमा उपन्यासकार सुन्दासले भाइमान, रूपाली आदि नेपालीहरूको मात्र चर्चा नगरेर नगरेर एङ्लो इण्डियन, चिनियाँ परिवारहरूको समेत सामाजिक जीवनको उल्लेख गरेका छन्। दार्जिलिङ शहरमा त्यस समय चिनियाँहरू प्रशस्त थिए। उनीहरू बौद्ध धर्म मान्दथिए भन्ने कुराको उल्लेख **सहारा** उपन्यासमा यसरी गरिएको छ-

> पीत वर्णको दोकान-मालिक राम्रो वंशको शाखा भन्ने भान गराउँथ्यो।तिनताक दार्जिलिङ जिल्लाका तीनै शहरमा चिनियाँहरूको जनसंख्या मनग्गे थियो। बेपार विविध कारीगरी

ठीकादारी हुटेल रेस्तराँ, दन्त चिकित्सा, जुनै विषयमा पनि चिनियाँहरू सम्बद्ध थिए। **(सहारा, पृ.२)**

भाइमान दार्जिलिङ शहर पसेर सुख पाएको स्थितिलाई शहरीयाँ समाजमा कसरी नेपालीहरू एकार्कामा आश्रित भई मेलमिलापका साथ बसेका हुन्छन् भन्ने किसिमको सामाजिक वातावरणको उपन्यासकार सुन्दासले यस उपन्यासमा चित्रण गरेका छन्।

सहारा उपन्यासमा भाइमान शहर पस्दा जसेले चिनियाँ घडी पसलमा काम लगाइदिन्छ। उसले भाइमानलाई आफ्नै घरमा बस्नु-खानुको सुविधा दिएको थियो। पहिले पहिले मालिकहरूको घरमा पस्न दिँदैन थिए, तर पछि पछि चिन्दै जाँदा घरभित्र बोलाएर राख्थे। भाइमानलाई चिनियाँ घडी पसलका मालिक मालिकनीले त्यसै गरे। शहरमा आफ्ना चिनाजाना मानिस भेटेमा वातावरणनै अर्कै हुन्छ। एकार्कासित गाउँ-ठाउँका मिठामिठा कुराकानी हुन्छ। गाउँमा हेरी शहरमाधेरै भौतिक सुविधा हुन्छन्। शहरमा कमानबस्तीमा जस्तै पानी-पनेरा, पोखरी, कुवा, खोलानालाबाट पानी थापेर वा उघाएर ल्याउनुपर्दैन थियो। बोक्ने पात्र-गाग्रो, घैंटो, बाँसको धिरी र चारपाटेटिनको झमेला थिएन। शहरतिर पनि दशै-तिहारमा गाउँले तरिकाकै सेलरोटी, मासु पकाएर खाने चलन औपन्यासिक वातावरणमा देखाइएको छ। शहरमा अनेक थरिका जात जाति बस्छन्। एकार्काको दुःखमा मानवीय सहयोग पनि प्राप्त हुन्छ। यस प्रसङ्गमा भाइमानको उदाहरण लिन सकिन्छ। उसलाई अलिक शिक्षाको आवश्यकता देखेर उसका मालिकली ताइ चुङले आफ्नै खर्चले भाइमानलाई पढाउँछन्। शहरमा काम गर्नेलाई कामको कुनै दुःख नभएको देखाइएको छ। पैसा रूपियाँ पनि कमाउन सकिन्छ। गाउँमाभन्दा शहरमा बस्ने मान्छेहरू ब्यस्तताको जीवन बिताउँछन्। प्रस्तुत उपन्यासमा चित्रित त्यस बेलाको शहरीया समाज मानवीय गुणले भरिएको थियो।

### ३.४.२.३ उपन्यासमा चित्रित समाजको सांस्कृतिक पक्ष

परम्परित रूपमा चलिआएका साथै प्रचलनमा रहेका थुप्रै रीतिरिवाज रप्रथाहरू सहारा उपन्यासमा पनि चित्रित छन्। यस उपन्यासमा नेपाली परम्परालाई मात्र नराखेर सिक्किमे र मुसलमान परम्परालाई पनि समावेश गरिएको छ। सिक्किमे केटीहरूले विशेष गरी आफ्नो जातीय पोषाक बक्खु लगाएको दृश्यलाई चित्रवत् प्रस्तुत गरिएको छ भने पानी भर्न जाँदा मुसलमान महिलाहरूले बुर्खा लाएको दृश्यको प्रस्तुतिले यस उपन्यासमा सिक्किमे र मुसलमान संस्कारलाई पनि देखाइएको छ।

नेपाली जातिहरूले पनि जुवाँइ राम्रो, शिक्षित र धनवान हेर्ने चलन बसेको कुरा भाइमानसँग विवाह गरिदिने कुरा चलिसकेपछि पनि रेनिक कमानको चियावाला सरदारको राइटर छोरो धनजीत जस्तो राम्रो, शिक्षित र धनवान केटो भेटेपछि रूपालीलाई त्यही धनवान केटोसित विवाह गरिदिनाले पनि नेपाली समाजको मानसिकतालाई झल्काउँछ।

**सहारा** उपन्यासमा देवीदेउता प्रति मानिसहरूको गहिरो विश्वास रहेको उल्लेख उपन्यासकारले यसरी गरेका छन्- भावर र लेकका माझतिर एउटा फेदमा एउटै ठूलो ढुङ्गाको ओडार छ त्यहाँ सेती-देवी उत्रेकी छन् भनेर मान्छेहरूले थान थापेका छन्। **(सहारा पृ. ५)**

यस उपन्यासमा दार्जिलिङ पहाडको नेपाली भाषी समाजले बर्षौदेखि मनाउँदै आएका विभिन्न चाड-पर्व, संसकार-संस्कृतिका प्रसङ्गलाई पनि उपन्यासकारले यसरी प्रस्तुत गरेका छन्-

> हिउँद, गर्मी, भरी पालैसित आए गए। उसरी ससाना चाड मान्ने सङ्ग्राती, चैते दशैं, रऋषितर्पणी, कुसेऔंसी आदि पर्व अनि ठूलो दशैं, त्यसपछि तिहार। कमानका कुल्लीहरू र अरू कर्मचारीहरूले मारका दिन नयाँ लुगा फेरे अनि दशैंमा टिका लाएर चाड मनाए, तिहारमा भैलो, देउँसी खेले, दिदी बहिनीबाट भाइटिका लाए। **(सहारा, पृ. १६)**

उपन्यासमा लोकले मान्दै आएका धार्मिक चाड दशैं-तिहारमा बाँडीचुँडी खाने र नाचगान गरेर सामूहिक जातीय चेतनाका साथ चाडपर्व मनाउने नेपाली लोक जीवनको सांस्कृतिक परम्पराको वर्णन उपन्यासमा यसरी गरिएको छ-

> भाइटिकाको दिन पनि भाइमान मन मिल्ने साथीहरूसित कमानको डाँडामा थापिएको पिङ खेल्न गयो र धित् मरुञ्जेल खेल्यो। उसका साथीहरू र अरू मरदहरू देउँसी खेल्न हिजैदेखि व्यस्त थिए। तामाङ खाल डम्फु बजाएर गीत गाउँथे, नाच्दै रमाइलो मनाउँदै थिए। मारूनी नाच भएको ठाउँबाट मादल बजेको र गीत गाएको आवाज हावाले उडाएर ल्याएको सुनिन्थ्यो। **(सहारा, पृ. १६)**

गाउँ वा शहरजहाँ भए पनि नेपालीहरूले चाडपर्वमा सेलरोटि पकाउने चलनले नेपाली सांस्कृतिक झलक देखाउँछ। जसे र जसेकी स्वास्नीले भाइमानलाई दशै तिहारमा बोलाएर सेलरोटी पकाई खुवाएको दृश्यबाट यो कुरोथाहा लाग्दछ। टिकाको दिन अन्य नेपाली परिवारले झैं जसे परिवारले पनि आफ्नो गच्छेअनुसार दुवै चाड मनाए, रमिता हेरे, सेलरोटी पकाए, खुशी भए।भाइमानले जसे दाइ र भाउजुका हातको टिका लगायो। आफ्ना कमाइबाट दुवैचोटि भाउजुलाई पाँच-पाँच रूपियाँ फाल्टु दिएर सघायो।

शहरमा पनि गाउँ-घरमा जस्तै देउसी, भैले, भजन गाएर मानिसहरू रमाइलो गर्छन्। शहर, गाउँ, देश र दुनियाँले बर्षदिनको चाड धूमधामसित मनाउछन्। जाँड, जूवा, रक्सी, रोटेपिङ र आलेबुङका रेसमा भागीदारी भएर भैलो, देउसी, भजन, मारूनी-नाचआदि कार्यक्रमले पनि सबैलाई आनन्दित तुल्याउँछन्। यसै सन्दर्भमा यस सहारा उपन्यासमा एउटा भजन देखाइएको छ, जसको एकांश तल प्रस्तुत छ-

> "परबाट आउने,
>
> कानेटोपी लाउने,
>
> भाङ धतूरो खाने,

राल सिङान थाङने,

मेरो छोरी माङने,

दिंदै दिंदिन.....होहोहो....दिंदै दिंदिन....." **(सहारा, पृ. ११०)**

समाजमा कोही व्यक्तिको मृत्यु भएको समयमा मलामी जानेहरूले तितेपातीले पानी सिरमा छम्केर आफुलाई चोख्याउने नेपाली संस्कार रहेको छ। चिनियाँ घडी पसलका मालिक ली ताइ चुङको छेमाको मृत शरीरलाई मट्टी दिएर फर्किंदा भाइमानले पनिधारामा गएर हातमुख धुई, मुख खोकली अनि तीतेपाती भिजाएर सिरदेखि घुँडासम्म छम्कन्छ। यसरी चोखिएपछि ऊ घर फर्कन्छ।

लोकजीवनमा प्रचलित कतिपय लोक स्तरीय नियम-कानुनको चर्चा पनि सहारा उपन्यासमा पाइन्छ। गाउँमा पञ्चायत बसेर हौंदेनी, भाइमान र जङ्गेमाझको झगडासम्बन्धी निया-निसाफ गरेको विवरण यसप्रकार छ-

> पञ्चले भाइमान र अरू गवाहीहरूलाई रामरी सोधपुछ गर्दा पिङडाँडामा भएको जम्मै घटना छर्लङ्ग भयो। जङ्गेकै कसुर ठहरियो।हौंदेनी चेलीको शिर उठाउनुपर्छ भन्ने पञ्चको निर्णय भयो। दुई बोतल डडुवा र चाँदीको एक कम्पनी राखेर जङ्गेले हौंदेनीको शिर उठाइदियो। **(सहारा, पृ. १८-१९)**

मेकी चियाकमानमा अङ्ग्रेज मालिकहरूकले श्रमिकहरूका लागी स्वास्थ्यसम्बन्धी प्राथमिक उपचारसमेतको व्यवस्था गरिदिएको थिएन।यसप्रति उनीहरूको नकरात्मक सोच थियो। आर्थिक कमजोरीका कारणले शहरको अस्पतालमा डाक्टरको उपचार पाउन कमानका श्रमिकहरूलाई आकाशको फल ताके जस्तो हुन्थ्यो। त्यसैले रूढीग्रस्त चियाबारी समाजका अशिक्षित-अल्पशिक्षित गाउँलेहरू लोकविश्वासमा आधारित धामी-झाक्रीमाथि विश्वास गर्ने गर्थे।समाजमा प्रचलित लोक परम्परित उपचारको उल्लेख यसरी गरिएको छ-

> "डाक्टर र डाक्टरी इलाजको सुविधा कमानमा नहुँदा बबुरा कमानका बासिन्दाहरूले आफ्नो कमानभित्रै बस्ने नत्र वारिपारि कमान-बस्तीका बैदाडले जडीबुटीबाट तयार पारेका ओखती खान्थे, होइन भने जानापालाई झारफुक गर्न लाउँथे।" **(सहारा, पृ. ३५)**

लोक परम्परामा गहिरो आस्था भएका कमानका श्रमिकहरू यस्तै उपचार विधिमा विश्वास गर्न वाध्य थिए । उदाहरणको लागी दाँत दुख्दासमेत कौडी बाँधेर त्यसको उपचार गर्ने लोकविधिको प्रसङ्गलाई यहाँ उदधृत गरेर हेर्न सकिन्छ-

> रूपालीको बाबुको दाँत दुखेर सहिनसक्नु भयो अरे, भोली नबिर्सिकन कानमा झुण्ड्याउने एउटा कौडी बजारबाट किनेर ल्याइदे अरे, नबिर्सिकन। **(सहारा, पृष्ठ. ५४)**. . . "तिमीले ल्याइदिएको कऔडी फुकेर त्यसको बुटी बनाएर तीन दिन झुण्ड्याइदियो जन्तरे धामीले, दाँत दुख्नु हराइगयो।" **(सहारा पृ. ५४)**

बिमार भई ओछ्यान परेका बूढा रोटीवाला (डाकवाला) लाई भिक्टोरिया अस्पतालमा उपचारको निम्ति अनुरोध गर्रिंदा पनि साहेबले त्यो सुविधा पाउन निषेध गरेको थियो। चियाकमानमा श्रमिकहरूको स्वास्थ्य र उपचारम्बन्धी अङ्ग्रेज मालिकहरूको कुनै चासो थिएन। यस सम्बन्धमा रूपालीका बाबुको अभिव्यक्ति यस्तो छ- "यो मरेको ठाउँमा केही पाइँदैन, खालि चियाको बुटा, दवाईपानी चै साहेबहरू आफै घिचोस्।"**(सहारा, पृ. ६५)**

नेपाली भाषिक समुदायमा प्रचलित अर्को महत्त्वपूर्ण सांस्कृतिक पक्ष कोसेली दिने चलन पनि हो। लामो समयपछि कुनै ठाउँ वा परिवारकहाँ भेट्न जाँदा त्यहाँ खाली हात नगई कोसेली बोकेर जाने चलन नेपाली परम्परामा रहेको छ। यस बारे भाइमान दुई-तीन दिनको निम्ति शहरबाट कमानस्थित जेदोङका गुरूबाबु र गुरूमाको घरमा पाहुना लाग्न जाँदा कोसेली बोकेर गएको दृश्यबाट स्पष्ट हुन्छ।

### ३.४.२.४ उपन्यासमा चित्रित समाजको आर्थिक पक्ष

**सहारा** उपन्यासमा मालिक र श्रमिक अथवा सम्पन्न र विपन्न दुवै वर्गका पात्रहरू रहेका छन्। अर्थ अथवा कमाई वा धनले मान्छेको आर्थिक स्थिति छुट्याउने गरिन्छ। त्यही आधारमा मान्छेलाई सम्पन्न र विपन्नवर्गमा छुट्याउन सकिन्छ।

**(क) सहारा उपन्यासमा सम्पन्न वर्गीय समाज : सहारा** उपन्यासका पात्र बडा साहेब, छोटा साहेब (कमानका मेनेजरहरू) आर्थिक स्तरले उच्च वर्गीय पात्रका रूपमा चिनिन्छन् जसलाई कुनै कुरोको पनि अपुग छैन। सबैथोक परिपूर्ण छन्। कमानमा उनीहरूको निम्ति बङ्गला, पानी, लुगाफाटो सबै कुरोको प्रबन्ध मिलेको छ। खान बस्नको निम्ति आफैले दुःख गर्नु पर्दैन। सबै काम बेहरा, माली, सईस, बबर्ची आदिले गरिदिन्छन्। बसीबसी खान पाउने अवस्था उनीहरूको रहेको छ। तिनीहरूले चिया कमानका कुनै सुन्दरी युवतीलाई 'छोकडी'-सम्म राख्न सक्छन्। त्यति हुँदा पनि सबैको नजरमा मालिक, साहेबहरूको इज्जत, सम्मान छ। साहेबलाई पैसा रूपियाको दुःख थिएन। सबैथोकले पुगीसरी भएको हुनाले साहेबहरू अलिक अत्याचारी र दूराचारी पनि थिए। उनीहरूले निम्नवर्गका श्रमिकहरूलाई निकै थिचोमिचो गर्छन्।

**(ख) सहारा उपन्यासमा विपन्न वर्गीय समाज** : निम्न आर्थिक वर्गका पात्रहरू **सहारा** उपन्यासका प्राणहरू हुन्। मेकी चिया कमानमा काम गर्ने सबै श्रमिकहरू निम्नवर्गीय पात्रहरू हुन, जस्तै बबर्ची, बेहरा, खिमदार, मसाल्ची, पानीवाला, आया, सईस, चौकिदार, रोटीवाला, राइटर, मेहतर, धोबी, चिया श्रमिक इत्यादि। यी सबै पात्रहरूको जीवन भने सम्पन्न देखिँदैन। सम्पन्नवर्गको अधीनमा आफ्नो जीवन बिताउने यी पात्रहरू कुनै छलकपट जान्दैनन्। **सहारा** उपन्यासमा वर्णित धेरै जसो भौतिक सुविधाहरूबाट बञ्चित श्रमिकहरूले महिनाभरि काम गरेको केवल ६ रूपिया तलब पाउँथे। धेरै जहान हुनेहरूलाई जीवन धान्न गाह्रैपर्थ्यो। काम सराबरी गरे तापनि केटा मान्छे (मरद) र केटी मान्छे (औरत) भनी

छुट्याएर ज्याला घटीबढी दिइन्थ्यो। कमानमा अतिरिक्त आमदानी हुने अरू कुनै वैकल्पिक बाटो थिएन। साहेबका बगैंचाका फूल खाइदिन्छन्, चौरको भुई खोर्सिन्छन्, कुखुराले भूत्भूते खेल्छन् भनेर साहेबको अनुमतिबिना फाल्टु आमदानीको निम्ति श्रमिकहरूले कुखुरा, बाख्रा, गाईवस्तु पाल्न पाइँदैन थियो। साहेबलाई अथवा साहेबको कोठीलाई नोक्सान पुग्ने कुनै काम गर्नु निषेध थियो। महिनाभरि काम गर्ने श्रमिकहरूको ज्याला केवल छ-सात रूपिया थियो। एकदिन काममा गएन भने रोज काटिदिने डर उनीहरूलाई थियो। साहेबले भने जस्तो भएन भने श्रमिकहरूलाई हट्टाबाहिरसम्म गर्न पछि हट्दैन थिए। दुःख-बिमार हुँदा औषधी उपचार गर्नुगाह्रो पर्ने यी निम्नवर्गीय पात्रहरूको कष्टदायक जीवनको चित्रण उपन्यासमा प्रस्तुत छ।

### ३.४.२.५ उपन्यासमा चित्रित समाजका राजनीतिक पक्ष

भारतस्वतन्त्र हुनअघिको अङ्ग्रेज शासनकालीन चियाबारी समाजको परिवेशलाई लिएर लेखिएको उपन्यास भएको हुनाले आलोच्य उपन्यासमा राजनीतिक अवस्था एकपाटे देखाइएको छ। कमानतिर केवल कम्पनीको हुकुम चल्थ्यो अर्थात कमानका मेनेजर साहेबको हुकुम चल्थ्यो। न्याय र दण्ड दिने अधिकारसबै उसैको हातमा हुन्थ्यो। कसैले विरोध गर्न पाउँदैन थिए। पुलिस, कचहरी सबै अङ्ग्रेजकै अधीनमा हुन्थ्यो। साहेबहरूले थाना कचहरीलाई आफ्नो हातमा राखेको कुरा यस प्रसङ्गलाई हेर्दा पत्तो लाग्छ-

> अर्को दिन तदारूखमा गएको दोरुङा पुलिस सुपरको हुकुम हुँदा आफुले तयार पारेको रिपोट लिएर सुपरको अघिल्तिर उपस्थित भई सलाम ठोक्यो। सुपरले ध्यान दिएर त्यो रिपोट पढिसिध्याए पछि तातिएर बोल्यो-“सब्-इन्सपेक्टर, तिमीलाई थाहा छैन मिस्टर हेन्ले एकजना प्लान्तर हो, तिम्रो इन्भेस्टीगेशन् रिपोट मैले दिएको इनमा भएन। मेरो कुरा याद गर्नु अनि रिपोट रिसब्मीट गर्नु-भनेर कागज हुयाइदियो।”

कोही असल हृदय भएका सहायक मेनेजर आए कसोकसो गरेर उसको मुखमा बुचो लगाइदिई हाल्थे। कमानमा मार्क डेभिस् नाम गरेका छोटा साहेब आएका थिए। रोटिवाला बाजे बिमार भएको हुनाले छोटा साहेब हेर्न जान्छन्। टिवालालाई हेर्न गएको कुरा बडा साहेबले थाहा पाएर यसरी कराउँछन्-

> "मार्क, के तिमी डाक्टर हौ?" फेरी थप्यो, "तिमी त म मुनिको सिकारु सहायक कर्मचारी हौ, तिमीले आफ्नो कामपट्टि ज्यादा ध्यान दिनु।" **(सहारा, पृ. ४०)** यसरी कराउँदा छोटा साहेबले यसरी जवाब दिँदै भन्छन्—त्यो कुरा म सोलह आना मान्छु, तर यहाँ एकजना पुरानो विश्वासी मान्छे थलो परेको छ, कमानमा राम्रो इलाज गर्ने सुविधा छैन, शहरको अस्पतालमा राखेर इलाज र स्याहार संभार गरे उ चाँढै जाती हुनसक्छ। **(सहारा, पृ. ४१)**

छोटा साहेबबाट यस्तो प्रत्युत्तर पाउँदा साहेब अझ रिसाएर भन्छन्-

> अँ म जान्दछु, अनि तिमी पनि सुन, पहिलो कुरा-एकजनाको लागि गरेपछि, सबैको लागि गर्नुपर्छ, अनि कसरी पुग्छ ? यो सब जटिल विषय तिमीले बुझेको छैन, अहिले तिमी आलोकाँचो छौ, पछि बुझ्दैजाउँला"

साहेबले यस्तो कुरा गर्दा छोटा साहेबले अचम्म मानेर त्यसको प्रत्युत्तरमा मेनेजरलाई स्मरण गराउन खोज्दै भन्छन्-

> खाइस्टले प्रदान गरेको प्रेम र दयाधर्म यसो गर्नाले के उल्लंघन हुँदैन ? जवान मान्छे ! त्यो त तिम्रो र मेरो लागि हो, तिनीहरूको लागि हो जसले खाइस्टले दिएको धर्म मान्दछ।प्रेम र दया कसरी एकजना 'हीदन' ले पाउनुसक्छ ? **(सहारा, पृ. ४१)**

यसरी असल हृदय भएका छोटा साहेबलाई बिमारीलाई हेर्न जाँदा पनि बडा साहेबले गाली गर्छन्। कमानमा साहेबहरूको नजरमा श्रमिकहरू हिन्दु धर्मावलम्वीहरू हुन् जसलाई प्रेम र दया देखाउनु उनीहरूको धर्म होइन। साहेबहरूले श्रमिकहरूलाई केवल कुल्लीको रूपमा हेर्थे र उनीहरू प्रति जतिसक्दो अन्याय र अत्याचार गर्थे। उनीहरूले केवल आफ्नो

फाइदा हेर्थे। यस प्रसङ्गलाई पुष्टि गर्न साहेबले छोटा साहेबलाई भनेको यस उक्तिलाई हेर्न सकिन्छ-

> "डेभिस्, कुल्लीहरूलाई आफनो मनपेट पटक्क नदिनु, दयाभाव प्रगट नगर्नु, उनीहरूलाई कुल्ली जस्तै व्यवहार गर्नु, थरहरी पारेर राख्नु, नत्र कमानमा विद्रोह हुने आशङ्का हुन्छ, इण्डियाको अरू जग्गामा के हुँदैछ ? थाहा छैन ? यहाँ पनि चियाको बोटहरूमा आगो लाग्छ, काम बन्द हुन्छ, कम्पनीलाई ठूलो नोकशान हुन्छ, तिमी अहिले कल्पना गर्नु सक्तैनौ। यसकारण कुल्लीहरूको पक्ष लिएर टाउको नदुखाउनु, जसरी उनीहरूको जुनि बितिरहेको छ, त्यसरी बितिरहनेछ।"**(सहारा, पृ. ४१)**

निर्दोष श्रमिकको प्राण लिएर पनि साहेबहरू निर्धक्क बस्थे। राम्री स्त्री देखे उसलाई आफ्नो कोठीमा छोक्डी बनाउन ल्याउथे। यस्तो अन्याय र अत्याचारयुक्त समाजमा एकतर्फी राजनीति चल्थ्यो।

अर्कोतिर कमानमा श्रमिकहरूमाझ एक आपसमै मेल मिलाप थिएन। कसैले कसैलाई हियाउनमा कुनै कसर बाँकी राख्दैन थिए। भाइमानलाई कामको निम्ति नियुक्त गरिदिंदा त्यहाँका अन्य श्रमिकहरूले उसलाई  हियाउनुसम्म हियाउँछन्। भाइमानकी आमा पनि काममा जाँदा धेरै कर्मचारीहरू इर्ष्याले बोल्दैनन्। कमानमा एकआपसमा छलकपट, रीस, आरीस आदिको राजनीति चल्छ। जागीरमान मरेपछि भाइमानलाई जङ्गेले बिना सित्तैमा बाबुको निहु झिकेर पिङ जबरजस्ती खेल्न लाउँछ। भाइमानले पिङ खेल्न नमान्दा जंगेले कुट्न खोज्दै भन्छ- "किन खेल्दैनस्, म भन्छु खेल, ठूलो न हु नाथे पापी, तेरो बाबुलाई नचिनेको हो त्यो पापीलाई ?" **(सहारा, पृ १७)** रूपालीका मातापिताले भाइमानलाई छोरी दिने बाचा गरिसकेपछि पनिअर्को धनवान केटाको कुरा चल्दा भित्रभित्रै सल्लाह गरेर छोरीको हातधनी केटोलाई दिने राजनीति गाउँमा चल्छ। कमानमा धनी गरीबलाई छुट्याउने राजनीति विद्यमान छ।

### ३.४.२.६ उपन्यासमा चित्रित समाजको मानवीय पक्ष

**सहारा** उपन्यासका धेरै पात्रहरूमा रीस, आरीस, कुविचार, बदलाको भावना जस्ता कतिपय मानवीय कमजोरीहरू भए तापनि त्यस्तो समाजमा कताकता मानवीय गुण पनि झल्केको पाइएको छ। उपन्यासको शीर्षकलाईमात्र मध्य नजरमा राखेर हेर्दा उपन्यास मानवीय गुणले भरिएको छ भन्ने कुरा स्पष्ट हुँदछ। **सहारा** उपन्यास आदर्शोन्मुख यथार्थवादी प्रवृत्तिको उपन्यास हुनाले समाजका खराबी र कमजोरी हटाई एउटा आदर्श समाजको स्थापना गर्नु यसको मूल उद्देश्य रहेको छ। भाइमानजस्ता शोषित र पिडित चिया श्रमिकहरूलाई मेकी कमानका अङ्ग्रेजहरूको शोषणबाट मुक्त गराउन हट्टाबाहर भएको जसे मानवतावादी कार्य गर्न अघि सरेको छ। उसले भाइमानलाई शहरजस्तो ठाँउमा सहारा दिएर चिनियाँको घडी दोकानमा काम दिलाई दिएको थियो। जसेले भाइमानको दुःख आफ्नै दुःख जस्तो सम्झेर भाइमानलाई मदत गरेको कुरा यस उक्तिलाई हेरेर स्पष्ट हुन्छ-

> शहरमा पसेर सोल्जर्स् क्लबमा काम गर्नथालेपछि जसे चनाखो, आँटिलो, गोराहरूबाट कतिपय अङ्ग्रेजी शब्द र वाक्यांश सुनेर बुझ्ने र बोल्दा प्रयोग गर्न सक्नेसम्म भएको थियो। सरकारी उर्दी- खाकीको पल्टने कोट, हाप- प्याण्ट, सिउर-टुप्पे चेप्टो टोपी, खाकी रङ्गको मोजा र पल्टने बूट कसेर उसले दार्जिलिङका ठूला नामी घडी-दोकानहरू घुम्यो, भाइमानको लागि मालिकहरूलाई सलाम ठोक्दै बोलबिन्ती गरिदियो तर कतैबाट आशाजनक उत्तर पाएन। आज राम्रो साइत रहेनछ भनेर उसले अरूतिर कोशिश गर्न इच्छा गरेन। भोलिपल्ट 'आज कुन घडी दोकानमा' गए चिताएको पुग्ला त भन्दा त्यही लोयड रोडमा पर्ने चिनियाँको घडी-दोकान उसको मनमा घरि पनि घरि पनि आइरह्यो। आच्छा त, त्यहीं जानु पर्यो भन्ने उसले निश्चय गर्यो। **(सहारा, पृ.७९)** यसरी जसेले आफ्नो मानवीयताको उदाहरण देखायो।

चिनियाँ परिवारले भाइमानलाई न्यानो लुगा पहिरन दिएको र आफ्नै छोरालाई झै प्रेम गरेको यी मानवीय भावनाहरू **सहारा** उपन्यासमा पाइन्छन्। समाजमा मानवको स्वतन्त्र

अस्तित्वलाई कदर गर्दै समानता र भातृत्वपूर्ण व्यवहार गर्नुपर्छ भन्ने भावना उपन्यासकारले **सहारा** उपन्यासको निचोडमा व्यक्त गरेका छन्। जाति, धर्म र राष्ट्रियताका कुरा भुलेर मानवका बिच प्रेम, सद्भाव र विश्वास हुनुपर्छ भन्ने कुरा उपन्यासमा रोटीवाला र छोटा साहेब र भाइमान र चिनियाँ परिवारको सम्बन्धबाट देखाइएको छ। एकजना धरम मन भएको मान्छे भएको हुनाले छोटा साहेबलाई रोटिवालाप्रति माया जागेर आयो र बिमारी रोटिवालालाई हेर्न गएर दवाई पिलाएको प्रसङ्गलाई यस भनाईले पुष्टि गर्दछ-

> छोटा साहेबले दिएको दवाई खाएर बूढो रोटिवालालाई बीसको उन्नाइस ता भयो, तर उ तंग्रिन सकेन। कमानको डाक्टरले कमानमा आएको बेलामा दवाईवालाबाट सब कुरा सुन्यो अनि उसको मनमा धर्म जागेर होकि आफ्नो कर्तव्यमा फेल किन हुनु भनेर उ पुरानो रोटीवालाको घरमा उसलाई हेर्न पुग्यो। कानमा लाबरको नली झुन्डाएर छाती, भुँडी, पिठिउँ जाँच्यो, दुवै आँखा च्यातिच्याति हेर्यो, जिब्रो हेर्यो, झाडा-पिसाब कस्तो हुन्छ, सब सोध्यो अनि दवाईखानामा फर्केर आफ्नै हातले ओखती तयार पारी शीशीमा हालेर खान पठाइदियो। **(सहारा, पृ. ४०)**

मानवतावादको दृष्टिले माथिका यिनै पक्षहरूलाई आलोच्य उपन्यासको मानवतावादी स्वर भन्न सकिन्छ।

## ३.५ उपसंहार

सुन्दासका **सहारा** र **जुनेली रेखा** उपन्यासमा गाउँ र शहरका दुई किसिमका समाजको चित्रण गरिएको छ। आर्थिक दृष्टिले निम्नवर्गका मानिसहरूनै **जुनेली रेखा र सहारा** उपन्यासका प्राणहरू हुन्। मेकी चिया कमानमा काम गर्ने सबै श्रमिकहरू निम्नवर्गीय पात्रहरू हुन्, जस्तै माली, बबर्ची, बेहरा, खिमदार, मसाल्ची, पानीवाला, आया, सईस, चौकिदार, रोटीवाला, राइटर, मेहतर, धोबी, चिया श्रमिक इत्यादि। यी सबै मानिसहरूको जीवनस्तर निम्नस्तरको छ। उपनिवेशकालमा दालिङका नेपाली चिया

श्रमिकहरूले  के कस्तो आर्थिक स्थिति झेलेर कसरी जीवन बिताएका थिए भन्ने यथार्थ कुरोको  वर्णन सुन्दासका उपन्यासहरूमा गरिएको छ।

सुन्दासको दोस्रो उपन्यास **जुनेली रेखा** र चौथो उपन्यास **सहारा** ऐतिहासिक घटनामा आधारित सामाजिक यथार्थवादी उपन्यासहरू हुन्। यति हुँदाहुँदै पनि यी उपन्यासहरूमा सामाजिक जीवनका आदर्श पक्षहरूलाई पनि अघि सारिएको छ जस्तै सत्यको जय र असत्यको पराजय देखाउनु तथा अनुकरणीय चरित्रको सृजना गर्नु औपन्यासिक आदर्श हो।

ब्रिटिशकालन चियाकमानका यथार्थ घटना र परिस्थितिलाई **जुनेली रेखा** र **सहारा** उपन्यासले आफूसित समेटेका छन्। वर्गीय दृष्टिले शासक र शासितका बिचका असङ्गत द्वन्द्वमा जन्मेका यथार्थलाई यी उपन्यासहरूमा प्रस्तुत गरिएको छ। **सहारा** उन्यासमा उपन्यासको शीर्षकबाटै आदर्शता र नैतिकताको मर्यादा स्थापित भएको तथ्य स्पष्ट छ। तत्कालीन ब्रिटिश राजको शोषण र अत्याचारले चियाकमानका श्रमिकहरू आफ्नो ठाँउबाट पलायन भई एकले अर्काको सहारा खोज्दै हिड्थे। मेकी कमानको श्रमिक भाइमान पनि आफ्ना  पितापुर्खा बसिआएको  कमान छाडेर शहर पस्दा उदार हृदय भएको जसे र मालिनीको सहारा पाएर जीवन धान्न सफल भएको  कथाबाट  **सहारा** उपन्यासको शीर्षक पनि सार्थक भएको छ। जस्तै जटिल परिस्थितिमा पनि आफूलाई कसरी सम्हाल्न सक्नुपर्छ भन्ने इच्छाशक्ति भएका आदर्श नायकद्वय  जसे  र  भाइमानको सङ्घर्षमय जीवन र अन्त्यमा योग्य भई आत्मनिर्भर बनेर जीवन धान्न सफल भएका यी औपन्यासिक पात्रहरूको जीवनगाथालाई सन्देशको रूपमा लिन सकिन्छ।

# चौथो अध्याय

## ४.उपसंहार तथा निष्कर्ष

### ४.१ शोधकार्यको उपसंहार तथा निष्कर्ष

**इन्द्र सुन्दासका जुनेली रेखा र सहारा उपन्यासमा सामाजिक चित्रण** शीर्षकको प्रस्तुत लघुशोधप्रबन्ध चारवटा अध्यायमा विभाजित रहेको छ। प्रत्येक अध्यायमा प्रस्तुत गरिएको तथ्यगत विश्लेषणको सारांशलाई यहाँ अध्यायगत उपसंहारका साथै सम्पूर्ण शोधको निचोडलाई निष्कर्षको रूपमा निम्नलिखित उपशीर्षकका आधारमा प्रस्तुत छ।

### ४.२ अध्यायगत उपसंहार

पहिलो अध्यायको शीर्षक **शोधक्षेत्रको परिचय** रहेको छ। यस अध्यायअन्तर्गत विभिन्न उपशीर्षकहरू जस्तै, **शोधक्षेत्रको परिचय, शोधशीर्षक, शोध शीर्षकको परिचय, शोधको प्रयोजन, शोधको समस्या, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको सीमाङ्कन, शोधविधि, शोधको आधार र ढाँचा, शोधको सामग्रीसङ्कलन विधि, शोधको अध्याय विभाजन** लगायत भावी शोधार्थीका निम्ति सम्भावित शोध शीर्षकहरू, **सन्दर्भग्रन्थसूची** आदिमा शोधकार्यको परिचय प्रस्तुत छ। उपन्यासकार इन्द्र सुन्दासद्वारा लिखित विशेष दुईवटा उपन्यासहरू- **जुनेली रेखा र सहारा** उपन्यासको अध्ययनक्रममा देखिएका शोध समस्याको समाधानार्थ अन्तिम निष्कर्ष प्राप्तिका लागि प्राथमिक सामग्री स्रोत र द्वितीयक सामग्री स्रोतबाट प्राप्त अहिलेसम्मका पूर्वकार्यहरूको अध्ययन गरी शोधको निष्कर्षसम्म पुग्ने चेष्टा गरिएको छ। यस अध्यायमा शोधको औचित्य र महत्त्वमाथि पनि प्रकाश पारिएको छ। यसै गरी यस अध्यायमा शोधको सीमाङ्कनका आधारमा प्रस्तुत शोधकार्यका ढाँचा र विधिका विभिन्न पक्षहरूको पनि उल्लेख गरिएको छ। अझ शोधको

वैज्ञानिक प्रस्तुतिका लागि अध्याय विभाजन गरिएको छ भने भावी शौधार्थीहरूका लागि सम्भावित शोध शीर्षकहरू पनि प्रस्तावित छन्।

दोस्रो अध्यायको शीर्षक **उपन्यासमा सामाजिक अध्ययनका आधार र इन्द्र सुन्दासका सामाजिक उपन्यासहरू** रहेको छ। यस अध्यायमा साहित्यको समाजशास्त्रीय दृष्टिकोणको आधारमा सामाजिक उपन्यासलाई हेर्ने सैद्धान्तिक आधारहरूको अध्ययन गरी इन्द्र सुन्दासका विवेच्य उपन्यासहरूमा चित्रित समाजको अध्ययन र विश्लेषण प्रस्तुत गरिएको छ। लघु शोधप्रबन्धको तेस्रो अध्यायको शीर्षक **इन्द्र सुन्दासका 'जुनेली रेखा' र 'सहारा' उपन्यासमा समाज चित्रणको विश्लेषण** रहेको छ। यस अध्यायमा सामाजिक उपन्यासमा चित्रित समाजको अध्ययनक्रममा सामाजिक संरचनाका विविध घटकहरू जस्तै पारिवारिक, सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक, धार्मिक आदिको पारस्परिक सम्बन्धबाटै मानव समाज निर्माण भएको तथ्य सर्वमान्य छ। तिनै सामाजिक संरचनाका विविध घटकहरूको प्रस्तुतिले गर्दा उपन्यासमा चित्रित समाजलाई साहित्यसँग सम्बन्धित समाजशास्त्रले वैज्ञानिक अध्ययन गरेको हुन्छ। यही आधारमा यस अध्यायमा उपन्यासकार इन्द्र सुन्दासका विवेच्य उपन्यासहरू **(जुनेली रेखा र सहारा)-** मा चित्रित समाजको सामाजिक अध्ययन गरिएको छ।

प्रस्तुत शोधकार्यको चौथो अध्यायको शीर्षक **उपसंहार तथा निष्कर्ष** रहेको छ। यी अध्याय अध्यायगत उपसंहार र निष्कर्ष गरी दुई उपशीर्षकमा विभाजित छ, जसमा विभिन्न अध्यायको सारंशका आधारमा अध्यायगत उपसंहार र अन्तमा शोधको समष्टि निष्कर्ष प्रस्तुत गरिएको छ।

अन्तमा भावी शोधार्थीहरूका लागि यस शोधसँग सम्बन्धित अन्य सम्भावित शोधशीर्षकहरू प्रस्ताव गरिएको छ र साथै प्रस्तुत शोधकार्यलाई पूर्णता दिनका लागि अध्ययन गरिएका सन्दर्भ सामग्रीहरूको सूची समाविष्ट छ।

## ४.२ निष्कर्ष

उपन्यासकार इन्द्र सुन्दासका **जुनेली रेखा** र **सहारा** उपन्यासहरू भारत स्वतन्त्रतापूर्वको अङ्ग्रेजको राजत्वकालको परिवेशलाई पृष्ठभूमि बनाई लेखिएका उपन्यासहरू हुन्। **जुनेली रेखा** र **सहारा** दुवै उपन्यासले एकै किसिमको चियाबारी समाजको चित्रण गरेका छन्। दुवै उपन्यासले दार्जिलिङको मेकी कमान र त्यसको सेरोफेरोमा काम गर्ने नेपाली चिया श्रमिकहरूको जीवनसङ्घर्ष र सामाजिक स्थितिको उल्लेख गरेका छन् तर यी दुवै उपन्यासको परिवेशलाई दुईवटा भिन्न भिन्नै उपनिवेशकालीन समयको आधारमा प्रस्तुत गरिएको छ। देश, काल र परिस्थितिअनुसार कमानका श्रमिकहरूमा विस्तारै मानसिक सचेतता र राजनीतिक जागरण आउन थालेको परिवेश दुई उपन्यासमा चित्रित छ। कमानमा साहेबले श्रमिकहरूप्रति गर्ने दूरव्यवहार उस्तै रहे तापनि श्रमिकहरू साहेबसँग पहिले जति नडराउने देखिएका छन्। हैदेको हत्या भइसकेपछि हैदेनी सोझै साहेबकहाँ गएर आफ्नो लोग्नेलाई मृत्यु विषय प्रश्न गर्छे। यसरी यी उपन्यासहरूमा समयअनुसार कमानका शोषित, पीडित र दमित जनजीवनमा परिवर्तन आइरहेको वस्तुस्थितिको जिवन्त चित्रण भएको पाइन्छ। **जुनेली रेखा**-मा श्रमिकहरू साहेबसित सोझै बोल्न डराउँथे, भित्रभित्र भने साहेबको दूरव्यवहारप्रति विरोध पनि गर्थे, तर **सहारा**-उपन्यासमा आइपुग्दा पात्रहरूसोझै मालिकको विरोध गर्ने हिम्मत राख्छन्।

यी दुई उपन्यासहरूलाई पात्रहरूले बिताएको समय, घटनाहरू घटेको समय र कथावाचक उभिएको समयलाई छुट्याएर हेर्न सकिन्छ। कुनै पनि घटना एउटा विशेष समयमा घटेका हुन्छअनि पात्रहरू पनि एउटा विशेष समयमा उभिएका हुन्छन्। **जुनेली रेखा र सहारा** उपन्यासमा उपस्थित र चित्रित पात्रहरूले बिताएको समय अङ्ग्रेजले भारतमा आफ्नो प्रभुत्व जमाएको समय हो। यी उपन्यासहरूमा पात्रहरूले अङ्ग्रेजको अधीनस्थ चियाबारी समाजमा कसरी जीवन बिताएका थिए भन्ने यथार्थ कुरालाई केन्द्रमा राखेर

औपन्यासिक कथावस्तुको घटना गुम्फन गरिएको छ। अङ्ग्रेजको शासनको कालमा चियाबारीका श्रमिकहरूले भोग्नु परेको कठिन परिस्थितिको चित्रण यी उपन्यासहरूमा गरिएको छ। मानव जीवनमा कुनै न कुनै घटना घटेकै हुन्छ। त्यस घटनाले कुनै विशेष समयलाई आत्मसात गरेको हुन्छ। **जुनेली रेखा** र **सहारा** उपन्यासमापनि सानातिना थुप्रै घटनाहरू घटेका छन् र ती घटनाहरूले पनि एउटा विशेष समयको बोध गराउँदछन्। **जुनेली रेखा** उपन्यासको पात्रजसेले मालिनीसँग घरजम गर्ने प्रस्ताव राख्न नै उसको जीवनमा आइपरेको ठूलो घटना हो। फलस्वरूप जसेले हट्टाबाहिर हुनु पर्ने सजाय पायो। जुन दण्डले गर्दा जसेले आफ्ना पुर्खाले जुनी बिताएको ठाउँ, आफु जन्मी हुर्केको ठाउँलाई सँधैको निम्ति छोडेर दार्जिलिङ शहरतिर पलायन हुन्छ। यो एउटा यस्तो समय हो, जुन समयमा गान्धीले अङ्ग्रेजहरू विरुद्ध स्वतन्त्रता संग्रामको आन्दोलनलाई भारतभरि अघि बढाएका थिए। यस समयमा भारतीयहरूमा राजनीतिक सचेतता जागेको समय थियो। त्यो राजनीतिक चेतनाले दार्जिलिङ आसपासका चियाबारीका मानिसहरूमा पनि प्रभाव पार्न थालेको थियो। चियाबारीका श्रमिकहरूमा उपनिवेशवादी अङ्ग्रेजहरूको विरुद्ध विद्रोही चेतना जाग्न थालेको समयलाई यी दुई उपन्यासहरूले औपन्यासिक समयको रूपमा वहन गरेका छन्। यही परिवेश र पृष्ठभूमिलाई समेटेर लेखिएका यी उपन्यासहरूले उपनिवेशकालीन दार्जिलिङ शहर र त्यस आसपासका चियाबारीको सामाजिक वस्तुस्थितिको यथार्थ चित्रण गरेका छन्।

ब्रिटिशभारतकालीन समयको परिवेश र पृष्ठभूमिलाई बनाई लेखिएका **जुनेली रेखा र सहारा** उपन्यासहरूमा दार्जिलिङका चियाबारीका अङ्ग्रेज मालिकवर्गको उपनिवेशवादी शासन प्रणाली र त्यहाँका चिया श्रमिकहरूको कष्टप्रद शोषित जीवनको चित्रण नै मुख्य औपन्यसिक बिषय रहेको छ। यी उपन्यासहरूमा चियाकमानका अङ्ग्रेज मालिकहरूका अत्याचार, शोषण, दमननीति र उनीहरूको इच्छा विरूद्ध काम गर्ने श्रमिकहरूलाई हट्टाबाहिर गर्ने प्रथा आदि त्यस बेलाका भएकै यथार्थ घटनाहरूलाई समावेश गरिएको छ। त्यसो हुनाले ऐतिहासिक एवम् सामाजिक यथार्थहरूलाई औपन्यासिकता प्रदान गरिएका यी उपन्यासहरू

अवश्यै पनि सामाजिक यथार्थवादी प्रवृतिका छन्। यस सम्बन्धमा स्वयम् उपन्यासकार सुन्दास उपन्यासको प्राक्कथनमा लेख्छन् — यथार्थवादमा आधारित यो उपन्यासको पृष्ठभूमि छ।

ब्रिटिसशासनकालीन दार्जिलिङको सेरोफेरोमा रहेको चियाकमानको यथार्थ चित्रण गरेर अनि त्यहाँका चिया श्रमिकहरूलाई औपन्यासिक पात्र-पात्राका रूपमा उपस्थित गराएर भएकै यथार्थ परिवेशका माध्यमबाट यथार्थ घटनाहरूलाई औपन्यासिक सूत्रमा बाँधी प्रस्तुत गर्ने यी उपन्यासहरूको विशेषता हो। ऐतिहासिक विषयवस्तुलाई अङ्गालेर सामाजिक जीवनको कथा प्रस्तुत गरिएका यी उपन्यासहरूले चियाबारीका अङ्ग्रेज मालिक तथा प्रबन्धकहरूका अन्याय र अत्याचारको विरूद्धमा जागरूक हुने चेतना ती श्रमिकहरूमा प्रबल हुन थालेको यथार्थिक कुरालाई उल्लेख गरेका छन्।

**जुनेली रेखा र सहारा** उपन्यासमा उपन्यासकार सुन्दासले तत्कालीन चियाकमानको सामाजिक वातावरणको चित्रणबाहेक दार्जिलिङ शहरको पनि यथार्थ सामाजिक चित्रण गरेका छन्। चियाकमानका श्रमिकहरूको ज्यालाभन्दा शहरमा काम गर्ने जसेले कमाएको ज्याला ्धेरै हुनु र आफूले चाहे जस्तो खान र लाउन पुग्नाले चियाबारीको ग्रामीण समाज र शहरिया समाज बिचको सामाजिक-आर्थिक अवस्थाको भिन्नता यी उपन्यासहरूमा देखाइएको छ। यी दुवै उपन्यासमा ब्रिटिश शासनका अत्याचार, दमननीति, हट्टाबाहिर प्रथा आदि मुख्य बिषयवस्तु रहेको छ। अङ्ग्रेज प्रबन्धकहरूको मनमानी र दमनकारी नीतिमा परिवारको एउटा सदस्यले हट्टाबाहर दण्ड पाएको खण्डमा त्यस परिवारका सम्पूर्ण सदस्यले नै २४ घण्टाभित्र सपरिवार चियाकमान छोड्नु पर्ने स्थितिको चित्रण यस उपन्यासमा पाइन्छ।

यसै गरी यी दुई उपन्यासहरूलाई दुई भागमा विभक्त गरेर विश्लेषण गर्दा पूर्वार्द्धमा चियाकमानका श्रमिकहरूको दयनीय सामाजिक-आर्थिक स्थितिका साथै उपनिवेशकालीन अङ्ग्रेजहरूको अत्याचार, हट्टाबाहिर गर्ने प्रथा आदिको यथार्थ चित्रण पाइन्छ भने उत्तरार्द्ध दार्जिलिङ शहरको सामाजिक-आर्थिक स्थितिको चित्रण गरिएको छ। ब्रिटिश सरकारको

समयमा चियाकमानतिर **सहारा** उपन्यासको मुख्य पात्र भाइमानजस्ताले दार्जिलिङ शहरको पोष्ट अफिसबाट मेकी कमानमा डाक ल्याउने-पुराउने काम हिंडेरै गर्ने डाक-व्यवस्थाको उल्लेख **सहारा** उपन्यासमा गरिएको छ। यसबाट तत्कालीन समयमा दार्जिलिङ चियाकमानतिर डाक व्यवस्था कस्तो थियो भन्ने ऐतिहासिक जानकारी पाइन्छ। यी उपन्यासरूमा वर्णित घटनाहरू सबै स्वभाविक र यथार्थ लाग्ने खालका छन्।

यसरी उपन्यासकार सुन्दासकै भनाइअनसार **जुनेली रेखा र सहारा** उपन्यासको समय १९१४ देखि १९४० बिचको समयावधि हो भन्न सकिन्छ। उपन्यासहरूमा वर्णित छोकडी प्रथा, हट्टाबाहिर गर्ने प्रथा, चियाखेती बारेको ऐतिहासिक घटना, सन् १९२५ मा महात्मा गान्धी दार्जिलिङ आएको प्रसङ्ग, मेकी कमानको बडासाहेब पहिलो विवयुद्ध (१९१४-१९१९) मा खटिएर देश फर्केको जस्ता घटनाहरूले यी दुवै उपन्यासका औपन्यासिक परिवेश पहिलो र दोस्रो विश्वयुद्धका बिचको समयावधिलाई लिएर लेखिएको हो भन्ने कुरो स्पष्ट हुन्छ।

**जुनेली रेखा र सहारा** उपन्यासहरू आदर्शोन्मुख सामाजिक यथार्थवादी प्रवृत्तिका उपन्यास हुन। लेखक आफू तटस्थ रही समाजमा विद्यमान यथार्थ घटनाहरूको वस्तुपरक निरीक्षणद्वारा चित्रण गर्नुलाई सामाजिक यथार्थवाद भनिन्छ। यस किसिमको सामाजिक यथार्थवादी लेखनको थालनी वैज्ञानिक चेतनाको आधारमा फ्रान्सेली यथार्थवादको थालनीसँगै भएको हो। तर भारतीय साहित्यअन्तर्गतका साहित्यहरू बङ्गला, हिन्दी, नेपाली आदिमा आइपुग्दा यस किसिमको लेखनले आंशिक रूपमा आदर्शको पनि वरण गरेको छ। यसर्थ समाजमा स्थापित परम्परित आदर्शलाई स्विकार्दै सामाजिक बिषयवस्तुको चित्रण गर्ने परिपाटीमा आदर्शोन्मुख सामाजिक यथार्थवाद देखियो। यी उपन्यासहरूमा सामाजिक जीवनका आदर्श पक्षहरूलाई पनि अघि सारिएको छ जस्तै सत्यको जय र असत्यको पराजय देखाउनु तथा अनुकरणीय

चरित्रको सृजना गर्नु औपन्यासिक आदर्श हो। यस दृष्टिले समाजको वस्तुस्थिति जे जस्तो छ त्यसको चित्रण गर्नेक्रममा आदर्श समाज निर्माणको पनि कल्पना गरी लेख्ने काम यस किसिमको लेखनमा हुने हुँदा यस्तो लेखनमा आधारित **जुनेली रेखा र सहारा** उपन्यासहरूले आदर्शोन्मुख यथार्थवादी लेखनको रूपमा लिएको हो।

उपन्यासकार इन्द्र सुन्दास आफ्ना उपन्यासहरूमा सामाजिक वस्तुस्थितिको तटस्थ पर्यवेक्षक बनेका छन्। मूलतः उनी आफू बाँचेको समाजमा सामाजिक, सांस्कृतिक, ऐतिहासिक, आर्थिक एवम् भाषिक स्थितिसँग चिरपरिचित भएकाले पनि उनले समाजका विद्यमान यथार्थ घटनाहरूलाई नै औपन्यसिक बिपयवस्तु बनाउँछन्। उदाहरणार्थ **जुनेली रेखा** उपन्यासमा भारत स्वतन्त्र हुनु अघिको समयमा चियाकमानका अङ्ग्रेज मालिक तथा प्रबन्धकहरूको चियाबारीका श्रमिकहरूको सामाजिक अवस्थाप्रतिको उदासीनता, तिनीरूमाथि गरिने अन्याय, अत्याचार, शोषण, दमननीति हट्टाबाहिर गर्ने प्रथाजस्ता यथार्थ घटनाहरूको चित्रण भएको पाइन्छ।

यसै गरी **सहारा** उपन्यासमा पनि ब्रिटिश-भारतकालीन दार्जिलिङका साम्राज्यको चियाकमानका मानिसहरूका अशिक्षा, भोक, गरिबी, अभावग्रस्त अवस्था, अन्धविश्वास, परम्परा, रूढीवादी संस्कार, रीतिरिवाज र चिया कमानका मालिकवर्गबाट हुने अन्याय, अत्याचार र उत्पीडन आदिको चित्रणबाट चियाबारी समाजको निनमध्यम तथा निम्नवर्गका मानिसहरूको कष्टमय र सङ्घर्षपूर्ण जीवनलाई औपन्यासिक बिषयवस्तु बनाइएको छ। स-सानो कामकुरो बिगारेमा हट्टाबाहिर गर्नृ नीति, निरङ्कुश अङ्ग्रेज साहेबहरूको दमन नीतिमा चिया श्रमिकहरूको जीवन कष्टप्रद थियो। यसो हुँदा भाइमानजस्ता चियाकमानका मानिसहरू जीवन धान्नका लागि अन्य विकल्पको खोजमा सुरक्षित शहरतिर पलायन हुनु त्यस बेलाको यथार्थ थियो। यस्तै यथार्थ सामाजिक तथ्यहरूको आधारमा

**सहारा** उपन्यासको कथावस्तु संरचित छ। भारत स्वतन्त्र हुनुभन्दा अघिको दार्जिलिङका सेरोफेरोका चियाकमानका निम्नवृत्तीय नेपालीहरूको सङ्घर्षमय तथा कष्टप्रद जीवन कथा, तिनीहरूको सामाजिक, सांस्कृतिक, आर्थिक अवस्थाको चित्रणमा नै **सहारा** उपन्यास केन्द्रित छ।

अझ स्थानीय अथवा आञ्चलिक समाजका विद्यमान यथार्थ घटनाहरूलाई औपन्यासिक बिषयवस्तु बनाई उपन्यास लेख्नमा सफल देखिने उपन्यासकार इन्द्र सुन्दासका **जुनेली रेखा र सहारा** उपन्यासहरूमा आञ्चलिकताको छाप प्रसस्तै परेको हुनाले आञ्चलिकता पनि यी उपन्यासहरूको विशिष्टता हो। ऋतुअनुसारका मौसम, पानीझरी, हिउँद-बर्खाका दृश्यहरू, पहाड, पर्वत, वनपाखाका प्राकृतिक सौन्दर्यको वर्णनले स्थानीय रङ्ग भरेको छ भने स्थानीय जनबोलीको भाषाको प्रयोगबाट दार्जिलिङ शहर र त्यसका सेरोफेरोका चियाकमानहरूको चित्रणमा स्वभाविकता झल्किएको पाइन्छ।

यस प्रकार **जुनेली रेखा र सहारा** उपन्यासलाई ब्रिटिशकालीन दार्जिलिङका चियाकमानहरूमा विद्यमान घटनाहरूलाई लिएर लेखिएको ऐतिहासिक धरातलमा उभिएका आदर्शोन्मुख सामाजिक यथार्थवादी उपन्यास हुन् भन्न सकिन्छ।

# सन्दर्भसामग्री सूची

**(क) पुस्तक**

दाहाल, मोहन पी, (सन् २०११), **दार्जीलिङका नेपाली उपन्यास**, दार्जीलिङ : गामा प्रकाशन।

______________, (सन् २०११), **आधुनिक नेपाली उपन्यास**, दार्जीलिङ : गामा प्रकाशन।

नेपाली, के.बी, (सन् २०१०), **केही कवि साहित्यकारहरू र विविध लेखहरू**, लामडिंग (असम) : बिन्दु प्रेस।

प्रधान, प्रतापचन्द्र, (सन् १९८३), **नेपाली उपन्यास : परम्परा र पृष्ठभूमि**, दार्जिलिङ : दिपा प्रकाशन।

बराल, कृष्णहरि र एटन, नेत्र, (सन् २००९), **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, ललितपुर : साझा प्रकाशन।

राई, असीत, (सन् २००४), **भारतीय नेपाली साहित्यको इतिहास**, दार्जीलिङ : साझा पुस्तक प्रकाशन।

शर्मा, पुण्यप्रसाद, (सन् २००८), **प्रतिभा परिचय**, गान्तोक : जनपक्ष प्रकाशन।

सुन्दास, लक्खीदेवी, (सन् २००८), **समय र समीक्षणा** (समीक्षात्मक लेख सङ्ग्रह), दार्जीलिङ : सुन्दर परिवार।

सुवेदी, राजेन्द्र, (सन् २००७), **नेपाली उपन्यास परम्परा र प्रवृत्ति**, ललितपुर : साझा प्रकाशन।

क्षेत्री, उदय (सन् २०१७), **समाजशास्त्रीय दृष्टिमा इन्द्रबहादुर राईको आख्यान**, गान्तोक : शेरबहादुर सुवेदी।

**(ख) पत्रपत्रिका**

दाहाल, मोहन प्रसाद र छेत्री, शरद (सन् २००६), **स्थापना** (समसामयिक रचनाहरू), (भाग २), गान्तोक : शान्ति प्रकाशन, कार्कीढोली, वीरभद्र (प्र. सम्पा.), पृ. ८३-९२, ९३-१०४।

दर्जी, अमिर, (सन् २००९), **नेपाली अकादेमी जर्नल**, बर्ष ५ अङ्क ५, नेपाली विभाग, उत्तर बङ्ग विश्वविधालय, दाहाल, मोहन पी (सम्पा.), पृ.६७-७२ ।

वान्तवा, सुमन, (सन् २०१६), **अनुसन्धान** (शोधमूलक अर्द्धवार्षिक जर्नल) ,बर्ष १ अङ्क १, नेपाली विभाग, सिक्किम विश्वविद्यालय, लामा, कविता (सम्पा.), पृ. ।

**(ग) शोधप्रबन्ध**

पराजुली, पुस्कर, (सन् २०११), चियाकमानको जनजीवन सन्दर्भित दार्जिलिङका नेपाली उपन्यासहरूको समाजपरक अध्ययन र मूल्याङ्कन, उत्तरबङ्गाल विश्वविद्यालय कला, वाणिज्य र ऐन सङ्कायद्वारा स्वीकृत, नेपाल विभाग, उत्तरबङ्गाल विश्वविद्यालय।

राई, नीना, (सन् २०१४), इन्द्र सुन्दासको उपन्यासकारिता, त्रिभुवन विश्वविद्यालय नेपाली विभागद्वारा स्वीकृत। विद्यावारिधि शोधप्रबन्ध, किर्तिपुर : त्रिभुवन विश्वविद्यालय।

लामा, अनिता, (वि.सं. २०७०), इन्द्र सुन्दासको कथाकारिता, त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजक सङ्कायद्वारा स्वीकृत विद्यावारिधि शोध्रबन्ध, किर्तिपुर : त्रिभुवन विश्वविद्यालय।

**(घ) वेभ स्रोत**

https://www.scottbuzz.org, posted on may 25, 2017, **samajka arth, paribhasa, vishestaye, siddhantaye evam tatwa.**